# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विश्वकै एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । भौगोलिक रुपमा सानो देश भएता पनि प्राकृतिक र साँस्कृतिक विविधतामा धनी हुनु नेपालको विशेषता नै हो । चार जात छत्तिस बर्ण को साझा फुलबारी का रुपमा रहेको हाम्रो देश नेपालमा विभिन्न जात जातिहरु आ आफ्नो धर्म, सँस्कृति, परम्परा र रितिरिवाज मा रमाउदै एक आपसमा मिलेर बसिरहेका छन् । यिनै विभिन्न जात जातिहरु मध्ये हाल नेपालमा सुचिकृत ८१ वटा आदिवासी जनजाति समुदायहरु छन् । (स्रोत : जन गणना २०१२) यस सुचिकरण भित्रको आदि (मूल) वासी जनजातिहरु मध्येको नमासिने मतवाली समुहमा पर्ने एक प्रमुख आदि (मूल) वासी जनजाति गुरुङ्ग (तमु) समुदाय हो । यो समुदाय आफ्नै भाषा, धर्म र संस्कृति भित्र युगौं देखि रमाउँदै आएको मात्र होइनन् कि आफ्नो मौलिक पहिचानले मुलुक भित्र र बाहिर राम्ररी चिनिन र चिनाउन सफल पनि भएका छन् ।

गुरुङ्गहरु प्राचिन काल देखि नै अन्नपूर्ण मनास्लु तथा हिमचुली पहाडको दक्षिण भागमा बसोबास गर्दै आएका नेपालका पुराना वासिन्दाहरु हुन भने नेपालको ७५ जिल्लामा छरिएर रहेका गुरुङ्ग जाति विदेशमा समेत विशेष गरि हङ्गकङ्ग, वेलायत, अमेरिका, अष्ट्रेलिया लगायतका विभिन्न देशहरुमा बसोवास गर्दै आएका छन् । आफ्नो परम्परागत बसोबास स्थान देखि उत्तरतर्फका हिमाली जाति, दक्षिणका खस, पूर्वतर्फका तामाङ, पश्चिम उत्तरका थकाली र दक्षिण पश्चिमका मगर जस्ता सबै जातजातिसँग सधैं भरि राम्रो सामन्जस्यता र राम्रो पारस्परिक सम्बन्ध कायम राखेका गुरुङहरुको आफ्नै भाषा र संस्कृति भए तापनि समय र परिस्थिति अनुसार बाह्य सम्बन्ध र सम्पर्क कायम भै गुरुङ्ग (तमु) को भाषा, धर्म र संस्कृति प्रभावित हुँदै आएको छ ।

सामान्यतः भोट बर्मेली भाषा अन्तर्गत पर्ने गुरुङ्ग (तमु) भाषाको आफ्नो लिपी भने छैन । उनीहरु देवनागरिक लिपी प्रयोग गर्दछन् । रोधी, घाटु, हुरी, पर्म आदि जस्ता गुरुङ्ग (तमु) समुदायमा प्रचलित प्रणालीहरु अन्य जाति वा समुदायको भन्दा फरक र भिन्न पाइन्छ । यि गुरुङ्ग (तमु) समुदायमा प्रचलित सामाजिक प्रणालीहरु हुन । “हुरी” प्रणाली भन्नाले गुरुङ्ग (तमु) समुदायमा जो गरिब अथवा असहाय छन् उनीहरुलाई सहयोग स्वरुप गरिदिने सहयोग हो भने “पर्म” भन्नाले समुदाय भित्र गरिने सहयोग आदान प्रदान हो वा भनौं जस्तो प्रकारको सहयोग गरिएको हुन्छ, त्यसको सट्टामा अर्कोले पनि त्यस्तै

प्रकारको सहयोग नै गर्नु पर्ने हुन्छ । या पर्म उस्तै प्रकारको सहयोग वा काम द्वारा नै तिर्नु पर्दछ । यसमा एकले अर्कोको काम गरेर सघाँउछन् ।

"घाटु" नाच एउटा राजाको जीवनमा घटेको घटनाको इतिहाससँग सम्बन्धित छ भने "सोरठी" कृष्ण चरित्रसँग र "रोधी" गुरुङ्गयुवाहरुको समुहगत भेला हुने, सरसल्लाह गर्ने तथा मनोरन्जन गर्ने एउटा अनौठो संस्कार हो जुन लोप हुने क्रममा छन् ।

पाँचौ शताब्दी देखि नै विभिन्न विद्वानहरुले विभिन्न विधामा अध्ययन अनुसन्धान गर्दै आउनु भएको छ भने १८ औं शताब्दीमा आएर समाजशास्त्र र मानवशास्त्रको अध्ययन अनुसन्धानले तिव्रता पाएको पाइन्छ । त्यसैले १८ औं शताब्दीलाई Enlightment को युग भनिन्छ । नेपालमा भने आदिवासी सम्बन्धि पहिले देखि एकादुई अध्ययन भएता पनि सन् १९५० पछि मात्रै आदिवासी र आदिवासीको भाषा, धर्म, संस्कृति, आर्थिक अवस्था आदिको बारेमा तिव्र अध्ययन अनुसन्धान भएको पाइन्छ । यसै अवधिमा गुरुङ्ग सम्बन्धि धेरै अध्ययनकर्ताहरुले अनुसन्धान गर्नु भएको छ ।

"तमुहरु तिब्बतको सिमानामा पर्ने मनाङ जिल्लाको सबभन्दा उच्च भू-भाग "फू" गाँउका वासिन्दा हुन भन्ने एक थरीको भनाई छ ।"(निमा तमु) यस्तै "तमु केर्लो" का अनुसार तमुहरुको मुल थलो स फुँ ती क्ह्याल्सा थियो र नजिकैको पेन्चे नाम गरेको ठाँउमा तमु राजाको दरवार पनि थियो । उनीहरु शिकारी अवस्थामा रहेकाले विभिन्न ठाँउमा वस्ती बसाल्दै र छाड्दै गर्ने गरेकोले तमुहरुको स्थाई वसोवासको कुरा उठाँउदा मानिसहरु/पाठकहरु कहिले काँही अलमल पर्छन भन्दा फरक पर्दैन । उदाहरणका लागि जेठो भाई तिब्बतबाट टुँकर ट्हों बाट काङ्ग्री हुँदै मुस्ताङ पसे । माइला भाई केरुङ खोलावाट प्रवेश गरे भने कान्छा भाई ध्यार्जा (मुक्तिनाथ) बाट प्रवेश गरेको पाइन्छ । यस्तै तमुहरु कुनै वेला मनाङ जिल्लामा पर्ने "खुल्ली" भन्ने ठाँउमा बसोबास गरेका थिए ।(राम गुरुङ्ग) विभिन्न ठाँउबाट तमुहरु नेपाल प्रवेश गरेको तथ्यहरु बाहिर आएको पाइएको भएपनि प्रायः सबै तमुहरु क्होल सों प्रें ट्हो (क्होल सों थर) का पुराना वासिन्दा हुन् (तमु जातिको चिनारी)

मानिस जन्मेपछि मृत्यु तय छ । यो ध्रुवसत्य कुरा हो । त्यसकारण जीवन जन्म र मृत्यु बिचको यात्रा हो भन्दा अत्युक्ति नहोला । "मृत्यु एउटा सामाजिक र निरन्तर चलिरहने प्रक्रिया हो । यस प्रक्रियामा मृतकको आत्मा शरीरबाट निस्किएर उसको मृत पुर्खासम्म पुग्दछ । यस्तो अवस्थामा मृत व्यक्तिको आत्मा जीवित परिवार, नातेदार र समुदायसँग सम्पूर्ण रुपले अलग हुने गर्दछ ।" (सुब्बा, १९९५)

Claude (2012) ले मृत्युलाई जटिल एवम् रहस्यमय तत्वहरुको विलयको रुपमा लिएका छन् । उनले भनेका छन् “मानिसको मृत्यु सँगसँगै मानवीय क्रियाकलापको अन्त्य भएको बुझ्नु पर्दछ । त्यसपछि मानिसको आत्मा लामो दुरी तय गर्नका लागि प्रतिक्षा कक्षमा बस्दछ ।” उनले मानिस स्वर्गमा जाने अवस्थाको वर्णन गर्दै भनेका छन् “मानिस स्वर्गमा जानको लागि राम्रो काम गर्नुपर्दछ । खराब काम गर्ने र डरपोकको लागि पवित्र स्थान (स्वर्गमा) ठाँउ हुदैन ।” भन्दै जीवित रुपमा रहँदा राम्रो काम गर्ने र भगवानको आदेशको पालना गर्ने मानिसको मात्र पवित्र मृत्यु हुने तथा त्यस्तो मानिसले मृत्युपश्चात संसारिक दुःखवाट मुक्ति प्राप्त गर्दछ । जो अरुको भलाई गर्दछ  यसरी उनले पवित्र मृत्युका लागि जीवित रहँदा सबैको भलाई हुनेकार्य गर्न जोड दिएका छन् । मानव समाजमा जन्मे देखि मृत्यु पर्यन्त विभिन्न सँस्कारहरु सम्पन्न हुन्छन् । यस्ता सँस्कारहरुले सामाजिक सुव्यवस्था कायम गर्न महत्वपूर्ण भुमिका खेलिरहेका हुन्छन् । पृथ्वीमा कुनै पनि वस्तुको उत्पत्तिसँगै अन्त्यपनि हुन्छ । यो प्रकृतिको नियमले निर्माणसँगै विनास र जन्मसँगै मृत्यु पनि जोडिएको हुन्छ । यदि जन्म हुने तर मृत्यु नहुने भएको भए यो सृष्टि सुचारु रुपमा सञ्चालन हुन धेरै अवरोधहरु आउने कुरा निश्चित छ । “जन्मेपछि प्रकृतिले आफ्नै हिसाबले मानिसको अन्त्य विभिन्नकारण (बाढीपहिरो, प्राकृतिक प्रकोप, भोकमरि आदि) गरी सन्तुलन कायम गरिरहन्छ।” Malthus । त्यसैले जन्म र मृत्यु एकै सिक्काका दुई पाटा र समाजलाई सन्तुलित ढंगबाट संचालन गर्ने सामाजिक प्रक्रियाहरु हुन् । कुनै पनि मानिस जो केही समय अगाडि आफुसँगै रहेको थियो, मृत्युपश्चात सदाको लागि विदा दिनु असह्य, अस्वाभाविक, असहज र अविश्वास गरी तत्काल मानिस मानसिक रुपमा असहमत हुन्छ । त्यसैले यस्ता विछोडलाई सहज बनाउन मृतक प्रति श्रदा प्रकट गर्नका लागि मृत्यु सम्बन्धी र मृत्यु पश्चात थप विभिन्न किसिमका सँस्कारहरुको थालनी भयो ।

यस्ता मृत्यु सँस्कारहरुमा धार्मिक प्रभाव अत्यधिक रहनु स्वभाविक रहन्छ । यस्ता सँस्कारहरुको उद्देश्य जीवनलाई स्वभाविक परिमार्जन गर्ने, शुरु गर्ने, पवित्र पार्ने र जीवन जीउन सरल बनाउने हो । आज विद्यमान सँस्कारहरु एकैचोटी निर्माण भएका होइनन् र सबै सँस्कारहरु निरन्तर र दुरुस्तै सञ्चालन नभई समय अनुसार परिमार्जन र परिष्कृत हुँदै आज सम्म संचालनमा रहेका छन् । मानिसहरुका आवश्यकता पुरा गर्ने सवालहरुमा विभिन्न सँस्कारहरुको थालनी भएको हो । त्यसैगरी विभिन्न जातजातिले आफ्ना सँस्कार, संस्कृतिहरु धार्मिक मान्यता र आस्था अनुसार सम्पन्न गर्ने गर्दछन् । गुरुङ्ग

हरुले पनि आफ्नो सँस्कार, संस्कृति साथै मृत्यु सँस्कारलाई आफ्नै विधि अनुसार तिब्बतीय संस्कृतिको अवलम्बन गर्दै सम्पन्न गर्दछन् ।

गुरुङ्ग जाति प्राचिनकालमा विभिन्न समयमा नेपालको उत्तरीभागको विभिन्न स्थानबाट नेपालमा प्रवेश गरेको पाइन्छ । उनीहरुको आफ्नै सँस्कृति, रहनसहन र मुल्य मान्यता छ । नेपालको कुल जनसंख्यामा लगभग ३% हिस्सा ओगटेको गुरुङ्ग जातिमा विभिन्न किसिमका आफ्नै रितिरिवाजहरु छन् । जन्मेदेखि मृत्यु सम्म गरिने यस्ता रितिरिवाज हरुमा न्वारन, छैटि, पास्नी, पुटपुटे, छेवर, अर्घु इत्यादि छन् जसमध्ये मैले अन्त्येष्टि क्रिया र अर्घु वा मानिसको मृत्यु पश्चात उसको सम्झनामा अन्तिम पटक गरिने सँस्कारको अध्ययन गरेको छु । गुरुङ्ग जातिमा सबै सँस्कारहरु उत्तिकै महत्वपूर्ण र अर्थपूर्ण छन् तापनि अन्तिम सँस्कारका क्रियाकलापहरु को महत्व र आवश्यकता विशेष मानिन्छ ।

यदि गुरुङ्ग समुदायभित्र को कसैको घरमा मृत्यु भएको छ भने आफ्नो तेह्रदिने भाइखलक, नातागोता देखि लिएर छिमेकी सम्मको सहयोग पाउँछन् । गुरुङ्ग जातिमा एक भनाई छ “गुरुङ्गका विवाह वा अन्य सँस्कारमा भन्दा मृत्युसँस्कार (अर्घु) महत्व र चाखलाग्दो हुन्छ ।” तर विभिन्न कारणले गर्दा गुरुङ्ग (तमु) सँस्कृति परिमार्जन र परिवर्तन भएको पाइन्छ । यसरी सँस्कृति परिमार्जन र परिवर्तन हुदाँ केही कुरा नराम्रा पनि छन् भने केही कुराले विगतका विकृतिहरुलाई पन्छाइ नयाँ मोड लिएको पाइन्छ ।

अर्घु (पय) गुरुङ्ग जातिको लागि महत्वपूर्ण रिति हो र हरेक गुरुङ्गले आत्मा देखि नै अपनाउने गर्दछन् । जव मानिसको मृत्यु हुन्छ उसको लासलाई जलाउँछन् । मृत्य भएको दिनबाट तिन दिनमा सिमेकय् ( मृतकको आत्मा लाई खाना) दिने गरिन्छ । त्यस दिनमा अर्घु गर्ने या नगर्ने बारे थाहा दिइन्छ । सामान्यतया मानिस मरेको एघारौं दिनमा शुरु गरि तेह्रौ दिनमा सिध्याउने प्रचलन भएतापनि कुनै गुरुङ्ग समुदायमा भने अन्त्येष्टि लगत्तै घाटबाट नै अर्घु शुरु गर्ने, कहि सातौ दिनमा शुरु गर्ने तथा समय अनुकुल पारी केहि दिन, महिना या बर्ष पछि उपयुक्त दिन हेराइ शुरु गर्ने प्रचलन पाइन्छ । यस अर्घु ( पय) सम्पन्न गर्न गुरुङ्ग जातिमा विभिन्न पुरोहित हरु हुन्छन । जसमा आफ्नो कुल अथवा आ-आफ्नो पुर्खाले अपनाए अनुसार केहीले लामा पुजारी राख्छन केही क्ह्याप्री, पज्यु र कोही गुरुङ्गहरुले ब्राह्मण समेत प्रयोग गरेको भेटिन्छ । यसरी अर्घु कार्यमा विभिन्न स्थान अनुसार विविधता र पुरोहित अनुसार विधिमा पनि विविधता भेटिन्छ ।

## १.२ समस्याको कथन

आदिबासी जनजाती मध्येका गुरुङ्ग मतवाली नमासिने समुहमा पर्ने एक प्रमुख जाति हो । तिव्वतीयन संस्कृतिको अवलम्बन गर्ने अन्नपूर्ण हिमशृङ्खलाको वरिपरि मुख्य बसोबास भएता पनि देशको विभिन्न भागमा छरिएर रहेका गुरुङ्ग जातिहरुको बोन धर्म र बौद्ध धर्म प्रमुख धर्म मानिन्छ । गुरुङ्ग जातिको मृत्युसँस्कार अन्य जातिको भन्दा फरक छ भने आफै भित्र पनि विविधता पाउन सकिन्छ । संसारमा भएको परिवर्तन सँगै गुरुङ्गहरुको परम्परागत संस्कृति र संस्कारमा पनि विस्तारै प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट परिवर्तन आइरहेको छ । अध्ययनको क्रममा गुरुङ्ग जातिहरुको रहनसहन, भेषभुषा, धर्म, पेशा, व्यवसाय, चाडपर्व र संस्कारहरुको सामान्य अध्ययन पनि गरिएको छ ।

साथै अर्घुमा आएको परिवर्तन र विविधता पनि प्रस्तुत गरिएको छ । समयको गतिशिलता र परिवर्तन सँगै विकास भएको शिक्षा, प्रविधिको विकास, व्यापार प्रक्रिया, रोजगारीको खोजी, विश्वव्यापीकरण, बैदेशिक रोजगारी, आवधिक बसाईसराई, पर्यटन विकास जस्ता कारणले गर्दा गुरुङ्ग जातिहरुको जीवनशैलीमा पनि विस्तारै परिवर्तन आउन थालेको छ । जसले गर्दा उनीहरुको मुल्य मान्यता, रितिरिवाज र संस्कारहरुमा पनि परिवर्तन आइरहेको छ । जसको प्रभाव अर्घुमा पनि परिरहेको छ । त्यसैले यो अध्ययन (शोधकार्य) ले गुरुङ्गहरुको अर्घु सम्बन्धमा बुझ्नलाई निम्न प्रश्नहरु उठान गरिएको छ ।

१) गुरुङ्ग जातिहरुको अर्घु प्रतिको बुझाई के छ ?

२) गुरुङ्ग जातिको अर्घु गर्ने तरिकामा कुनै परिवर्तन आएको छ वा छैन ?

३) गुरुङ्ग जातिको अर्घु (पय) किन र कस्तो विविधता रहेको छ ?

निर्माण सँगै विनास र जन्मसँगै मृत्यु पनि जोडिएको हुन्छ । जन्म र मृत्यु एकै सिक्काको दुई पाटाहरु हुन् जसले प्राणीजगत र समाजमा सन्तुलनको काम गर्दछन् । यदि जन्म हुने तर मृत्यु नहुने भएको भए यो सृष्टि सुचारु सुसंचालन हुन धेरै अवरोधहरु आउने कुरा निश्चित थियो र संसारको रुपरेखा नै बदलिन्थ्यो । मृत्यु देखि मानिस लगायत जीवजन्तु किराफट्याङ्ग्रा केही पनि अछुत छैन । खाली मृत्युको तरिका मात्र फरक फरक हुन्छ जस्तै कोही रोगबाट, कोही दुर्घटनाबाट, कोही बाढी पहिरोबाट आदि आदि । कुनै मानिस जो केही समय अगाडि आफुसँग रहेको थियो केही कारणवश उसको भौतिक शरिर मात्र बाँकी रहन्छ, उसले पहिलेको जस्तो क्रियाकलापहरु गर्दैन, उससँग उसको साँसले साथ छोडेको हुन्छ, त्यसलाई मृत्यु भनिन्छ । मृत्युपश्चात सदाको लागि विदा दिनु असहज, असह्य र मृत्यु अकस्मात

अविश्वसनिय जस्तो हुने हुँदा तत्काल मानसिक रुपमा मानिस असहमत हुन्छ । त्यसैले यस्ता विछोडलाई स्वभाविक, सहज र सामान्य बनाउन तथा मृतक प्रति श्रद्धा प्रकट गर्नका लागि मृत्यु सम्बन्धि थप विभिन्न किसीमका संस्कारहरु जन्म भएको मान्न सकिन्छ । प्राचीनकालमा जव मानिस घुमन्ते युग छाडेर समुहमा बस्ने, समुहको नेतृत्व र संरक्षण गर्ने चेतनाको विकास भयो त्यहि समय देखि नै अरु संस्कारहरुको साथ साथै मृत्यु संस्कारलाई पनि एउटा औपचारिक रुप दिदै आएको देखिन्छ । यस्ता सँस्कारहरुको अर्थ जीवनलाई स्वभाविक बनाउने, परिमार्जन गर्ने, पवित्र पार्ने र जीवन अर्को तरिकाले जीउन सरल बनाउने प्रक्रिया हो । आज विद्यमान संस्कारहरु एकैचोटी विकास भएका चाँहि होइनन् र सबै संस्कारहरु निरन्तर दुरुस्तै संचालन नभई समयक्रम अनुसार परिमार्जन र परिष्कृत हुँदै संचालनमा रहेका छन् । मानिसहरुको आवश्यकता र चाहना पुरा गर्न संस्कारहरु जन्म भएको हो । त्यसै गरी संसारका विभिन्न राष्ट्रमा रहेका जाति तथा जनजाति समुदायहरु आफ्नो मृत्यु संस्कार आ-आफ्ना धार्मिक मान्यता र आस्था अनुसार आफ्नै भिन्न भिन्न तरिकाबाट सम्पन्न गराउँछन् । नेपालको सन्दर्भमा सुचिकृत आदिवासी जनजाति अन्तरगत पर्ने साँस्कृतिक परम्पराहरुका धनी गुरुङ्ग जातिको पनि आफ्नो भिन्न मृत्यु संस्कार रहेको पाइन्छ ।

मंगोलियन र तिब्बतियन संस्कारसँग मेल खाने गुरुङ्ग जाति आदिकालमा नेपालको उत्तरी भेगका विभिन्न ठाँउबाट नेपाल भित्रिएका कुरा विभिन्न विद्धानहरुले गरेका छन् । क्हलो सोथर मूल स्थान भएको गुरुङ्ग (तमु) हरु त्यस पछि कास्की, लमजुङ्ग, तनँहु, स्याङ्जा, पर्वत लगायत देशको विभिन्न भू भागमा छरिएर रहेका छन् भने रोजगारीको शिलशिलामा र केही आफ्नो आवश्यकता अनुसार विदेशिने गरेको पनि पाइन्छ ।

मूल पेशा कृषि र पशुपालन भएता पनि क्रमिक रुपमा लाहुरे हुने र देशको राजनैतिक र प्रशासनिक काममा पनि गुरुङ्गहरु संलग्न भएको पाइन्छ । गुरुङ (तमु) जातिको हरेक संस्कारहरु आत्मा देखि गरिने र सबै संस्कारहरु भिन्न र मौलिक छन् । तर मैले अहिले गुरुङ्ग (तमु) हरुले गर्ने मृत्यु संस्कारको बारेमा मात्र केन्द्रित रहि अध्ययन गरेको छु ।

परिवारको कुनै सदस्यको मृत्युले परिवार आफन्त र समाजमा अस्वभाविक त्रास र चिन्ताको वातावरण सिर्जना गरिदिन्छ । साथै मृत्युले परिवार नाताकुटुम्बलाई अपवित्र तुल्याउने विश्वास पनि गरिन्छ । त्यसैले प्रायः सबै धर्मावलम्बीहरुमा अन्त्येष्टि संस्कार धार्मिक विधिविधान पुरा गरी सतर्कताका साथ सम्पन्न गर्ने गरिन्छ । यो संस्कार सम्पन्न गर्नका लागि मानिसहरुको दुई प्रमुख उद्देश्य हुने गरेको

पाइन्छ । पहिलो उद्देश्य मृत्युले परिवार नाताकुटुम्ब सबैमा अशुद्ध हुने हुनाले त्यसलाई विधिवत शुद्धिकरण गर्ने र दोस्रो उद्देश्य मृतकलाई स्वर्ग प्राप्तीमा वाधा नपरोस्, मोक्ष मिलोस् र उसको आत्माले शान्ति पाओस् भन्ने कामना गर्नु रहेको पाइन्छ । हाम्रो समाजमा सबै जाति समुदायले आफ्नै प्रकारको विधिले यो संस्कार सम्पन्न गर्ने गरिन्छ । हालको परिप्रेक्षमा हरेक संस्कारको अर्थ र उत्पत्ति भएको एउटा कथन हुन्छ । "अर्घु" को पनि ऐतिहासिक पृष्ठभूमि छ । गुरुङ्ग(तमु) हरुका पुरेत पच्यु क्ह्याप्रीको वेद(शास्त्र) मा उल्लेख भए अनुसार सृष्टिकालमा आकाशमा पानी, हावा, कुहिरो, आगो, फलाम उत्पन्न भई उक्त पाँचवस्तुको एक अर्कोको प्रतिक्रियाबाट एउटा सुन्दर माटोको डल्लो उत्पन्न भयो । उक्त माटोको डल्लो  गह्रुँगो हुँदा क्रोनासा हुदै संगोती क्ह्याल्साको प्लीप्लीङ्यो भन्ने ठाँउमा खसेर फुट्यो । उक्त माटोको डल्लो भित्रबाट ३ जना मानिस का रुपमा जिवीत प्राणीहरु उत्पन्न भए । ती ३ प्राणीहरु मध्ये १) करगली क्ह्याला २) आपा क्हार्वु क्ल्हे ३) स्यामा क्होलु पज्यु थिए । ती तीनैजना सत्य काम गर्ने, सत्य वोल्ने, स्वच्छ विचार राख्ने, अति ज्ञानी, अति दुरदर्शी र परमेश्वर रुपका महाज्ञानी महापुरुषहरु थिए । ती ३ महाज्ञानीहरु मध्ये करगली क्ह्याला  (क्रोरो, सिरो, सरो) पृथ्वी पाताल, आकाश, चन्द्रमा, तारा तथा सूर्य ग्रहमा समेत गई बस्न सक्ने क्षमता भएको महापुरुष हुनुहुन्थ्यो । करगली क्ह्यालाले क्रोरो न्होंग्रु नाये फे (मा) सँग विवाह गरे । वहाँहरुको कोखवाट कर्जे क्ह्याला नाम गरेको छोराको जन्म भयो । उनले कर्जे क्ह्यालालाई सगोंती क्ह्याल्साको राजा बनाए । एक दिन करगली क्ह्यालाले आफ्नो छोरा कर्जे क्ह्यालालाई सुनको बाकसमा संरक्षणको लागि राखी आफ्नो सुसार गर्ने महिला नालज्योंरीयेफे भन्ने महिलालाई जिम्मा लगाई सम्झाइबुझाई गरेर आफू सृष्टि रचाउन लागे ।

करगली क्ह्यालाले ओपामा (गुफा) बसी सृष्टिको अध्ययन गरे । सर्वप्रथम उनले (बै मा) वावा, आमा, आकाश, पाताल, दिन, रात आदि छुट्याउने प्रयास गरे । करगली क्ह्याला आफू कसरी जन्मियो भनी अध्ययन गरे । आकाशमा माटोको डल्लोभित्र जीवित प्राणीको विजारोपण भएर पृथ्वीमा जन्म भएको कुरा थाहा पाएपछि आकाशलाई बाबु मानी पिताजी भनी प्रणाम गरे र पृथ्वीलाई माता (आमा) भनी प्रणाम गरे । यसरी उनी माता, पिता आकाश र पाताल छुट्टयाउन सफल भए । करगली क्ह्याला एक दैवी शक्तियुक्त (परमेश्वर) व्यक्तित्व भएको हुनाले यिनले पृथ्वीको साथसाथै पृथ्वीमा बस्ने अन्य प्राणी तथा बस्तुहरुको समेत रचना गरे । पृथ्वीको रचना पछि आफ्नो श्रीमती क्रोंरो न्होंग्रु नायेफेलाई लिएर दिन र रात छुटाउनको लागि आकाशमा गए । दिन रात छुटाउनको लागि नौ चन्द्र, नौ सूर्यको सृष्टि

गराए । नौ सूर्य र नौ चन्द्रमाले साह्रै उज्यालो बनायो । उज्यालो हुँदा दिन मात्र पाइयो तर रात पाउन सकिएन । चन्द्र सूर्यको ज्योतीले गर्दा प्रचण्ड ताप बढी ढुङ्गा माटो गल्नुका साथै पृथ्वीमा उत्पन्न भएका सम्पूर्ण प्राणीहरु भकाभक मर्न थाले । करगली क्ह्यालाको छोरा कर्जे क्ह्यालाको पनि नौ सुर्य नौ चन्द्रमाको प्रचण्ड तापले गर्दा मृत्यु भयो । कर्जे क्ह्यालाको मृत्यु भएको खवर दिन नालज्यों रीयफेले हरियो माखा(झिंगा) रचना गरी करगली क्ह्याला समक्ष पठाए । उहाँलाई विश्वास लागेन त्यस पछि नालज्यों रीयफेले फेरी कालो काग त्यसपछि जटायु(थोनद्रो क्रौं) पठाए । जटायुले निकै ढिपी गरेपछि उसलाई "मेरो छोरा मरेको भए सिनोको गन्ध र नमरेको भए नमरेको गन्ध लिएर आऊ" भनी आदेश दिए । जटायुले दुवै गन्ध लिएर जाँदा करगली क्ह्यालालाई छोरा मरेको र नमरेको छुट्टाउन गाह्रो पऱ्यो । अब करगली क्ह्यालालाई शंका लागेकोले करगली क्ह्यालाले आखत (म्हुतु) हेरे र सपना पनि नराम्रो देखेकोले उनी श्रीमतीसँग गाँउमा (खाल्टे हुईं स्योंमा) फर्किए । घरमा आएपछि नालज्यो रियेफेले सबै वृतान्त वताएपछि करगली क्ह्यालालाई चित्त बुझेन ।

उनीले "मैले आफैले रचेको घाम जुनले आफ्नै छोरा मार्न सक्दैन, तिम्रै षडयन्त्रबाट मेरो छोरा मरेको हुनपर्छ" भनी दोष लगाए र नालज्यों रियेफेले "कर्जे क्ह्यालालाई मैले मारेको भए उज्यालो हुन नपाओस् राति हुन पनि नपाओस्" भनी कसम खाइन ।

नालज्यो रियेफेले यसरी कसम खाएपछि करगली क्ह्यालाले भन्नुभयो "कसरी मैले रचना गरेको नौ चन्द्र र नौ सुर्यको प्रचण्ड तापले मेरो छोरा मरेको हो ? यदि हो भने, यो नौ सूर्य र नौ चन्द्रमालाई राहुला भन्ने दैत्य(राहुलाये चैं) ले खाओस्" भनी श्राप दिए । यसरी राहुला दैत्यले नौ सूर्य र नौ चन्द्रमा सर्लक्क निलिदिँदा पुरा संसार नै अध्यारो भयो ।

करगली क्ह्याला शोकमा बसेको बेला छोराको हंश (आत्मा) द्धारा आवाज (न्हाकोवा) आयो "बुवा मेरो अर्घु गरिदिनु (बैं ङे पय लमिनो)। मेरो नाममा अर्घु नगरेमा म स्वर्ग (इचैदेवा चैंगी सिङा) जान सक्दिन ।" यस्तो सुनेपछि उनले छोराको अर्घु गर्नको लागि सबै सँग बसी छलफल गरे । छलफल अनुसार बेलुकाबाट अर्घु शुरु गरी विहान सूर्योदय पछि अर्घु फाल्ने (पै लिवा) निर्णय भयो । सोही दिन निर्णय अनुसार अर्घु (पय्) थालियो । तर उनको आफ्नै श्रापले गर्दा उज्यालो हुन सकेन यसरी उज्यालो नभएपछि उनले ध्यान (त्हज्यु) गरेर हेर्दा नौ सुर्य र नौ चन्द्रमा राहुला (राहुलाये चैं) भने दैंत्यको पेटमा देखे । यसो गर्दा गर्दै अर्घु (पय) शुरु गरेको पनि १२ दिन पुगिसेकेको थियो । यसरी १२ दिनसम्म अर्घु

भएकोले त्यसलाई प्रथम महायज्ञ (पै) भनियो । त्यस समय देखि मृतक मानिसको किरीया छोराले १२ दिनसम्म गर्नुपर्ने प्रचलन चलनचल्तीमा आएको छ ।

यसरी लामो समय सम्म उज्यालो हुन नसके पछि चन्द्र सुर्य नभएको विश्वास भयो र उनले घोषणा गरे "एक चन्द्रमा र एक सूर्य(लाँ घ्रि ङ्हि घ्रि) उदाउने गराउन कसले सक्छ ?" कागले बतायो "ओ क्ह्याला, करगली क्ह्याला तल क्रौं भन्ने जग्गामा खर्क त्होये च्हे भन्ने नाम गरेको त्हें पज्यु छ उसले सक्छ ।" त्यसपछि करगली क्ह्यालाले हरियो (पिवैं तप्रो च्ह्या) माखा (झिंगा) रची क्रों भन्ने ठाँउबाट त्हें पज्युलाई बोलाई ल्याउने आदेश दिए । आदेश अनुसार माखाले पज्युलाई लिएर आयो । त्हें पज्यु आउना साथ उनले सोधे "ए खर्क त्होये च्हे, तिमीले एक चन्द्र एक सूर्य उदाउने गराउन सक्छौ ?" पज्युले पनि उनले भनेको सामान जुटाउन सके चन्द्रसूर्य उदाउने गर्न सकिने कुरा व्यक्त गरे । शास्त्रमा त्हें पज्युले पुजा गर्दा के कसरी गरे भनेर यसरी प्रस्तुत गरिएको छ । "ओलैं बरको ट्होले टहोदेगै, ओलैं चोला ट्होले ट्होदेगै, औलैं मजिको ट्होले ट्होदेगै, सिन्क फ्हले चोले चोदेगै, च्योंठी सुँ ख्युँइले ख्युँईदेगै, भिसी कैरों होंइसी तेन्ज्यो तेन्ज्यो तदिलो, पेरो होंइसी फेन्ज्यो फेन्ज्यो तदिलो, क्योरो होंइसी पोटो पोटो तदिलो" अर्थात मेरो रातो पछ्यौरा फाटे फाटोस्, रातो चोलो फाटे फाटोस्, रातो फरिया च्यातिए च्यातोस्, सिन्का खुट्टा भाँचिए भाँचियोस्, ढाँड वाङ्गिए वाङ्गियोस् भन्दै गाउदै नाचेपछि महायज्ञमा भएका सम्पूर्ण प्राणीहरु लगायत राहुलादैत्य पनि खित्का छोडदै हा हा हा गर्दै हाँसेपछि त्यसको मुखबाट एक सूर्य र एक चन्द्रमा बाहिर निस्कियो र यसरी १२ दिनसम्मको अन्धकार पछि १३ वौं दिनमा उज्यालो भयो । त्हें पज्यु नामक चराबाट राहुला दैत्यको मुखबाट चन्द्रमा र सुर्य निकालिएको यस लाई दोश्रो महायज्ञ भनिन्छ ।

यस पछि अर्घुमा खटिएकाहरुले अर्घु फाल्ने (पय लिवा) काम शुरु गरे । रितपूर्वक अर्घु फाल्ने (पय लिवा) विधि गरेपछि बल्ल करगलीको छोरा स्वर्ग जाने बाटो खुल्ला भयो । यसपछि गुरुङ्गहरुमा अर्घु गर्ने परम्परा निरन्तर चल्दै आएको भन्ने भनाइ छ ।

यस कथन अनुसार गुरुङ्ग जातिमा गरिने अर्घु (पय) शुरुवात भएको भन्ने चलन पाइन्छ र अर्घुमा गरिने पाइने विविधतामा पनि विभिन्न किसिमको कथन छन् । दल बहादुर ल्हेगैं तमु का अनुसार तमु केवै ताँ भन्ने पुस्तकमा सात वटा अर्घु (पय) भएको कथन छ ।

१) पलाँहुरु क्हृयालाको अर्घु (पय) ङ्हि पला (दोस्रो युग):

पलाँहुरु क्ह्र्याला पुल (चाँ) तर्दा पुल भाँच्चिई नदीमा डुवी मृत्यु भयो । उनको अर्घु गर्नु परेको भनी सर्सोली फेले त्हुर्जे कुए म्होलाई नदीमा ह्वि (हड्डी) खोज्न पठाए । म्हो (ज्वाँई) ले नदीमा ख्वाँ (पासो) थाप्यो । हाड भेटियो त्यही हड्डीलाई पुजी स्वागत साथ घरमा ल्याएर जग्गेमा राखी रीतिथिती अनुसार वेद विधि आदि गरी ह्वि पय (हड्डीको अर्घु) गऱ्यो । यो ह्वि पय एक दिन एक रातमा फाली दोस्रो दिनमा शुद्धि गरिन्छ । अहिले पनि यो अर्घु चलन चल्तीमा रहेको पाइन्छ ।

२. सों पलारवै ताँ (तेस्रो युगको कुरा)

पुतुवै क्ह्याला आफ्नो दुई छोरा छोरीको मृत्यु भएपछि घरमा बस्न उराठ लागेर लेकको ओडारमा गई बास बसेको थियो । एक दिन राती घनघोर पानी परी ठूलो पहिरो आएर उनको ओडारमै पुरिएर मृत्यु भयो । ९/१० महिनापछि (कुला, च्युला) त्यहाँको बासिन्दाले थाहा पाई हेर्न जाँदा पुतुवै क्ह्यलाको शरिरबाट विभिन्न किसिमका बोटविरुवाहरु (जडीवुटी) उम्रेको देखे । उनको अर्घुमा त्यही विरुवा उखेली त्यसबाट पुतुवै क्ह्यालाको प्ल्ह (मुर्ति) बनाई प्ल्ह पुजा गरी अर्घु (पय) गरे । एकदिन एकरातमा नै प्ल्ह पय (मूर्ति पुजा) गरी अर्घु फालियो र दोस्रो दिनमा शुद्धिकरण गरियो ।

३) च्ह्यु पय क्होंला चुं युवै ता

क्होंला सोंथर गाँउको राजा क्ह्याल्बो खम्पाको द्धारे चिमी हुँइडोको मृत्यु भयो आस्यों विना गरेको अर्घु( पय) भएको हुँदा उनी नर्क गएको थाहा पाए पछि फेरी पाँच जना पज्यु चिवा वोलाएर तिन राते अर्घु( पय) गराएको ।

४. प्ल्हेंहरुको कुकुरको अर्घु (खि पय)

क्होलाको तिन दाजुभाईले शिकारी वा गुणी कुकुर पालेका थिए । एक दिन शिकार खेल्न जाँदा कुकुरको मृत्यु भएको भेटिएपछि उनीहरुले कुकुरको अर्घु गरिदिने निर्णय गरे । पग्रलु, पच्यु र उरग्यनी प्ह्रैवो बोलाई अर्घु एकै रातमा समाप्त गरे त्यसैकारण यसलाई एकराते अर्घु भनिन्छ । पछि राजाले कुकुरको अर्घु (पय) हुदैन मान्छेको मात्र हुन्छ भनेपछि बाबु आमा को अर्घु गर्न थाले ।

५. बाटोको अर्घु (क्याँ पय) :

नाम थाहा नभएको मावली थाहा नभएको बेपत्ता भएको मृतक मानिसहरु जसलाई पितृको ज्ञान छैन धन नभएको मरेपछि काजकृया नभएको व्यक्तिको नाउँमा चौबाटोमा गई एउटा यज्ञ गराईन्छ । उक्त यज्ञमा वेदविधि (पे लसी) पुजा पाठ गरी भेँडा, साँड र भैँडी गरी पुजा गरी मनाएर छाड्छन् । यो ६ देखि ८ घण्टा भन्दा बढी गरिदैन ।

हाल सम्म गुरुङ्ग समाजमा यहि ६ किसिमका अर्घुहरु (पय) गरेको कुरा शास्त्र (पे) बाट जानकारी हुनुको साथसाथै चलनचल्तीमा समेत देखिन्छ ।

**वोन परम्परा अनुसार तमुहरुको मृत्यु संस्कार :**

अन्य परम्परामा झैं तमु गुरुङ्गको बोन परम्परा अनुसारको मृत्यु संस्कारको कर्मकाण्ड दुई चरणमा गरिन्छ ।

१) मृतकको भौतिक शरिर विसर्जन गर्नुलाई र्‍हो वाबा भनिन्छ ।

२) मृतकको आत्मा विसर्जन गर्ने कार्य गरिन्छ त्यसलाई पय वा अर्घु भन्छन् ।

**पहिलो भौतिक शरिर विसर्जन विधि :**

१. टाउको फर्काउने(क्र तोव )

२. म्हने पढने (म्ह्ने ट्होँव)

३. मावली कपडा (आस्यो कौँई)

४. बाटो देखाउने (क्याँ तोव)

५. धनुषवाण हान्ने (म्हे ल्हिव)

६. शवयात्रा

७. दाहसंस्कार

८) सान्त्वना दिन बस्ने (त्हुरा टिव)

९) मृतकको आत्मालाई खाना दिने (सिमे कय)

१०) अर्घु को लागि दिन हेराउने

११) अर्घुको पूर्वतयारी तथा सामग्री सङ्कलन गर्ने

१२) अर्घुको तयारी

१३) भुत प्रेत पन्छाउने पुजा (म्होंर्सि गर्ने)

**दोस्रो आत्मा विसर्जन गर्ने अथवा अर्घु (पय) गर्ने**

**पहिलो दिनः**

१) मावली खाना(सोनाच्यु) ल्याउने

२) अर्घु(पय) झण्डा बनाउने (पय ल्हा)

३)छोरीहरुले क्र स गर्ने

४) मृतकलाई अर्घु गरेको सन्देश दिने

५) प्व क्य वितरण

**दोस्रो दिन :**

१) मृतकको प्रतिक (प्ल्ह)बनाउने

२) अस्तु लिन जाने (ह्वि तेव)

३) मृतकको स्मरण गाथा (छ्याँटु नाच)

४) सातो बोलाउने (प्ल्ह हुइव)

**तेस्रो दिन :**

१ गाँउलेलाई भात खुवाँउने (ट्हो कय पिंवा)

२) मृतकको वर्णन गर्दै नाच्ने (सेर्गा)

३) ग्हो म्लेव

४) प्रसाद खुवाउने (सै कोव)

५) अर्घु सेलाउने (पय लिवा)

६) चोखाउने (स्याई स्याई लव)

**लामा बौद्ध धर्म अनुसारको मृत्यु संस्कार :**

लामा बौद्धधर्मको दार्शनिक सिद्धान्त अनुसार मानिसको भौतिक शरीरको मृत्यु भए तापनि उसको सुक्ष्म शरीरको भने मृत्यु भएको हुदैन । भौतिक शरीर भनेको हाड, मासु र रगतबाट बनेको शरीर हो भने सुक्ष्म शरीर भनेको त्यस भौतिक शरीर भित्रको चेतना हो ।

**१) मृतकको शव सेलाउदा गरिने संस्कारहरु**

क. फोवा गर्ने

ख. वाधा अड्चन हटाउने (प्ल्ह धुर)

ग. शुद्धिकरण गर्ने (स्हुर डोय)

घ. सेमटल मनलाई संसारिक मोहबाट छुट्याउने (प्हर्दो थेडल)

ङ. भ्फिनसेक गर्नु

**२) मृतकको मृत्यु भएको तीन दिनपछि गरिने संस्कार**

क. स्याक्सुम

ख. ज्याङ्पर गर्ने

ग. त्हुनटा (सप्ताह)

घ. सिप्च्यु सिर्कु गर्ने

(हेमा थकाली)

**गुरुङ्ग जातिको अर्घु(पय) विधि**

**तीन राते अर्घु**

**पहिलो दिन :**

पय चुवा (अर्घु थाल्ने)

आस्योँहरुले सोनाच्यु ल्याउने

अलाँ (झण्डा) बनाउने

अलाँ बनाँउदा छोरीहरुले क स गर्ने

मृतकलाई उसको अर्घु(पय) को जानकारी गराउने

लामाले जीखुवा गर्ने

पज्यु (झाँक्रीले) सिउरी थिवा गर्ने

क्ह्याप्रि (लेव्री) ले गे केवा गर्ने

पज्युले टंकी बजाउने र छोराले फोल फाल्ने र प्यकै दिने

आस्यो पुरोहित र झन्डा वालाको वास र खानाको व्यवस्था गर्ने

**दोस्रो दिन :**

प्ल्ह बनाउने

ह्नि तेव गर्ने

छ्याटु सेव (नाच्ने)

प्ल्ह हुइवा (सातो वोलाउने)

**तेस्रो दिन** :

ट्हो कय पिवा

सेर्गा नाच्ने

गोब्रिवा र गो ल्मेवा

ल्पैँ ऋपा

पय लिवा अर्घु सेलाउने

स्याई स्याई (चोख्याउने)

मेजर दिपक बहादुर गुरुङ्ग

अर्घु (पय) दुई किसिमका हुन्छन् ।

१) **न्हो पय** : मृतकको भौतिक शरीरलाई सद्गत गरेकै दिन देखि शुरु गरिने

२) **च्ह्यु पय** : मृत्यु भएको केही दिन, महिना वा बर्ष पछि गरिने पय । पय जति दिनको अन्तरालमा शुरु गरिएता पनि पय गर्ने विधिविधान मुल रुपमा एकै प्रकारका हुन्छन् । (नारायण ल्हैंगे गुरुङ्ग)

यस अध्ययन अनुसार बोन धर्म अनुसार पज्यु क्ह्याप्री द्धारा गरिने अर्घु मा खासै परिवर्तन र परिमार्जन नभएको तर बौद्ध धर्म अनुसार गरिने अर्घु(पय) मा समय र स्थान अनुसार विधि र प्रचलनमा व्यापक फरकपन भेटियो ।

प्रारम्भिक धर्म संस्कृतिको अवधारणा अनुसार मृतकको मृत्यु पछि आफन्तजनहरुले उचित मृत्यु संस्कार गरेनन् भने मृतकको आत्मा असन्तुष्ट भई दुषित आत्माहरुसँग मिलेर वासस्थानको वातावरण खलवल्याइने गर्नाले जनधन, पशुपन्छी लगायत गाँउघरलाई पनि असर पार्न सक्ने हुनाले र मृतकलाई पनि स्वर्ग वास होस् भन्ने हेतुले मृतकको आत्मालाई रिझाउन उचित विधि विधान अनुसार कार्य सम्पन्न गराएर स्वर्गीय पितृहरुसँग लीन गराउनको लागि आध्यात्मिक अवधारणाले पय गर्ने परम्पराको थालनी भएको पाइन्छ । यस अवधारणा अभिप्रेरित भएर स्वजनहरुले मृतकलाई पितृलोकमा लीन

गराउने सामाजिक तथा वंशीय दायित्वका लागि अर्घु(पय) गर्ने गरिन्छ । अर्घु(पय) को सुक्ष्म रुपले अवलोकन तथा विश्लेषण गर्दा पुरोहितहरुले विभिन्न विधिविधानबाट मृतकको आत्मालाई अन्माउदै, फकाउँदै उनीहरुको बाटोमा आएको विघ्नवाधा पन्छाई स्वर्गमा वास गराइन्छ ।

अर्घु(पय) एउटा गुरुङ्ग (तमु) हरुको महत्वपूर्ण संस्कार हो र यो संस्कार हरेक गुरुङ्गहरुले हृदय देखि नै आत्मसात गर्दै अनुशरण गर्दै आएको छ ।

मानिस सामाजिक प्राणी हो । त्यसैले यो अर्घु(पय) गर्दा सामाजिक पक्ष लगायत यसमा धार्मिक र आर्थिक पक्षको पनि महत्वपूर्ण भूमिका हुन्छ । त्यसै अनुसार गुरुङ्गहरु आफ्नो धर्म गुरु द्वारा विधि अनुसार अर्घु(पय) गराउछन् ।

मैले अनुसन्धान गरे अनुसार र उपलब्ध पुस्तकहरु अध्ययन गरे अनुसार गुरुङ्गहरुको मुल धर्म वोन धर्म हो भन्ने पाइयो । वोनधर्मको इतिहास खोज्दै जाँदा धेरैजसो दस्तावेजहरुमा तिब्बतमा बुद्धधर्म पूर्व मान्ने गरेको धर्म भनेका छन् । त्यसैगरी बोनधर्ममा इतिहासहरु प्रायः मध्यकालिन तिब्बती बौद्ध विद्धानहरुले लेखेको हुनाले यस धर्मको बारेमा त्यति गहिराईमा पुग्न नसकेको अभिव्यक्तिहरु विभिन्न महानुभावहरुले व्यक्त गरेको पाइन्छ । वोनधर्मको प्रारम्भिक चरण प्राग ऐतिहासिक कालमा शुरुवात भएको थियो । मानिसले त्यसवेला धर्मको रुपमा भन्दा पनि आफ्नो वरिपरिको वस्तु जनबाट वातावरणिय सन्तुलन कायम गरी जीवनलाई सहज र अनुकुल वातावरण सृजना गर्नका लागि विभिन्न संस्कृतिको जीववादी स्वरुपमा विकास भएको पाइन्छ । सोहि अनुसार गुरुङ्ग हरुको संस्कारहरुको पनि विकास भएको हुनुपर्दछ । जस्तै : उदाहरणको लागि डाँडामा देउराली पुजा, भिरमा भयर पुजा, नाग पुजा, बारीमा गरिने हरेलो पुजा, गोठमा गरिने गैडु पुजा आदि यसका उदाहरण हुन् ।

करिब छब्बीस शताब्दी पूर्व इतिहासका लागि एक महान व्यक्तिको जन्म भयो जसको नाम थियो सिद्धार्थ गौतम बुद्ध । उहाँले ज्ञान प्राप्त गरि संसारभरि फैलाउनु भयो भने बुद्धधर्मको व्यापक प्रचार प्रसार पाँचौ शताब्दीतिर राजा थो-थो रील पहिलो पटक सुरुवात गरेको मानिन्छ । सातौ शताब्दीमा सम्राट स्रोङचङ गम्पोले र उनका दुई रानी नेपाली राजकुमारी भृकुटी र चिनियाँ राजकुमारी वेन च्याङको माध्यमबाट बुद्धधर्म प्रचार पुनः शुरुवात भएको थियो भने नेपालमा वि.सं. २०१६ सालमा तिब्बत चीनको स्वशासित क्षेत्र भएपछि तिब्बतीहरु नेपाल र भारतका विभिन्न स्थानमा शरणार्थी भएर बसोवास गरेपछि लामा विद्या सिक्ने सिकाउने तथा तिब्बती लामाहरुनै पुरोहित काम गर्ने गरेपछि बुद्धधर्मको प्रभाव तीव्र रुपमा गुरुङ्ग समुदायमा बढ्दै गएको पाइन्छ ।

यसरी गुरुङ्ग समुदायमा प्रमुख धर्म बोन र पछि समय अनुसार चलन चल्तीमा बौद्धधर्मको ठूलो प्रभाव परेको देखिन्छ ।

गुरुङहरुको अर्घु(पय) पुरोहितहरु पज्यु, क्ह्याप्री, वोन लामा, लामा कहि नगन्य रुपमा हिन्दु व्राम्हण द्धारा पनि गरिएको भेटिन्छ ।

पज्यु क्ह्याप्रीले तिनराते अर्घु(पय) मात्र गर्दछन् भने लामा+पज्यु, लामा+लामाले एक राते तिनराते दुवै गर्ने गर्छन । लामाहरुद्धारा गरिने अर्घु(पय) गर्ने विधि शेर्पा तामाङहरु सँग मिल्दो जुल्दो देखिन्छ । समाज एउटा जालो हो यस जालोबाट कुनै पनि समुदाय अलग रहन सकेको छैन । त्यसैले अर्घु गर्दा पनि आर्थिक सहयोग स्वरुप दाहसंस्कार मा दाउरा उठाउने देखि लिएर अर्घु(पय)मा माना चामल उठाउने साथै भाइखलकमा पैसा उठाउने देखि लिएर स्याई स्याई र भेटी लेख्नु, मैतालु गर्नु यो एउटा अर्घु (पय) भित्रको विधि हो जसले मृत्यु भएको घरमा केही आर्थिक सहयोग होस् भन्ने हेतुले यस्तो चलन चल्ती रहेको देखिन्छ । विगत केही वर्ष यता भने यस्ता चलनचल्ती हरुमा आडम्वरको होडबाजी बढ्दै जादाँ विकृति भएको समेत पाइएको छ ।

## सैद्धान्तिक दृष्टिकोण

### १) प्रकार्यवाद

कुनै पनि बस्तुहरुको इतिहास जानेर बुझेर मात्र त्यस बस्तुको कार्य विधि बारेमा बुझ्न सकिदैन भन्ने मान्यता त्यस बस्तुको कार्यविधि बुझ्नका लागि त्यस बस्तुको संरचनाहरु एक आपसमा मिलेर कसरी कार्य गर्दछन् भन्ने कुरा बुझ्नुपर्दछ ।

संरचनामा प्रकार्यवादले समाजलाई मानिसको शरिर सँग तुलना गर्दछन् । जसरी शरिरमा टाउको, आँखा, नाक, मुख, शरीर, हात, खुट्टा मिलेर एउटा पूर्ण शरीर बन्दछ त्यसरी नै समाजव्यवस्थाका अङ्गहरु मुल्य मान्यता, परम्परा, प्रथा, धर्म, राजनीति, अर्थव्यवस्था, परिवार आदिले आ-आफ्नो ठाँउमा बसी निश्चित प्रकारको कार्य गरिहेका हुन्छन् । परिणाम स्वरुप समाज व्यवस्थित र निरन्तर रुपमा चलिरहेका हुन्छन् । Emile Durkheim, Coser Radelffe Brown आदिले प्रकार्यवादको बारेमा स्पष्ट पारेको छन् ।

यसरी नै गुरुङ्ग जातिहरुमा गरिने अर्घु(पय)मा पनि यो सिद्धान्त लागु हुन्छ । यहाँ पनि कर्ता, मावली, भाइखलक, नातेदार, छिमेकी, ज्वाई छोरी नभई हुदैन । यिनीहरु एक आपसमा परिपुरक छन् । जस्तो

उदाहरणको लागि मृतकका आफ्नो छोरी ज्वाई छैनन्, आस्यो छैनन् भने कार्य सम्पन्न गर्नका लागि आफ्नो थर अनुसारको मिल्दो छोरी ज्वाई या वैनी ज्वाई बनाइन्छ र कार्य सम्पन्न गराइन्छ ।

**२) प्रसारवाद**

सामान्यतया कुनै पनि भौतिक वा प्राकृतिक सामाजिक वा संस्कृतिको कुनै पनि वस्तु निश्चित ठाँउमा उत्पत्ति भएर त्यसठाँउबाट अन्य श्रोतसम्म पुग्दछ वा फैलन्छ वा प्रसार हुन्छ भने त्यसलाई प्रसारवाद भनिन्छ ।

प्रसारवाद भनेको के हो भन्ने सम्बन्धमा विभिन्न विद्धानहरुको आ-आफ्नो परिभाषा दिएका छन् । यस सिद्धान्तको प्रमुख मान्यता भनेको नै सबै मानवको सृजना गर्ने क्षमता हुँदैन त्यस्तै गरी सबै स्थानमा संस्कृतिको उत्पत्ति हुन सक्दैन त्यसको लागि निश्चित स्थान आवश्यक हुन्छ र त्यही स्थानमा उत्पत्ति भएको संस्कृति विभिन्न माध्यमबाट अन्त सर्दै फैलदै जान्छ । यही फैलाउदै जाने प्रक्रिया नै प्रसारवाद हो । गुरुङ्ग समाजमा पनि यही प्रक्रिया अनुसार विभिन्न कालमा र स्थानमा गुरुङ्गहरुको धर्म र संस्कृति उत्पत्ति भइ सबैतिर अनुसरण गर्दै आएको देखिन्छ । प्रसारवादका अनुसार कुनैपनि संस्कारहरु फैलन वा आत्मासात गर्नका लागि मानिसलाई Push Factor र Pull Factor ले असर गरिरहेको हुन्छ । त्यसैले समय अनुसार मानिसहरु आफ्नो सुरक्षा, रोजगारी, शिक्षा, सुविधाको लागि गुरुङ्गहरु पनि तिब्बत क्होलानास, तनहुँ, कास्की, लम्जुङ र देश विदेशमा विभिन्न स्थानमा फैलिएको छ ।

गुरुङ्गहरु प्राचिनकालमा प्रकृति पुजक हुन जसले आफ्नो वरिपरि वातावरण जीवजन्तु हरुलाई आफ्नो समुदायको रक्षाको लागि पुजा गर्दथे भने विस्तारै प्रकृति पुजासँग मिल्ने वोन धर्म गुरुङ्गहरुको धर्म भयो भने पछिल्लो समयमा आएर गुरुङ्ग धर्ममा बौद्ध धर्मको वाहुल्यता रहेको पाइन्छ ।

**३) वर्गसङ्घर्षको सिद्धान्त**

Karl Marx, Hegel को द्धन्दात्मक विकासबाद बाट अत्यन्तै प्रभावित भएका थिए । पछि Marx ले Hegel को सिद्धान्तलाई स्वीकार गरेनन् । उनका अनुसार संसारको वास्तविक आधार भनेको भौतिक बस्तुहरु माटो, ढुङ्गा, पहाड आदि हुन् । उनले काल्पनिक होइन भौतिकबादी सिद्धान्तमा जोड दिएका छन् । Marx का अनुसार प्रत्येक युगमा परम्परा विरोधी दुई बर्ग हुन्छन् । सङ्घर्ष हुदा समाज परिवर्तन हुन्छ अर्थात वर्ग संघर्षको धारणाले नै समाज परिवर्तन हुन्छ । Conflict Theory को जन्मदाता Karl Marx हुन् ।

यसै गरेर गुरुङ्ग (तमु) जातिमा पनि यी दुई बर्गको संघर्ष विद्यमान छ । वर्गको आधारमा चार जात र सोह्र जात, धर्मको आधारमा बोनधर्म प्रमुख धर्म र नयाँ बुद्ध धर्म, चाडपर्वमा पनि केही दशै तिहार गुरुङ्ग जातिको संस्कारमा पर्दैन भनेर भन्ने गर्छन् र उनीहरु दशै मनाउन छाडिसके भने केही गुरुङ्गहरु परापूर्वकालदेखि हाम्रो पुर्खाले गर्दै आएको दशैं छोड्नु हुदैन र यो पनि हाम्रो संस्कार भित्र पर्दछ भनेका छन् । अर्घुको विषयमा पनि यस्ता विवादहरु आउने गर्छन । कोही पुरोहितहरु बौद्ध धर्म काटमारको विरोधी हो । त्यसैले मृतकलाई भार पुऱ्याउन हुँदैन त्यसैले काटमार गर्नुहुँदैन भन्छन भने केही पुरोहितहरु हाम्रो शास्त्र र वेदमा लेखेको अनुसार परापूर्व काल देखि चलिआएको हाम्रो संस्कार छोड्न हुँदैन भन्ने मान्यता राख्छन् । पछिल्लो सन्ततिलाई यसको जवाफ दिन सक्नुपर्छ । अनि मासु अरुले मारेको खान हुने तर आफैले काट्न नहुने त्यो पनि त पाप हो आदि यस्तो अन्तरद्धन्दात्मक भनाई र मान्यताहरु पनि गुरुङ्गहरुमा व्याप्त छन् ।

त्यसैले अर्घु(पय) मा वोनधर्मावलम्बी पज्यु, क्ल्याप्रीले मारकाट गर्दछन् भने लामा पुरोहित जो बुद्धधर्म अवलम्वन गरेको मानिन्छ उनीहरुले अर्घु(पय) गराउदा मारकाट गर्दैनन् । यसरी अर्घु(पय) मा पनि समय अनुसार अन्तर संघर्ष र परिवर्तन भैरहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययनका आ-आफ्नै निर्दिष्ट उद्देश्यहरु रहेका हुन्छन् । यस अध्ययनमा गुरुङ्ग जातिमा गरिने मृत्युसंस्कार जसलाई अर्घु (पय) भनिन्छ, जुनकार्य मृतात्माको चिरशान्तीका लागि उनीहरु स्वर्गमा बास होस् भन्ने उद्देश्यले उनीहरुको सम्झनामा गरिन्छ, त्यस अर्घु (पय) को विस्तृत अध्ययन गरी त्यहाँको सत्यतथ्य जानकारी लिइने भएकाले सो उद्देश्य पुरा गर्ने निम्न लिखित विशिष्ट उद्देश्यहरुको निर्धारण गरिएको थियो ।

१) गुरुङ्ग जातिको अर्घु (पय) सम्बन्धी विविधताका बारेमा अध्ययन गर्ने ।

२) गुरुङ्ग जातिको अर्घु (पय) गर्ने पद्धति र त्यसमा आएको परिवर्तनको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

सुचिकृत ८१ आदिवासी जनजाति मध्ये नमासिने मतवाली समुहमा पर्ने गुरुङ्ग जातिको उद्गमस्थल बारे विभिन्न स्वदेशी र विदेशी विद्धानहरुले अध्ययन गरेको पाइन्छ । प्रा.डा. जगमान गुरुङ्गका अनुसार गुरुङ्ग खासगरी अन्नपूर्ण हिमशृङखलाको दक्षिणी काँठका मुल बासिन्दाहरु हुन् । जुन बेलामा सक्योजि (धर्तीको सृष्टि भयो) मुक्योजि (आकाशको सृष्टिभयो ) त्यही बेलाा सईतोजी (धर्तीले

थापेर) भुई उजी (आकाशले छोपेर), निहि क्येजि(मानिसको सृष्टि भयो) त्यस अवसरमा गण्डकी प्रदेशको अन्नपूर्ण हिमशृङखलामा सृष्टि भएका धर्तीपुत्रहरु र कालान्तरमा कैलाश मानसरोबरबाट सबुतोहयात्स ( जुम्लोको सिंजा), डोल्पाको थेबेक्दे (तिबृकोट), मुस्ताङको ठिविक्ध्याल्य र मनाङको कोल हुँदै साविक लमजुङ र हाल कास्कीको क्होल सोप्रेट्हो आइपुगेका यी दुई समुदायको समन्वयबाट वर्तमान गुरुङ्ग समाजको सृजना भएको छ ।

यसरी अन्नपूर्ण हिमशृङखला र कालीगण्डकीको छेउछाउ र देशको विभिन्न भागमा बसोबास गर्ने गुरुङ जाति विभिन्न सामाजिक र सांस्कृतिक रुपमा धनी हुन् । यो अध्ययनमा तिनै गुरुङ्गहरुले कसरी आफ्ना संस्कारहरुहरुलाई संचालन गर्दछन् भन्ने बारेमा उल्लेख गरिएको छ । यो अध्ययनमा गुरुङ्ग जातिको अर्घु(पय)को बारेमा मात्रै नभएर त्यसको पद्धति र विविधताको बारेमा उल्लेख गरिएको छ । जसले गर्दा गुरुङ्ग जातिलाई आफ्नो मौलिक र परम्परागत संस्कृतिहरु प्रति सचेत हुन सहयोग पुऱ्याउने छ । गुरुङ्ग जातिहरुको अर्घु (पय) सँग सम्बन्धित पक्षको जानकारी पाउन खोज्ने इच्छुक व्यक्ति तथा संस्थाहरुलाई समेत या शोधपत्रको सहयोग पुऱ्याउने छ भने अहिले सम्म मैले जाने बुझे अनुसार अर्घु (पय) बारेमा मात्र अध्ययन वा किताब भेटिएको छैन तर संक्षिप्त रुपमा भने बेला बखत विभिन्न व्यक्तिहरुले लेखेको भेटिन्छ ।

यो शोधपत्रमा अर्घुमा (पय) वा मृत्यु संस्कारमा भएको व्यवहारिक, आर्थिक पक्षको पनि विश्लेषण गरिने छ । यो शोध पत्रले नेपालको समाजशास्त्रीय अध्यययनमा एउटा सानो अध्याय थपिने छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि जातिको संस्कृति र संस्कारको विषयमा व्यापक अध्ययन गर्नलाई लामो समयको आवश्यकता पर्दछ । तर समय अभाव तथा आर्थिक स्रोतको सिमिततालाई ध्यानमा राखी अध्ययनलाई व्यापक रुपमा नलिई गुरुङ्ग जातिको बाहुल्य क्षेत्र गण्डकी अञ्चल अन्तर्गतका विभिन्न तिन जिल्लाहरु स्याङ्जाको फेदीखोला, कुविन्डे, कास्कीको लेखनाथ, मौजलीटोल र तनहुको कोत्रेबजारको सानो क्षेत्रमा रहेका गुरुङ्ग जातिहरुलाई मात्र लिइएकोले सोही क्षेत्रमा रहेका गुरुङ्ग जातिहरुको सामान्य परिचय, संस्कृति र विशेष गरी अर्घु (पय) बारेमा उल्लेख गरिएको छ । यस अध्ययन क्षेत्रका गुरुङ्गहरुको परम्परागत अर्घु (पय) कार्य परम्परादेखि हाल सम्म गरिदै आएको कार्यहरुको बारेमा अध्ययन गरिएको छ जुन अन्य क्षेत्रका केही गुरुङ्गहरुसँग मेल नखान पनि सक्दछ । अध्ययन गुरुङ्ग जातिको मृत्युसंस्कार

अथवा अर्घु (पय) गर्ने पद्धतिमा आधारित भएर गरिएको छ । साथै अध्ययन वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

**१.६ अध्ययनको संगठन**

अध्ययनलाई सजिलोसँग बुझ्नको लागि विभिन्न अध्यायमा विभाजन गरिएको छ । ति अध्यायहरुमा निम्न अनुसार विषयवस्तुहरु संगठित गरिएको छ ।

अध्याय एकमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा तथा अध्ययनको संगठनलाई समायोजन गरिएको छ ।

अध्याय दुईमा परिचय, सैद्धान्तिक दृष्टिकोण, अध्ययन सँग सम्बन्धित विभिन्न साहित्य तथा कृतिहरुको पुनरावलोकन गरिएको छ ।

अध्याय तीनमा अध्ययनको सिलसीलामा प्रयोग गरिने विभिन्न अनुसन्धान विधि र तथ्याङ्क संकलनका विधिहरु उल्लेख गरिएको छ ।

अध्याय चारमा उपलब्ध तत्थ्यांकहरुको तालिका र विश्लेषण प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा गुरुङ्गजातिहरुको भाषा, भेषभुषा, गरगहना, चाडपर्व, पेशा, व्यवसाय, धर्म खानपिन तथा संस्कारहरुको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ ।

अध्याय छ मा अध्ययन क्षेत्रमा रहेका गुरुङ्गजातिहरुको अर्घु (पय) मृत्युभएपछि घाटमा लगेको बेला देखि अर्घु (पय) सम्पन्न गर्दा सम्म गरिने विभिन्न संस्थागत चरणहरुको बारेमा विस्तृत व्याख्या गरिएको छ । सोही अध्यायमा मृत्यु संस्कारमा आवश्यक पर्ने खाद्यपदार्थहरु, गर्न हुने तथा नहुने कार्यहरु, एकल वा सामुहिक रुपमा गरिने अर्घु (पय) कार्यहरु, आफन्तद्धारा अर्घु (पय) समयमा ल्याउने वस्तुहरु र अर्घु(पय) मा देखिएका परिवर्तन र विविधताका बारेमा उल्लेख गरिएको छ ।

अन्तिम अध्याय सातमा अध्ययनको साराशं निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सान्दर्भिक कृतिहरुको समीक्षा

नेपालमा समाजशास्त्रीय अध्ययन र अनुसन्धान गर्नका लागि निकै सम्भावनाका विषयहरु देखिन्छन् । तर पनि नेपाली समाजको अध्ययन त्यति पुरानो देखिदैन । वि.स. २००७ सालभन्दा अगाडि सिमित व्रिटिश दुत तथा कुटनितिज्ञहरुले नेपालका बारेमा केही किताबहरु प्रकाशित गरेका थिए । २००७ सालपछि राणा शासनको अन्त्यसँगै नेपालमा समाजशास्त्रीय अध्ययनको सुरुवात भएको पाइन्छ । सिमित मात्रामा भएपनि स्वदेशी तथा विदेशी समाजशास्त्रीय मानवशास्त्रीयहरुले खोजमुलक कार्यहरु गरेको पाइन्छ । गोपालसिंह नेपाली (१९६५) द्धारा कीर्तिपरको पाँगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक सांस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरी प्रकाशित कृति नेपाली समाजशास्त्रीय अध्ययनको कोशेढुङ्गाको रुपमा स्थापित भएको छ । २०४६ सालको खुल्ला प्रजातान्त्रीक परिवेशपछि मात्र नेपालमा प्रशस्त समाजशास्त्रीय अध्ययनहरु हुन थालेका छन् । नेपालका आदिवासीको रुपमा सुचीकृत गुरुङ्गजातिको संस्कार संस्कृतिसम्बन्धी सन्दर्भ साहित्यको समीक्षा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

“धार्मिक सिद्धान्त अनुसार आत्माको स्थानान्तरणलाई मृत्यु भनिन्छ । मानिसको मृत्यु पश्चात उसका आत्मा यमलोकमा जान्छ । यसराजले व्यक्तिले पृथ्वीमा गरेका कार्यको आधारमा पापी वा धर्मात्मा भनि निर्धारण गर्न र सोही आधारमा पापीलाई दण्ड दिने गर्दछन् । मानिसको पुनर्जन्ममा पनि उसको कार्यहरुल भूमिका खेल्छन् ।” (नेपाली १९६५)

हिन्दुहरुको मृत्यु संस्कारमा मृत्यु हुन लागेको मानिसलाई गरिने क्रियाकलाप र दाहसंस्कार हुनुभन्दा अगाडि गरिने कार्यहरु दाहसंस्कारको कार्य तथा समस्त १३ दिनसम्म गरिने कार्यको बारेमा गरिने कार्यको बारेमा गरुढ पुराण (२०५८) को दशौं अध्यायमा विस्तृत व्याख्या गरिएको छ  जस अनुसार जब मानिस मृत्युको मुखमा पुग्दछ । तब बैतरणी नदी पार गर्न सजिलो होस् भन्नका लागि गाई दान गर्नुपर्दछ । त्यसपछि मर्न लागेको मानिसलाई तुलसीको नजिकै गोबरले मण्डप बनाई त्यसमा तिल छर्केर कुश विच्छाई सेतो आसनमा शालिग्रामको शिला थापना पटि पवित्र पारिएको भूमिमा मर्नको लागि आतुर मानिसलाई सुताउनु पर्दछ । त्यहाँ ब्रहम, विष्णु र शंकर तथा अग्नि यी सबै देवता मण्डलमा आई बस्दछन् भन्ने विश्वास गरिन्छ । त्यसपछि आतुर व्यक्तिको मुखमा पंचरत्न र सुवर्ण हालिदिनु अनि शालिग्राम स्वरुप विष्णुको चरणामृत ख्वाइदिनु जो एक थोपा मात्र शालीग्रामको जल

खान्छ त्यो सबै पापबाट मुक्त भई बैकुण्ठ लोकमा जान्छ । गरुढ पुराणमा अगाडि भनिएको छ पुण्यात्माहरुको प्राण मुख, नाक, कान र नेत्र यिनै सात द्वारबाट निस्कन्छ । योगीहरुको प्राण तालु-रुन्द्रबाट निस्कन्छ । जब गुदाको अपान र हृदयको प्राण यी दुबै छुटिन्छन् तब आत्मा सुक्ष्म रुपमा मिसिएका शरिररुप पुतलाबाट निस्कन्छ । त्यसपछि ईश्वर स्वरुप वायु निस्कनासाथ कालले ग्रसित भएको त्यो शरिर निराधार भएर बृक्ष ढलेझैं ढल्दछ ।

मृत व्यक्तिलाई त्यसपछि गरिने कार्यहरुमा गरुढ पुराणमा अगाडि भनिएको छ । पुत्रले कपाल मुण्डन गरी बान्धवहरु सहित धौत वस्त्र लगाउनु पर्दछ । तुरुन्त शुद्ध जल ल्याई शब -मृतक) लाई स्नान गराओस् गोपिचन्दन, माला तथा गंगाको माटाले सिंगारोस् । त्यसपछि नयाँ लगाले ढाकेर अपसब्य भई नाम र गोत्रको उच्चारण गर्दै दक्षिणा सहित संकल्प गरेर पिण्ड देओस् । मृत्युस्थानमा शब नामले तथा द्वार देशमा पान्थ नामले पिण्ड देओस् त्यसपछि घरका बधु आदिले शबको पुजा र प्रदक्षिणा गरुन् अन्य वान्धवहरुका साथ पुत्रले शबलाई काधमा उठाओस् । श्मशानको आधा बाटोमा पुगेपछि सफा गरेको भूमिमा शबर्लाा राखेर स्नान गराई (जल छर्केर) भुत नामक पिण्ड प्रेतलाई देओस् । त्यसपछि श्मशानमा लगेर उत्तरतिर शीर पारेर राखोस् । त्यहाँ देश दाहको निम्ति स्थलको शुद्धी गरोस् । त्यसपछि अग्नि स्थापना र अग्निको पुजा विधिपूर्वक गरी चन्दन, तुलसी, पलास तथा पिपलको दाउराले त्यहाँ चिता बनाओस् । त्यसपछि मुर्दालाई चितामा राखेर एक पिण्ड र मुर्दाको हातमा अर्को पिण्ड यसरी दुई पिण्ड त्यहाँ प्रेतको नामले देओस् । यसरी पाँच पिण्ड दिइसकेपछि चितामा आगो बालोस् । यसरी लासको दाहसंस्कार सम्पन्न गरिने कुरा गरुढ पुराणमा गरिएको छ ।

त्यसपछि हरेक १३ दिन सम्म गरिने कार्यमा गरुण पुराण (२०५८) को एघारौ अध्याय अनुसार मृत व्यक्तिको पुत्रले विधिविधानपूर्वक एक छाक खाई छुट्टै बसी कसैसँग नछोइकन मृतात्माको स्वर्गस्थान प्राप्तीको लागि आवश्यक कार्यहरु सम्पन्न गरिन्छ । प्रत्येक दिन दशौं दिनसम्म प्रेत नामक पिण्ड दिने गरिन्छ । एघारौं दिनको दिन पिण्डको अलावा गाई दान र मृत व्यक्तिलाई मन पर्ने बस्तुहरु चढाउने र शैया दान दिने बाह्रौ दिनका दिन विधिपूर्वक सपिण्डिकरण गर्ने जसले गर्दा मृतात्मले मुक्तिपाउन सक्दछ । सुतक समाप्त भएपछि ब्राह्मण भोजन, शैया, दान र पद दान पनि गरोस् । यसरी मृतात्माको शान्तिको लागि विधिपूर्वक र निष्ठापूर्वक सबै कार्य सम्पन्न गरेमा मृत व्यक्तिहरु स्वर्गमा पुगी सुखसाथ बस्ने कुरा गरुढ पुराणमा उल्लेख गरिएको छ ।

(Jennep, 1959) ले धेरै अवस्थाहरुमध्ये मृत्यु एउटा अवस्था हो जुन समयमा व्यक्ति एक अवस्थाबाट अर्को अवथामा परिवर्तन हुन्छ । यो प्रक्रियालाई औपचारिक सार्वजनिक रुपमा मृत्युसंस्कारबाट प्रस्तुत गरिन्छ । उनका अनुसार हरेक मृत्यु संस्कारमा तीन प्रकारका अवस्था हुन्छन् ।

### १. **Separation**

मृत्युसंस्कारको पहिलो चरणमा मृत व्यक्तिलाई मृतकका परिवार आफन्तजन तथा यस संसारबाट छुट्याउने कार्य हुन्छ ।

### २. **Intermediate**

मृत्युसंस्कारको यो दोस्रो चरणमा मृतकलाई यस संसार र आफ्ना आफन्तजनबाट छुट्याएर पनि उसको पुनर्जन्म भएको हुदैन । मृतकलाई उसका पितृहरुसँग पनि मिलाइएको हुँदैन । यसलाई मृत्यु संस्कारको मध्यम अवस्थाको रुपमा लिइन्छ ।

### ३. **Assimilation**

यो मृत्युसंस्कारको अन्तिम चरण हो भन्ने कुरा जेनिपले उल्लेख गरेका छन् । उनका अनुसार मृत्युले कुनै पनि समुदायको बैचारिक अवस्थालाई प्रस्तुत गर्दछ । संस्कारको अन्तिममा मृतकलाई पुनर्जन्म वा पितृहरुसँग मिलाइन्छ  र मृतकका परिवारलाई पुनः प्रवेश गराइन्छ । यसरी सामाजिक व्यवस्थालाई सन्तुलित गराइन्छ । यसरी जेनिपले आफ्नो अध्ययनका क्रममा मृत्युसंस्कारलाई समाजमा सन्तुलन ल्याउने सामाजिक कार्यको रुपमा व्याख्या गरेका छन् ।

समाजमा गरिने सामाजिक क्रियाकलापले उक्त समुदायको बैचारिक अवस्थालाई प्रस्तुत गर्ने कुरामा जोड दिदै Akbarr S. Ahmed (1985) "Death in Islam: The Hawkes Bay Case मा मृत्यु र सामाजिक बैचारिक अवस्थालाई प्रस्तुत गरेका छन् । यो निष्कर्षलाई पुष्टि गर्नका लागि उनी सिया र सुन्नी मुस्लिम समुदायको उदाहरणलाई प्रस्तुत गरेका छन् । उनले सिया र सुन्नी समुदायमा रहेका परम्परा विरोधाभाषपूर्ण कुरालाई उल्लेख गर्दै भनेका छन् । 'सिया मुस्लिम समुदायमा आफ्नो शरीर अल्लाह सामु अर्पण गर्नुलाई परम कर्तव्य ठानिन्छ । तर सुन्नी समुदायमा स्वइच्छाले आफ्नो शरीर बच्चाहरुलाई अर्पण गर्नूलाई आत्महत्याको रुपमा हेरिन्छ ।

यसरी एउटै धर्ममा विश्वास राख्ने धार्मिक समुदाय सिया र सुन्नी समुदायमा रहेको बैचारिक अवस्था फरक भेटाएका छन् । सुन्नी समुदायमा आत्महत्या गर्नु अल्लाह अथवा कुरानको विरुद्धमा जानु भन्ने बुझिन्छ र सियामा यसको ठीक विपरित मान्यता भेटिन्छ । यसकारण मृत्युलाई आ-आफ्नो समुदायको बैचारिक अवस्थाले समाज सन्तुलित रहन ठूलो मद्दत पुऱ्याउने कुरा प्रस्तुत गरेका छन् ।

(विष्ट,२०६४) ने हिन्दू धर्ममा विश्वास गर्ने नेपालका अधिकांश मानिसहरु गंगाजीको किनारमा खास गरी काशीमा मरेमा स्वर्ग पुगिने विश्वास गर्दछन् भन्दै अगाडि भनेका छन् 'स्वर्ग जाने विश्वासमा मानिसहरु बुढेसकालमा काशीवास गर्न जाने गर्दछन् । त्यति गर्न नसक्नेहरु मरेपछि नदी किनारमा लगेर पोलिन्छन् र उनको खरानी बगेर गंगाजीमा पुगोस भन्ने आशा राख्दछन् । मानिस मरिसकेपछि उसको आत्मालाई सुख शान्ति दिलाउन धार्मिक मान्यता अनुसार किरिया बसी पितृलाई प्रेतलोकबाट स्वर्गलोकमा पठाइदिनुपर्दछ । अन्यथा प्रेत भई आफूले दुःख भोग्ने र बाँच्ने इष्टमित्रलाई समेत दुःख दिने गर्दछन् भन्ने विश्वास गरिन्छ । त्यसैले आफ्ना छोरा नभएपनि भाइभतिजाहरुले तेह्र दिनसम्म किरिया विधिपूर्वक गर्ने प्रचलन छ । काल गतिले नमरी कुनै दुर्घटनामा परी मर्नेको बायुले विशेषगरी दाजुभाईहरु र बन्धुका सन्तान दरसन्तानमा पिरोलिरहेका हुन्छन् भन्ने विश्वास छ ।

# अध्याय तीन
## अध्ययनको विधि

यस अध्याय अन्तर्गत अध्ययनलाई विश्वसनिय तथा भरपर्दो किसिमले निष्कर्षमा पुग्नको लागि उपयोग गरिने विभिन्न अनुसन्धान विधिहरु जस्तै : अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनोट तथ्यांकको स्रोत, तथ्यांक संकलन विधिहरु आदिको उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गण्डकी अञ्चलका विभिन्न जिल्लाका गुरुङ्ग जातिहरुको मृत्यु संस्कार गर्ने तरिका र त्यसमा देखिएका परिवर्तनको विश्लेषणमा केन्द्रित रहेको थियो । यस अध्ययनको लागि वर्णनात्मक ढाँचाको प्रयोग गरियो ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

गुरुङ्ग जातिका मानिसहरुले आफ्ना फरक तर विशिष्ट खालका संस्कारजन्य कार्यहरु गर्दछन् । विभिन्न परम्परागत संस्कारहरुमध्ये मृत्यु संस्कार पनि अन्य जातिको भन्दा फरक छ । प्राचीन समयदेखि आफ्नो छुट्टै सांस्कृतिक पहिचान कायम राख्दै आएका गुरुङ जातिको मृत्युसंस्कारका बारेमा जान्ने उत्सुकता अध्ययनकर्तामा रहेको हुनाले गण्डकी अञ्चलका विभिन्न जिल्लाहरु छनौट गरियो । साथै अनुसन्धानको क्षेत्रहरुमा अनुसन्धानकर्ताको सहज पहुच भएकाले समय, खर्च जस्ता कुराहरु थोरै प्रयोग गरी विस्तृत अध्ययन गर्न सकिने अपेक्षाका साथ यस क्षेत्रका गुरुङ्ग जातिलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो । साथै गुरुङ्ग समुदायमा गरिने अर्घु (पय) का बारेमा खासै अध्ययन नभएको हुँदा पनि गुरुङ्ग जातिको महत्वपूर्ण संस्कार अर्घु (पय) छनौट गरियो ।

### ३.३ तथ्यांकको स्रोत

**क) प्राथमिक स्रोत**

स्थलगत अध्ययनमा मृत्यु संस्कारमा संलग्न पज्यु क्ह्यापी, लामा गुरुहरु र समाजका अन्य जानकार व्यक्तिहरुसँग प्रत्यक्ष अन्तवार्ताबाट प्राथमिक तथ्यांक संकलन गरियो ।

**ख) द्धितिय स्रोत**

अध्ययनसँग सम्बन्धित गुरुङ्ग जातिको अध्ययन गरी प्रकाशित, पुस्तक, पत्रपत्रिका, शोधपत्र खोजग्रन्थ, विभिन्न संघसस्थाहरुका अध्ययन प्रतिवेदन गा.वि.स. तथा जि.वि.स.का तथ्यांकहरु जनगणना २०६८ आदिलाई तथ्यांकको द्धितिय स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

## ३.४ तथ्यांक संकलन विधि

### क) अर्न्तवार्ता

तथ्यांक संकलनको क्रममा उद्देश्य अनुसार तयार गरिएका चेक लिष्टको आधारमा मुख्य रुपमा मृत्युसंस्कार गराउने कार्यमा संलग्न पज्यु क्ह्याप्री, लामा गुरुहरुसँग प्रश्न सोधी आवश्यक तथ्यांक संकलन गरियो । तथ्याङ्क संकलनका क्रममा सहयोग गर्ने लामा गुरु चिना लामाले गुरुङ्ग जातिको मृत्युसंस्कार अथवा अर्घु (पय)को बारेमा जानकारी गराएका थिए । त्यसैगरी क्ह्याप्री गुरु पज्यु गुरुहरु रामाकाजी गुरुङ्ग र साइला दाई जो बोन धर्ममा संलग्न हुनुहुन्छ उहाँहरु सँग अर्घु (पय)को बारेमा जानकारी लिइएको थियो । म आफै गुरुङ्ग भएको हुँदा दोभासेको जरुरी महसुस गरिएन । यसरी तथ्यांक संकलन कार्य सम्पन्न गरियो ।

स्याङ्गजा, फेदिखोला ९, कुविण्डे का २० जनाबाट नमुना सर्वेक्षण लिइएको थियो ।

तनहुँ, शुक्लगण्डकी न.पा. कोत्रे बजारका २० जनाबाट नमुना सर्वेक्षण लिइएको थियो ।

साथै कास्की, लेखनाथ न.पा. सैनिक वस्ती मौजली टोलका २० जनाबाट नमुना सर्वेक्षण लिइएको थियो ।

### ख) छलफल

धार्मिक परम्परा अनुसार गरिने कार्यहरुको बारेमा लामा गुरुहरुबाट जानकारी भयो तर मृत्युको व्यवहारिक पक्षका बारेमा नेपाली भाषा राम्ररी बुझ्ने स्थानिय जानकार मानिससँग पनि प्रश्न सोधेर आवश्यक तथ्यांक संकलन गरियो । सो तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने व्यक्तिहरु तुलसी देवी गुरुङ्ग, देवी गुरुङ्ग, पदम बहादुर गुरुङ्ग, सिँह बहादुर गुरुङ्ग इत्यादि थिए ।

## ३.५ तथ्यांक विश्लेषण

विभिन्न अनुसन्धान विधिबाट संकलित तथ्यांकहरुलाई आवश्यक परिमार्जन गरेर गुणात्मक तरिकाले विश्लेषण र विवेचना गरी विषयवस्तुको आधारमा वर्गीकरण गरियो । प्राप्त सबै आवश्यक तथ्यांकहरुलाई तर्कपुर्ण विश्लेषण गरी सामान्यीकरण गरिएको थियो ।

# अध्याय चार

## तत्थ्यांकहरुको तालिका र विश्लेषण

### ४.१ भौगोलिक अवस्था

नेपालको पाँच विकास क्षेत्र मध्येको एक प्रमुख विकास क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्र हो भने यो नेपालको भौगोलिक नक्सा अनुसार विच भागमा अवस्थित रहेको छ । यस विकास क्षेत्रका तिन अञ्चल मध्येका गण्डकी अञ्चलका विभिन्न तीन जिल्लाहरुको गुरुङ्ग हरुको घना वस्ती भएका विभिन्न तिन ठाँउमा शोध कार्य सम्पन्न गरिएको छ ।

नेपालको दोस्रो ठूलो शहर रहेको र पर्यटकीय दृष्टिकोणबाट प्रमुख स्थल बनेको गण्डकी अञ्चलमा विभिन्न जातजाति र भाषा/भाषीहरु मिलेर बसेको पाइन्छ भने गुरुङ्गहरुको प्रमुख थलो पनि यही अञ्चलमा पर्दछ । समुन्द्र सतहदेखि ९०० मि. उचाईमा अवस्थित यो अञ्चल नेपालको राजधानी काठमाण्डौंबाट २०० कि.मि. पश्चिमतिर पर्दछ । पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गण्डकी अञ्चल गुरुङ्गहरुको पुर्खौली थलो र गुरुङ्गहरुको घनावस्ती रहेकोले मेरो अध्ययन क्षेत्रका रुपमा यहि अञ्चलका तिन ठाँउलाई छनौट गरेको थिए ।

गण्डकी अञ्चलमा पनि विभिन्न जिल्लाहरु पर्दछन् जसमा मैलै अध्ययनको शिर्षक अनुसार "गुरुङ्ग जातिको मृत्यु सँस्कार र अर्घु (पय) मा विविधता" विभिन्न तिन ठाँउलाई मेरो अध्ययन क्षेत्रका रुपमा छनौट गरेको थिए । जसमध्ये स्याङ्जा जिल्लाको फेदीखोला गा.वि.समा पर्ने कुविन्डे भञ्ज्याङ, कास्की जिल्लाको लेखनाथ नगरपालिकामा पर्ने सैनिकबस्ती मैजली टोल र तनहु जिल्लाको शुक्ल गण्डकी नगरपालिकामा पर्ने कोत्रेबजारलाई लिएको थिँए । जहाँ गुरुङ्गहरुको मूल उद्गम स्थल मानिएको हाल लमजुङ को क्होला सोथर बाट गुरुङ्गहरु बसाईसराई गरेर आएको मानिन्छ । यस अध्ययन क्षेत्रका गुरुङ्गहरुको परम्परा र सँस्कारहरु अन्य ठाँउको गुरुङ्गहरुको भन्दा केही फरक वा ठ्याक्कै उस्ताउस्तै पनि हुन सक्दछ । तर मैले यो अध्ययनमा जे देखियो या पाइयो त्यही लेखेको छु ।

अध्ययन क्षेत्रमा शोधपत्र अनुसार तयार गरिएको प्रश्नहरु सोधनी गर्दा अधिकांश गुरुङ्गहरुको परिवार सानो र धेरै जसो परिवारमा पुरुषहरु बाहिर विदेश गएको र बच्चा केटाकेटी तथा बृद्ध बृद्धा मात्र घरमा रहेको पाइयो भने अर्थोपार्जन गर्ने काम र घरको मुली पुरुष नै भएता पनि घरको चाँजोपाँजो मिलाउने

र सामाजिक कार्यहरुमा सक्रिय हुने काममा महिला बढी देखिएको पाइयो । यसको प्रमुख कारण पुरुषहरु विदेशीनु नै हो भने थोरै मात्रामा सरकारी प्रशासनिक र केही महिलाहरु प्राइभेट जागिर गरेको भेटिए पनि प्रायजसो गृहिणी नै बढी भेटियो ।

**पेशाः**

जीवन जीउनका लागि मानिस कुनै न कुनै पेशामा आवद्ध भएको हुन्छ । त्यसैले मेरो अध्ययनको सानो अंशको रुपमा गुरुङ्गहरुको पेशा सम्बन्धी विभिन्न शिर्षकहरु समावेश गरेर प्रश्नावली तयार गरेको थिए जुन गुरुङ्ग जातिहरुले अपनाउँदै आएका छन् ।

तपाईहरुलाई गुरुङ्गहरुको पुर्खौली थलो कहाँ हो? केही थाहा छ? भनी प्रश्न गर्दा धेरैले “पहिले लमजुङ्गबाट आएको र त्यो भन्दा पहिले तिब्बतबाट आएका हामी मङ्गोलियन मुलका हौं” भन्ने प्राय मिल्दोजुल्दो जवाफ सबैजसो बाट पाइएकोले गुरुङ्गहरु तिब्बत हुँदै नेपालको उच्च हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्दै आएको भन्ने कुरा तिनै जिल्लाका गुरुङ्गहरुलाई थाहा रहेछ ।

अर्घु (पय) सम्पन्न गर्ने ।

तालिका ४.१

| जिल्ला | बोनलामा | % | क्याप्री+पज्यु | % | पज्यु+लामा | % | लामा+लामा | % | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कास्की | - | | ११ | ५५ | १ | ५ | ४ | ४० | २० | १०० |
| स्याङ्जा | - | | - | | २ | १० | १८ | ९० | २० | १०० |
| तनहुँ | - | | १२ | ६० | - | | ८ | ४० | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

गुरुङ्गहरुमा पनि वर्ग विभाजन भेटिन्छ । शुरुवातमा यस्तो वर्ग विभाजन नभएता पनि पछि हिन्दु धर्मबाट प्रभावित भई वर्ग विभाजन भएको भन्ने गुरुङ्ग इतिहासकारहरुको भनाई छ । “गुरुङ्गजातिमा चार जात र सोह्र जात छन् । त्यसमा चार जातिहरुले आफूलाई उच्च कोटिको सम्झन्छन् ।” (डोर ब. विष्ट) कास्की जिल्लामा रहेको लेखनाथ नगरपालिकाको मौजलीटोलमा गुरुङ्ग परिवार बयानब्बे घरधुरी रहेछ । त्यहाँ चार जात तथा सोह्र जात सबै बिच अध्ययन गर्दा शतप्रतिशत सोह्र जातिहरुले पज्यु र क्ह्यापी प्रयोग गरी अर्घु गराँउदा रहेछन् । भलाम डाडा गाँउ बाट त्यहाँ बसाँइ सरी आएका लामछाने गुरुङ्गहरु जुन चार जात भित्र पर्छन, उनीहरुले पनि पज्यु क्ह्यापी पुरोहित नै प्रयोग गरेको भेटियो ।

उनिहरु बिच अर्घुको बारेमा प्रसङ्ग कोट्याउदा “यो गुरुङ्गको परम्परागत संस्कृति हो र हाम्रो पुर्खा देखि चलिआएको” भन्ने भनाइ छ ।

स्याङ्जाको फेदीखोला गा.वि.स.को रमाइलो गाँउ कुविन्डे भन्ज्याङ जहाँ गुरुङ्ग र बाहुन क्षेत्री लगाएत मिश्रित बस्ती रहेकोछ । यहाँ सो गाँउ भन्दा केहि माथि रामकोट, डाडागाँउ, कुडुले, सिदाने बाट बर्षौ पहिले नै बसाइ सराइ गरी आएर बसेका सबैजसो गुरुङ्गहरुले अन्तिम सँस्कारको रुपमा च्याम्वा ट्हुन्डा गर्दा रहेछन् जुन लामाले मात्र गरिदाँ रहेछ । किन यो च्याम्वा ट्हुन्डा गर्नु भएको? भन्दा सजिलो, पैसा कम लाग्ने र काटमार पनि नहुने हुदाँ सर्वेक्षण को तालिका ४.१ अनुसार त्यहाँ रहेका गुरुङ्गहरु मध्ये १८ घर गुरुङ्गहरुले च्याम्वा ट्हुन्डा गर्ने गरेको र २ घरले लामा र पज्यु लगाएर तिन राते अर्घु (पय) गर्ने गरेको पाइयो । यहाँका गुरुङ्ग समुदायमा अर्घु (पय) भन्ने शब्द नै हट्न लागिसकेको भान हुन्छ । सबैले अन्तिम सँस्कार अर्घु (पय) होइन, च्याम्वा ट्हुन्डा हो, पितृकार्य हो भन्ने भइसकेको बुइन सकिन्छ ।

**अर्घुको बारेमा के थाहा छ भनि प्रश्न गर्दा**

**तालिका ४.२**

| स्थान | छ | छैन |
|---|---|---|
| स्याङ्जा | √ | |
| कास्की | √ | |
| तनँहु | √ | |

*स्थलगत सर्वेक्षण २०७३*

यस प्रश्नमा बच्चा देखि बुढा सम्म सबैबाट “थाहा छ” नै भन्ने उत्तर पाइयो । तर बच्चा र युवाहरुलाई विधि र अर्घु (पय) को किसिमको बारेमा थाहा भने रहेनछ । उनीहरु अर्घु (पय) को जानकारी लिन त्यति इच्छुक पनि नभएको महशुस भयो । अनि बुढा बुढीलाई सोध्दा उनीहरु पहिले पहिले अर्घु (पय) भएको ठाँउमा जाँदा ठुलो मेला लागेको जस्तो मानिसहरुको चहलपहल र भिडभाड हुने गरेको, टाढा टाढा बाट ठूलो सँख्यामा आफन्तजनहरुको भिड लाग्ने गरेको, हिजोआजका ब्यापारिक प्रदर्शनी या मेलाहरुमा झैं विभिन्न परिकारका स्टलहरु राख्ने गरेको, विभिन्न खेलकुदका प्रतियोगिता हुने देखि लिएर नाचगान दोहोरी इत्यादि हुने हुदाँ टाढा टाढा बाट युवाहरु भेला मै रमाइलो गर्ने गरेको

जस्ता कुराहरु बडो उमङ्गका साथ सुनाउने बृद्ध बृद्धा हरु आजकलका अर्घु (पय)हरुमा आफ्नो नजिकको नातेदार बाहेक अरुको सहभागिता नगन्य हुनाले अर्घु (पय)को रौनकता नै हराएको बताउछन् ।

अर्घु भनेको के हो भन्ने प्रश्न गर्दा तिनै स्थानको गुरुङ्गहरुले पितृकार्य हो यस कार्यबाट आफ्नो मृतक पितृहरुको स्वर्गमा बास हुन्छ र उनीहरुलाई चाहिने खाना देखि लिएर सरसामान यही कार्यमा दान गरे उनीहरुको मृत आत्माको आशा सम्पूर्ण पुरा हुन्छ भन्ने विश्वास पाइन्छ ।

गुरुङ्ग समुदायमा मृत्यु संस्कार किन गरिन्छ मृत्यु संस्कार अर्घु (पय) कुनै कुराबाट प्रभावित भएको छ भनि प्रश्न गर्दा

तालिका ४.३

| स्थान | हिन्दु | % | बौद्ध | % | अन्य | % | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | - | | १८ | ९० | २ | १० | २० | १०० |
| मौजली टोल | ८ | ४० | ९ | ४५ | ३ | १५ | २० | १०० |
| कोत्रे बजार | १० | ५० | ५ | २५ | ५ | २५ | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

यसरी बोन धर्म हिन्दु धर्मबाट प्रभावित भएको र लामा मान्नेहरु बौद्धधर्म बाट प्रभावित भएको पाइन्छ । यसकार्यमा अर्घु (पय) गर्ने विधिमा लामा प्रयोग गर्ने हरुमा धेरै आधुनिक र विधि नै पनि फरक भएको पाइन्छ । उनीहरुमा पनि जस्तै चिना लामा, गोपाल लामा आदि ठूला लामा पुरोहितहरु हुनुहुदो रहेछ । उनीहरुको कार्य गराइमा पनि सामान्य फरकपन पाइदो रहेछ ।

तपाईको विचारमा अर्घुलाई परिमार्जन गर्नुपर्ने देख्नु हुन्छ? भन्दा

तालिका ४.४

| स्थान | छ | % | छैन | % | जम्मा | % |
|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | २० | १०० | - | | २० | १०० |
| मौजली टोल | १० | ५० | १० | ५० | २० | १०० |
| कोत्रे बजार | ५ | २५ | १५ | ७५ | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

स्याङ्जा कुविन्डे भञ्ज्याङकाहरुले २० जनाले नै परिमार्जन गर्नुपर्छ किन भने आफ्नो मान्छे मरेर शोक भएको बेलामा अरु प्राणीको हत्या गरि मासुका परिकारहरु तयार गरिनु कुनै ठुलो खुशियाली या पर्व मनाइए जसरी विभिन्न मासुका परिकारहरु बनाएर भोज भतेर जसरी गरिनु शोकाकुल परिवार र वातावरण को मर्म र भावना विपरित हो र अर्को कुरा विभिन्न पुरोहित हरु निमन्त्रणा गरि परमपरागत

पुजाआजा गरि मृतात्मा लाई स्वर्ग पठाउन गरिने पवित्र कार्य मा पशु बलि गरिनु मृतकलाई भार बोकाउनु सरह हो भनि उनीहरु लामा पुरोहितले गरेको कार्य सही र राम्रो लागेको र यस्ता कार्यमा सधैं लामा पुरोहित नै चलाएको बताउँछन् । अरु कुरा त स्याई स्याई गर्ने चलन पनि एउटा प्रतिस्पर्धा जस्तो हुन गएको भन्दै यसलाई परिमार्जन र परिवर्तन गरी भेटीका रुपमा १०० रुपैया भन्दा बढी नलेख्ने भन्ने चलनहरु पनि चलाएको पाइन्छ भने यता मौजली टोल र कोत्रे बजारमा मानिसहरुको पनि स्याई स्याई जस्ता कतिपय कुराहरुमा समान धारणा पाइएता पनि बलि दिने विषयमा भने उनीहरुको फरक धारणा पाइयो । "यो हाम्रो संस्कृति हो र यसलाई हामी परिमार्जन गर्ने चाहन्न" भनेका छन् । जुन वोनधर्म अनुसार पज्यु क्ह्यापृीद्धारा अर्घु (पय) गर्दछ उनीहरु "पितृकार्यमा बलि दिन किन नहुने ? झन यसमा त मृतकको साथसाथै जुन प्राणी वलि दिन्छ उसको पनि स्वर्गमा वास हुन्छ" भनेका छन् ।

**आर्थिक पक्ष**

अर्घु गर्नु कतिको खर्चिलो पर्दछ ? भन्दा सबै जसो उत्तरदाताहरुले अर्घु खर्चिलो भएको बताउछन् भने लामा पुरोहित प्रयोग गर्नु भन्दा पज्यु क्ह्यापृी प्रयोग गर्ने अर्घु (पय) बढि खर्चिलो भएको पाइन्छ । खर्च बढि हुने र काटमार मन नपरेको हुँदा नै धेरै जसो मानिसहरु लामा पुरोहित अपनाएको देखिन्छ ।

तालिका ४.५

| स्थान | छ | छैन |
|---|---|---|
| कुविन्डे भञ्ज्याङ | √ | |
| मौजली टोल | √ | |
| कोत्रे बजार | √ | |

*स्थलगत सर्वेक्षण २०७३*

अर्घुमा स्याई स्याई किन गरिन्छ ? भनी प्रश्न गर्दा

तालिका ४.६

| स्थान | समवेदना | % | आडम्बर | % | सहयोग | % | आर्थिक सन्देश | % | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | १ | ५ | ५ | २५ | १० | ५० | ४ | २० | २० | १०० |
| मौजली टोल | २ | १० | ४ | २० | १० | ५० | ४ | २० | २० | १०० |
| कोत्रे बजार | ४ | २० | १ | ५ | १० | ५० | ५ | २५ | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

यी माथिका तालिका अनुसार गुरुङ्गहरुमा मृतकको शोकमा गरिने अर्घुमा केहीहद सम्म भने पनि आर्थिक सहयोग होस् भनी पहिले देखि नै चलि आएको चलन हो जसबाट कर्ताहरुलाई आर्थिक सहयोग केही मात्रामा भएपनि पुग्दछ। यो एउटा सामाजिक सहयोग कार्य पनि हो।

यसरी स्याई स्याई गरिदा सबैले आ-आफ्नो गक्ष अनुसार स्याई स्याई लेखिन्छ। त्यसबापत फेरि पछि उसले स्याई स्याई गरेको रकम वा त्यस मा केहि थप गरि जस जसले सहयोग गरि स्याई स्याई गरेका थिए उनिहरु कहाँ त्यस्तै केहि राम्रो नराम्रो कार्य पर्दा तिर्नु पर्दछ। यो एउटा गुरुङ्ग समुदायमा चलेको विशिष्ट सामुहिक सहयोग को प्रचलन हो। यसको मुख्य उद्देश्य भनेको मानिसको धनी या गरिब जे जस्तो भएतापनि मृत्यु भएपछि अर्घु (पय) गर्नु नै पर्छ त्यसको लागि सम्पूर्ण समुदायले नै आर्थिक सहयोग गरिरहेको हुन्छ। त्यसैको लागि होला गुरुङ्ग पुर्खाहरुले यो नियम बसालेको तर आजभोली यो बढी तडक भडक पूर्ण हुर्दै जादाँ स्याई स्याई नै विकृत हुदै गइरहेको छ। र अर्घु मा नै गुरुङ्गहरु तछाड मछाड गर्दै आपनो आर्थिक स्थिति झल्काउने वा प्रर्दशन गर्ने होडवाजि गर्ने क्रम बढदो पाइन्छ।

मौजलीटोलका तुल्सीदेवी गुरुङ्गका अनुसार एउटा सामान्य घरको बुहारीले त पछि फर्काउने सर्तमा माइतीहरुलाई सुनको औठी पैंचो गरेर लगाईदेउ भनि माइतीमा विन्ती गरेको पनि थियो रे।

तर आजभोलि सबै विदेशीने र बढी विकृति भयो भनेर धेरै जसो गुरुङ्गहरुले भेटी रु १०० भन्दा बढी नलिने व्यवस्था पनि ल्याएको देखिन्छ। किनभने यसले संस्कृति पनि लोप हुँदैन जसले गर्दा नातेदारहरुको पनि संलग्नता दखिन्छ र कसैले तिर्ने नगए पनि उसलाई भार नहुने गरि यो नियम लागु गरिएको पाइन्छ।

**पुरोहित प्रतिको विश्वास**

गुरुङ्गहरुको आफ्नो परम्परा अनुसार आ-आफ्नो पुरोहित हुन्छ । पज्यु क्ह्याप्री, लामा, वोनलामा गुरुङ्गहरुको पुरोहितमा पर्दछन् यिनीहरुले न्वारन, विवाह, स्वस्तिक शान्ति, घरवार गर्ने जीउवार गर्ने देखि लिएर मुख्य काम अर्घु(पय) गर्ने काम गर्छन । विशेष गरी बुद्ध धर्मको प्रभाव बढदै जादाँ अर्घु (पय) गर्ने वोनलामाहरु लोप भैसकेकाछन् भने पज्यु र क्ह्याप्रीले सधै अर्घु (पय) सम्पन्न गर्ने गर्दछन् भने लामाले र कहीँ कहि पज्यु र लामाले मिलेर पनि अर्घु (पय) गरिरहेको पाइन्छ । तर आजकल विश्वव्यापीकरण र तिब्बतीकरणले गर्दा गुरुङ्गहरुमा लामावादको धेरै नै प्रभाव परेको देखिन्छ ।

**मुख्य भूमिका**

तालिका ४.७

| स्थान | लामा | प्रतिशत | पज्यु घ्याप्री | प्रतिशत | वोनलामा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | १८ | ९० | २ | १० | - | - |
| मौजली टोल | १२ | ६० | ८ | ४० | - | - |
| कोत्रे बजार | ५ | २५ | १५ | ७५ | - | - |

*स्थलगत सर्वेक्षण २०७३*

यसरी स्याङ्जा कुविन्डेमा ९०% गुरुङ्ग हरु लामा द्वारा अर्घु गर्जे तथा अन्य संस्कारहरु पनि लामा द्वारा नै गराइने गरेको पाइयो भने कास्की मौजलि टोलमा लामा प्रयोग गर्ने ६०% छने भने पज्यु+क्ह्याप्री प्रयोग गर्ने ४०% देखियो ।  तनँहुको कोत्रे बजारमा क्ह्याप्री+ पज्यु मान्ने ७५% छने भने लामा मान्ने २५% यसरी गुरुङ्ग समुदायमा लामावादी को सँख्या बढ्दै गरेको देखिन्छ ।

अर्घु (पय) मा भएको वा परिवर्तन भएको छ वा छैन भनि तिन ठाँउमा अध्ययन गर्दा सामान्यतया पज्यु +क्ह्याप्री द्वारा गरिने अर्घुमा खासै परिवर्तन नआएको तर लामाहरुद्धारा गरिने अर्घुहरुमा समय र ठाँउ अनुसार धेरै नै परिवर्तन आएको र विशेष गरि विधिमा भन्दा चलनचल्ती र अर्घु गराईमा परिवर्तन भैरहेको देखिन्छ ।

हरेक मानिस जीवनयापन गर्नका लागि विभिन्न क्रियाकलाप गरिरहेको हुन्छ । विभिन्न फरक वातावरण, फरक शिक्षा तथा पुजी आदि वाट प्रत्यक्ष अप्रत्यक्ष प्रभावित भैरहेको हुन्छ । जुन अर्घु लगाएत हाम्रो सामाजिक संस्कृती र मुल्य मान्यतामा प्रभाव परिरहेको हुन्छ ।

अर्घु (पय) लोप वा परिवर्तन भएको छ कि छैन ?

तालिका ४.८

| स्थान | छ | % | छैन | % | जम्मा | % |
|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | १३ | ६५ | ७ | ३५ | २० | १०० |
| मौजली टोल | १० | ५० | १० | ५० | २० | १०० |
| कोत्रे बजार | ५ | २५ | १५ | ७५ | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

अर्घु कार्यमा परिवर्तन भएको छ भन्नेको संख्या तिनै ठाँउमा देखियो भने सबभन्दा बढी कुविन्डे भञ्ज्याङ र कोत्रेबजारमा भएको भन्ने व्यक्तीहरु भेटियो ।

गुरुङ्ग संस्कृतिलाई जोगाउन र यसको संरक्षण गर्ने के के कदम चाल्नुपर्ला भन्दा धरैले आफ्नो परम्परा पत्ता लगाई भविष्यको नयाँ सन्ततिहरुलाई जस्ताकै तस्तै हस्तान्तरण गर्नुपर्ने भन्ने पाइयो र आपनो भाषा बोल्न र प्रयोगमा ल्याउन साथै भाषा संरक्षणका निम्ति लिपि खोज्नु या बनाउनु अनिवार्य भएको आदि उत्तर पाइयो ।

तालिका ४.९

| स्थान | मिलेर जोगाउनुपर्छ | % | संस्कृति हराउँदै गएको छ | % | पछिल्लो पिढिलाई बुझाउनु पर्छ | % | भाषा र संस्कृति बचाउनु पर्छ | % |
|---|---|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | ५ | २५ | १० | ५० | ५ | २५ | | |
| मौजली टोल | ८ | ४० | २ | १० | ५ | २५ | ५ | २५ |
| कोत्रे बजार | १० | ५० | २ | १० | ४ | २० | ४ | २० |

*स्थलगत सर्वेक्षण २०७३*

सबै मिलेर जोगाउनु पर्छ र पछिल्लो पिँढीलाई बुझाउनुपर्छ भन्नेमा सबैको मत बढी भएको देखिन्छ ।

पितृकार्य अर्घुमा (पय)मा कुनै परिवर्तन आएको छ ?

समय परिवर्तनशील छ । यो दिनानुदिन परिवर्तन भैरहेको छ । यस्तै हाम्रो संस्कृतिदेखि लिएर रहनसहन, वानीव्यहोरा, भाषा, संस्कृति सबैमा परिवर्तन भैरहेको छ । समय अनुसार सवै जातजातिहरुको संस्कृतिमा पनि परिवर्तन भैरहेको पाइन्छ । जस्तो ब्राह्मणको पितृकार्यमा आजकल छोरीले पनि क्रिया बस्ने चलन छ । त्यसरी नै छोराहरु विदेश गएकोहरु मृत्युको खवर आउनासाथ तत्काल नआउने, मैतालु नगर्ने, स्याई स्याई नलिने र नातेदारहरुमा पनि पहिलेको जस्तो उत्सुकता देखिदैन । त्यस्तै युवायुवतीको संलग्नता ज्यादै कम हुने अथवा नयाँ पुस्ता सिक्न नचाहने जस्ता सकारात्मक तथा नकारात्मक परिवर्तनहरु देखिन्छ । हुनसक्छ पहिले पहिले मनोरञ्जनका अन्य साधन नभएकाले पनि

होला बृद्ध बृद्धा देखि युवा केटाकेटी सबै यस्ता अर्घुहरुमा सहभागिता देखिन्थे तर आजकल त्यस्तो उत्साहप्रद सहभागिता देखिदैन र उपस्थितिहरु औपचारिकताका लागि मात्र देखिन्छ ।

पदम वहादुर गुरुङ्ग का अनुसार अर्घु (पय) गर्ने विधिमा र व्यक्तिहरुले अपनाएको चलन चल्तीमा धेरै परिवर्तन पाइएको छ जुन कर्ताहरुले गर्दछ । "पहिले च्याम्ब ट्हुन्ड भन्ने शब्द नै थाहा थिएन" उनी थप्छन "लामा तथा पज्यु क्ह्यप्री द्वारा अर्घु (पय) सम्पन्न गर्ने गरिन्थ्यो ।" "यसरी अर्घु गर्दा टाढा टाढा बाट आफन्तहरु आउने गर्थे । बाटो घाटोको त्यति सहज सुविधा नहुदा आफन्तहरु दुई तिन दिन सम्म बास बस्ने गरेर आउथे । युवा युवतीका निम्ति अर्घु एउटा जमघट हुने थलोको रुपमा हुने गर्थ्यो । त्यसैले टाढा टाढा ठुलो सँख्यामा युवा युवतीहरु समुह समुह बनाई सहभागी हुन आउथे । सामुहिक रुपमा भेला भई रमाइलो गर्ने नाचगान गर्ने खेलकुद प्रतियोगिताहरु गर्ने गर्थे । स्थानियहरु टाढा टाढा बाट आएका पाहुना हरुलाई भोजन तथा बासस्थानको लागि अहोरात्र खटिन्थे । कतिपय ले अर्घु परिसरमा नै व्यापारिक पसल स्थापना गर्थे भने कतिपय ले खानपानका व्यन्जन सहित स्टल राख्थे । यसरी ठुलो सँख्यामा मानिसहरु जमघट हुने हुदाँ ठुलो मेला भएको प्रतित हुन्थ्यो । त्यस समयमा अर्घुको रौनकता नै अर्कै हुने थियो ।" आजभोलि व्यस्तता र शहरीकरणले गर्दा मानिसहरु अर्घु गर्नुपर्दा घरमा नगरि गुम्वा वा समाज घरमा गर्ने गर्दछन् । भने चिया खाजा साथै खाना पकाउन तथा अन्य सेवा प्रदान गर्न व्यवसायिक सेवा प्रदायक(क्याटरिङ) हरुको सहयोग लिने क्रम बढ्दो छ । आजकल पहिलेको जस्तो सहभागिता पनि भेटिदैन रे । राति अर्घु (पय) घरमा बस्न आफ्नो नजिकको नातेदार बाहेक अरु हुँदैन रे आदि आदि ।

## अर्घु कार्यमा कति खर्च लाग्छ ?

कति खर्च लाग्छ ? भन्ने प्रश्न गर्दा "धेरै लाग्छ अहिलेको महंगाई र विदेशबाट आएको व्यक्तिहरुको तडक भडकले गर्दा पनि खाना देखि भाडा, दान दक्षिणा सम्ममा महंगो हुदै गएको छ ।" बताउछन् इमान सिँह गुरुङ्ग । उनी थप्छन् "अर्घु नगर्दा पनि नहुने अन्य मृतक सँग मिसाएर गर्दा पनि सामाजिक प्रतिष्ठा गुम्ने आफन्तले इज्जत नगर्ने ।" "त्यसैले कतिपय ले त ऋण गरेर भए पनि अर्घु (पय) गर्नु परिरहेको छ ।" बताउँछन् ।

तालिका ४.१०

| स्थान | ३-४ लाख | % | ४-५ लाख | % | ५-६ लाख | % | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|
| कुविन्डे भञ्ज्याङ | १६ | ८० | ४ | २० | | | २० | १०० |
| मौजली टोल | ४ | २० | १४ | ७० | २ | १० | २० | १०० |
| कोत्रे बजार | २ | १० | १६ | ८० | २ | १० | २० | १०० |

*स्थलगत सर्वेक्षण २०७३*

यसरी मोटा मोटी रुपमा हेर्दा ३ देखि ४ लाख सम्ममा धेरैले अर्घु सम्पन्न गर्दा रहेछन् । ३ देखि ४ लाख सम्म कुविन्डेमा ८०% मौजली टोलमा २०% र कोत्रेबजारमा १०% मात्र रहेछ ।

४ देखि ५ लाख सम्म कुविन्डेमा २०% मौजली टोलमा ७०% र कोत्रे बजारमा ८०% ५ देखि ७ लाखमा अर्घु सम्पन्न गर्ने गुरुङ्गहरु सबै ठाँउमा ज्यादै थोरै छन् । यो सामान्य मात्र हो । मोटामोटी रुपमा कुविन्डे स्याङ्जामा भन्दा कास्की मौजली टोल र कोत्रेबजारमा ४-५ लाख खर्च गर्नेहरु धेरै भेटिएको कारण उनीहरु तिनराते अर्घु (पय) गर्नु नै हो जुन पज्यु र क्ह्यापीले द्धारा गरिन्छ । यसरी सस्तो विधि धेरै गर्ने गुरुङ्गहरुको सँख्या धेरै भेटियो । त्यसैले गुरुङ्गहरु सजिलो र थोरै खर्च बाट सम्पन्न हुने, मारकाट गर्नु नपर्ने आधुनिक ढंगको लामा प्रविधि तिर झुकाव बढी देखिन्छ ।

अर्घु (पय) कार्यमा धेरै महंगो पर्न जानुमा अर्घु(पय) भित्र धेरै खर्चिलो संस्कार र विधिहरु हुन्छन् । बढी खर्च हुने विषयहरु चाँहि स्याईस्याई, छयाटु, नाचगान, दान दक्षिणा र खानपान हुन् । त्यसैले आर्थिक अवस्था कमजोर हुनेहरुले अर्घु (पय) गर्ने कतिको सजिलो हुन्छ वा गाह्रो हुन्छ भन्ने प्रश्न गर्दा कसैले धेरै गाह्रो हुन्छ । सजिलो हुन्छ, गाह्रो हुन्छ भन्ने उत्तर आयो ।

आर्थिक अवस्था कमजोर हुनेको अर्घु (पय) गर्ने कस्तो हुन्छ ।

तालिका ४.११

| विवरण | कुविन्डे | प्रतिशत | मैजली टोल | प्रतिशत | कोत्रेबजार | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सजिलो | २ | १० | १ | ५ | १ | ५ |
| गाह्रो | ५ | २५ | ४ | २० | ३ | १५ |
| धेरै गाह्रो | १३ | ६५ | १५ | ७५ | १६ | ८० |

*स्थलगत सर्वेक्षण २०७३*

यसरी तिवटै ठाउँका गुरुङ्गहरुले अर्घु (पय) खर्चिलो र गाह्रो हुन्छ भनेका छन् । धेरै गाह्रो हुन्छ भन्नेमा कुविन्डे १३% मौजली टोलमा पनि ७५% र कोत्रेमा ८०% छन् ।

**३) अर्घुमा सामाजिक सम्बन्धको महत्व**

हामी सामाजिक प्राणी भएको र हाम्रो अध्ययन क्षेत्र पनि समाजशास्त्र भएको कारणले अर्घु (पय) को सामाजिक प्रभाव, नातेदार, छोराछोरीको भूमिका, सामाजिक सम्बन्ध, सामाजिक उद्देश्य, अन्तरसम्बन्ध आदिको अध्ययन गरिन्छ ।

मानिस सामाजिक प्राणी हो । उनीहरु समाजमा बस्न मन पराउछन् । कुनै पनि व्यक्ति समाजविना बस्न सक्दैन उनीहरु आफ्नो आवश्यकता पुरा गर्न आपसी सहयोग सदभावको जरुरी परिरहेको हुन्छ । यही नै पछि संस्कार बन्दै जान्छ ।

अर्घु (पय) गुरुङ्गहरुको जीवनमा गरिने अन्तिम संस्कार हो र यो हरेक व्यक्तिको मृत्यु पछि गर्ने अनिवार्य छ तर यो कार्य एक जनाको मात्र सहभागितामा हुँदैन यसका लागि पुरोहित, भाइखलक, छोरीज्वाई, मावली, माइती, नातेदार, छरछिमेकी, इष्टमित्र आदिको आवश्यकता पर्दछ र यि सबैजनाको आ-आफ्नो भूमिकाबाट मात्र अर्घु (पय) कार्य सम्पन्न हुन्छ । अर्घु (पय) कार्यमा यी सबै एउटा प्रणाली को अंग हुन्, संरचना हुन् । जस्तो एउटा घडी चल्नका लागि विभिन्न पाटपुर्जाको आवश्यकता हुन्छ, त्यसै गरी अर्घु (पय) सम्पन्न गर्नका लागि पनि यी सबै मानिसहरु चाहिन्छ । जसमा कुनै एकको अनुस्पथितिले पनि अर्घु (पय) कार्य अधुरो रहन्छ ।

**अर्घु (पय) मा महत्वपूर्ण व्यक्तिहरु**

तालिका ४.१२

| विवरण | कुविन्डे | प्रतिशत | मौजली टोल | प्रतिशत | कोत्रेबजार | प्रतिशत |
|---|---|---|---|---|---|---|
| भाइखलक | | | २ | १० | २ | १० |
| ओस्यो | ५ | २५ | १० | ५० | ८ | ४० |
| पुरोहित | | | २ | १० | ५ | २५ |
| छोरी ज्वाई | | | २ | १० | ३ | १५ |
| सबै बराबर | १५ | ७५ | ४ | २० | २ | १० |
| | | | | | | |

*स्थलगत सर्वेक्षण २०७३*

यसरी अर्घु (पय) भित्र पनि कुन व्यक्तिको महत्वपूर्ण स्थान छ भनि प्रश्न गर्दा धेरैले आस्यों मावली कुविन्डे २५% मौजली टोल १०% र कोत्रेबजारमा ४०% आस्यों महत्वपूर्ण हुन्छ । किनभने यसको आफ्नो एउटा कथन पनि छ । आस्यों मावली विना मृतक स्वर्गमा बास हुँदैन र मृतकको नाममा जति पनि दान दक्षीणा दिने, सामानदिने र पुजाआजा गर्ने गरिन्छ त्यो कुनै पनि मृतात्माले पाँउदैन भन्ने भनाई छ । कथाको सार अनुसार “आस्यों(मावली) कपडा नपाएर उसको पानी घट्टामा भएको टालो लगेर काम चलाएको” जस्ता कथा सुन्नमा पाइन्छ । त्यसैले अर्घु मा आस्यों मावली नै मुख्य मेरुदण्ड हो भन्ने भनाई पाइयो ।

दोस्रोमा सबै बराबर भन्ने पनि धेरै पाइयो किन भने अर्घु (पय) मा सबै भाइखलक देखि नातेदार सम्मको आफ्नो आफ्नो भुमिका रहेको पाइन्छ ।

**अर्घु (पय)मा केही परिवर्तनहरु**

मानिस अनुशासित हुन र सभ्य नागरिक बन्नका लागि आफ्नो किसिमको मुल्य र मान्यताहरु लागु गराएका छन् । समाजशास्त्री Morgan का अनुसार संस्कारको उदविकास विभिन्न चरणहरु गरेर ( शिकारी युग, वर्वरा युग, सभ्यताको युग र हाल यस अवस्था सम्म आइपुगेको देखिन्छ । त्यसै अनुसार संस्कारहरु पनि समय अनुसार परिवर्तन र परिष्कृत भएको पाइन्छ भने Karl Marx का अनुसार समाज, संस्कृति परिवर्तन पूँजिवादीले गराउँदछ । जसको जग उत्पादन प्रणाली हो ।

विश्वव्यापीकरणले संसारलाई सानो बनाइदिएको छ । आजको प्रविधि युगमा एक ठाँउको असरले अर्को ठाँउमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पारिरहेको हुन्छ । विश्वव्यापीकरण, पुँजीवादी, आधुनिकीकरण जस्ता प्रणालीले व्यक्ति, समाज र समुदाय कुनै पनि अछुत छैनन् । सबै परिवर्तन आधुनिकीकरणको लागि अगाडि बढिरहेको पाइन्छ । यातायात, संचारमाध्यम, शिक्षा, रोजगारी आदि समाज संस्कृति परिवर्तन हुनका लागि Durkhim का अनुसार Push Factor र Pull Factor को तत्वले गर्दा हुन्छन् भनेका छन् । यसमा गुरुङ्ग (तमु) समुदायको संस्कार पनि अछुत छैन र समय सँगसँगै विस्तारै परिवर्तन भैरहेको पाइन्छ । यसको असर गुरुङ्ग समुदायको मृत्यु संस्कारमा गरिने अर्घु (पय) मा पनि देख्न सकिन्छ । विगतको १० बर्ष अगाडि र अहिले गर्ने अर्घु (पय) संस्कारमा धेरै फरक देखिन्छ ।

तालिका ४.१४

| विवरण | कुविन्डे | प्रतिशत | मौजली टोल | प्रतिशत | कात्रे बजार | प्रतिशत |
|---|---|---|---|---|---|---|
| परिवर्तन छ | १५ | ७५ | १२ | ६० | १८ | ९० |
| परिवर्तन छैन | ५ | २५ | ८ | ४० | २ | १० |

*स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार कुविन्डे ७५%, मौजली टोल ६०% र कोत्रेबजारमा ९०% परिवर्तन भएको भन्ने भनाइ छ ।

**केमा परिवर्तन भएको छ भनि प्रश्न गर्दा**

तालिका ४.१५

| विवरण | कुविन्डे | प्रतिशत | मौजली टोल | प्रतिशत | कोत्रेबजार | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पुरोहितको विधि | | | | | २ | १० |
| देखावटी | २ | १० | ७ | ३५ | १० | ५० |
| महगांई | ८ | ४० | १० | ५० | ५ | २५ |
| अर्घु विविधता | १० | ५० | ३ | १५ | ३ | १५ |

*स्थलगत सर्वेक्षण २०७३*

स्याङ्जाको कुविन्डेमा ५०% ले विविधता भएको पाइन्छ किनभने जहावाट आएका गुरुङ्गहरु भएपनि त्यहाँकै रहनसहन अनुसार तिनराते अर्घु (पय) छोडेर चेम्बर ट्हुन्डा गर्दा रहेछन् भने मौजली टोल १५ कोत्रेबजारमा १५% पाइयो । यसको अर्थ यहाँका गुरुङ्गहरुले अर्घु (पय) परम्परागत रुपमा धेरैले नछोडेको पाइन्छ भने त्यसपछि देखावटी  महंगी बढी भएको बताइए पनि महंगी कुविन्डेका ४०% मौजलीटोल ५०% र कोत्रेबजार २५% रहेको पाइन्छ । भने बैदेशिक रोजगारी र लाहुरे परम्परामा हुर्केका गुरुङ्गहरु अलिबढी नै देखावटी गरेको पाइन्छ । जसले गर्दा कम आयस्रोत भएको गुरुङ्गहरुलाई अर्घु (पय) कार्यमा खर्च धान्न गाह्रो भएको गुनासो गरेको पाइन्छ । यो एक प्रकारको विकृति हो भने अर्को तिर परम्परा र संस्कृति संरक्षणका निम्ति ठुलो चुनौति पनि हो ।

# अध्याय पाँच

## गुरुङ्ग जातिको भाषा, धर्म, संस्कृति, पेशा

### ५.१ गुरुङ्ग जातिको परिचय

प्राचिनकाल देखि नै आफ्नो विशिष्ट पहिचान र छुट्टै अस्तित्व बोकी नेपालको एक प्रमुख बासिन्दाका रुपमा बसोबास गर्दै आएका गुरुङ्ग जाति आफूलाई तमु भनेर चिनाउनु गर्व गर्दछन् । तमु शब्दको व्याख्या गुरुङ्ग समाजमा धेरै किसिमले भएको छ । "त" भनेको माथि र "मु" भनेको राजा भएकाले तमु भन्दा माथिल्लो राजा भन्ने बुझिन्छ । किनभने प्राचीनकालमा शिकार खोज्नको हिसाबले तथा शत्रुहरुबाट सुरक्षित रहनका लागि पहाडि क्षेत्रका गुरुङ्ग राजाहरु डाँडा माथि थुम्कामा किल्ला देखार बनाएर बस्दथे । यस्तो अवरोधहरु अझै पनि देख्न र सुन्न पाइन्छ ।

तमु शब्द दुई अक्षरले बनेको छ । यस शब्दमा प्रयोग भएको तमु अक्षरमा "त" को अर्थ वज्र, माथि, घोडा र बन्चरोलाई जनाँउछ "मु" को अर्थ आकाश हो । त्यसैले तमुको अर्थ आकाशको बज्र घोडा भएका अथवा पालक तथा लेकाली मानिस हो भनी विद्वानहरु लेख्दछन् । त्यस्तै गुरुङ्ग शब्द तिब्बती भाषाको गोङ शब्दबाट बनेको हो भन्ने भनाइहरु पनि पाइन्छ । जसको अर्थ खेताला वा कृषक हुन्छ भनिएको छ तिब्बती भाषाको धोरुङ शब्दको अपभ्रंश भएर गुरुङ्ग भएको हो भन्ने भनाई पनि छ । घोरुङको अर्थ पाल हो भन्ने अर्को भनाई छ । गुरु अङ्गबाट गुरुङ्ग भएको हो भन्ने पनि कथन छ भने चीनको स्वशासित क्षेत्र तिब्बतको ज्यारोङ्वाट आएको हुनाले गुरुङ भएको तर्क पनि कतिपय विद्वानले अगाडि सारेका छन् । (हेमा थकाली गुरुङ्ग)

तमु भनेको के हो र कसरी भने भन्ने विषयमा तमु भाषामा एउटा भनाई पनि छ । तगै तमु तजि यसको शाब्दिक अर्थ हो । सबैले समर्थन गरेर भनेको भएर पो समर्थवान भयो ।

तमु शब्दको प्रयोग हुँदा हुँदै गुरुङ शब्द कसरी प्रयोग हुन गयो भन्ने प्रश्न उठ्छ । यसबारे विद्वान जगमान गुरुङ्गको भनाई अनुसार यशोब्रम्ह शाह ले "अघि भोटमा बस्दा तिम्रो पुर्खा ले लामा विद्या पढी घले राजाका दरबारमा राजगुरु भई बसेको हुँदा तिमीहरुलाई सबैले गुरु भन्दा रहेछन् तर गुरु भनेको त व्राह्मणले दीक्षामन्त्र दिँदा दीक्षा दिनेलाई मात्र भनिन्छ । तसर्थ तिमीहरुले गुरु भनाउनु हुँदैन अवदेखि गुरुमा ङ्ग थपेर गुरुङ्ग भनाउनु" भनी भनेको हुँदा त्यहाँ उप्रान्त गुरुङ्ग थर रहेको हो । गुरुङ्ग शब्द हिन्दु हो भनेका छन् ।

गुरुङ्गहरुको उत्पत्तिकाबारेमा चर्चा गर्दा पनि वंशावली तथा विद्धानहरुमा समेत सबैको एकमत रहेको पाउन सकिदैन । यसबारेमा विभिन्न लेखकले आ-आफ्नो किसिमको दृष्टिकोण राखेका छन् वंशावलीको व्याख्या पनि एक अर्कोसँग मेल नखाने खालको छ ।

## ५.२ बसाई सराई

गुरुङ्ग (तमु) जातिका पुर्ख्यौली पुरोहितहरु पज्यु, क्ह्याप्री, लामा, र पुराना बुढापाकाहरुको भनाई अनुसार सबै गुरुङ्गहरु पटक पटक गरी एक पछि अर्को गर्दै नेपालका उत्तरी हिमालका आसपास मुस्ताङ, मनाङ अर्को आदि भोटहरुबाट क्होला नास हुँदै क्रमश लमजुङ, कास्की, गोर्खा, तनहु, स्याङ्जा, पर्वत हुँदै देशैभरी फैलिएका छन् भने बैदेशिक रोजगार र विभिन्न उद्देश्यले गर्दा गुरुङ्गहरु विदेशमा पनि छरिएर रहेका छन् ।

गुरुङ्ग (तमु) जातिको बसोबास गरेका प्राचीन स्थानहरु हुन जस्तै मुस्ताङ्ग, भोट, मनाङ भोट, लार्के भोट, चुम भोट, रसुवा भोट, जेरुङ्ग भोट लगायत थुप्रै भोट नाम गरेका ठाँउहरु छन् । यी ठाँउहरुमा गुरुङ जातिले प्राय पशुपालन र शिकार खेलेर जीवन निर्वाह गर्दथे । विस्तारै यसले मात्र नपुगेर नयाँ ठाउको खोजीमा हिड्न थाले । पाँचौ छैठौ शताब्दी भन्दा पहिले मनाङ जिल्लाबाट बाहिर छिर्ने बाटोहरु डाफे, एके थुर्चो, पक्रे, खुल्दथ्यो । त्यस समयमा क्होल सोथर भई लमजुङ कास्की पुग्न सकिन्थ्यो । यसै क्रममा शिकार खेल्दै जाँदा केहि गुरुङ क्होल सोथर पुगेका रहेछन् र ठाँउ पनि निक्कै राम्रो फराकिलो र शिकार प्रशस्त पाइने देखि थर मनाङबाट क्होल सोथर तिर बसाई सरेका रहेछन् । त्यस ठाँउमा दरबारको अवशेषहरु अझ पनि रहेका छन् भने विभिन्न लेखक तथा अनुसन्धानकर्ताहरुले यस क्षेत्रको खोज र डकुमेन्ट्री समेत बनाएका छन् । त्यसपछि कृषि युग शुरुवात भएपछि गुरुङ्गहरु लमजुङ, कास्की, गोर्खा तिर झरे भने हिन्दुस्तान तिरबाट आर्य जातिहरु क्रमश नेपालतिर प्रवेश गरे । नयाँ किसिमको खेती प्रणाली वर्तमान स्थितिलाई हेर्दा गुरुङ्ग गाँउहरुबाट गुरुङ्ग समुदाय विस्तारै पोखरा सदरमुकाम तर्फ बसाई सर्दै गरेको पाइन्छ । त्यसले गर्दा गुरुङ्ग गाँउहरुमा घरहरु खाली हुँदै गएको र खेतवारी उपयोगविहिन रहेको पाइन्छ ।

## ५.३ धर्म

आदिमकालमा गुरुङ्गहरु जीउवार धर्म मान्थे जसमा वरिपरिका जीवजन्तु, पशुपन्छी र वातावरणले असर नपरोस् भनेर प्रकृति पुजा गरिन्थ्यो । विस्तारै त्यही धर्ममा मिल्दो वोन धर्म रहन गयो वोन धर्म मुख्य रुपमा पितृपुजा र प्रकृतिपुजा को अनुशरण गर्ने धर्म हो । यो नेपाल भारत लगाएत विभिन्न देशमा

पाइन्छ। गुरुङ्ग जातिले प्रकृतिमा विद्यमान अदृष्य शक्तिलाई देवी देवताको रुपमा मान्दछन्। यी देवी देवतालाई सायो सिल्दो र सब्तो सिब्तो वा सिमे भुमे भनि पुकारिन्छ। तर आजकल बुद्ध धर्म र हिन्दुधर्म दुबै मानेको पाइन्छ। प्राचिन परम्परामा गुरुङ्ग जातिले आफ्नो गाँउठाँउमा पाठपुजा जे गरेता पनि सामुहिक रुपमा प्रकृतिलाई पुज्ने गर्दथे। सामुहिक रुपमा प्रकृति पुजा गर्दा गाँउभन्दा केही पर गई गर्नैपर्ने परम्परा छ। हिजो आज सम्म गुरुङ्ग गाँउहरुमा प्रकृति पुजा गरेको पाइन्छ। प्रकृति पुजाको कार्य गुरुङ्ग पुरोहितहरु अथवा गाउँले बुढापाकाहरुबाट सम्पन्न गरिन्छ। पुजा गरेको एक दिन काम नगरी गाँउ वार्नु पर्ने परम्परा छ। गाँउ वार्नु भनेको खेतवारीमा काम नगर्नु हो। पुजा नगरिकन पुजारीले केही पनि खान हुँदैन भन्ने परम्परा छ। पुजा गर्दा भेडा, वाखा, कुखुरा जस्ता पशुपंक्षीको कलेजोवाट जोखाना हेर्ने चलन छ। जोखना हेर्दा दाँयापट्टिको आफ्नो र वाँयापट्टिको शत्रुको हो भन्ने परम्परा छ। गोठमा भैंसी व्याउदा गैडु पुजा गर्ने, भिरमा ओडारमा गएर भिमसेन पुजा गर्ने, बैशाख पुर्णिमामा कुल (मोह) पुजा गर्ने खेतबारीमा हरेलो पुजा गर्ने जस्ता धार्मिक परम्परा बोनवाद धर्म भित्र पाइन्छ।

## ५.४ भाषा

तमु भाषा भोट बर्मेली भाषा परिवार अन्तरगतको भाषा हो। यसलाई आफ्नै भाषामा तमुकी वा तमुक्यूई वा तमके भन्दछन्। भोट बर्मेली भाषा परिवार रहेको गुरुङ्ग भाषाका कतिपय शव्द हरु तिब्बती भाषासँग मेल खान्छ। गुरुङ्ग भाषाका शब्दहरु तिब्बती भाषाबाट तद्भव र तत्समका रुपमा विकसित छन्। तमु भाषा भोट बर्मेली भाषा परिवारमा पर्दछ। (गुरुङ्ग २०६६)

नेपालमा गुरुङ्गहरुको कुन जनसंख्या ५,२२,६४१ छ भने यसमा पनि तमु भाषा बोल्ने हरुको संख्या ६१% मात्र छ। (जनगणना-२०१२) वास्तवमा नेपालमा गुरुङ्गहरुको जनसँख्या लगातार बढिरहेको छ भने तमु भाषा बोल्ने हरुको संख्यामा निरन्तर कमी आइरहेको छ। यो क्रम अझ दिनका दिन घट्दो छ। गुरुङ्ग भाषालाई गुरुङ्गहरुले नै मुलभाषाको रुपमा नलिईकन दोस्रो भाषाको रुपमा लिएको पाइन्छ। पाठ्यक्रम विश्वव्यापीकरण आदिले गर्दा गुरुङ्ग भाषा लोप हुने क्रममा छन्।

विशेष गरि आफ्नो लिपि नभएको गुरुङ्ग (तमु) भाषा यसै कारणले पनि नेपालका पूर्वी भाग र पश्चिमी भागमा बसोबास गर्ने तमुहरुमा तमु क्युई तमुके लोपोन्मुख अवस्थामा छन्। तापनि हाल तमु ह्युल छोंजधीं, गुरुङ्ग राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजाति उत्थान राष्ट्रिय परिषदको सहयोगमा भाषा नभएका गुरुङ्ग वस्तीहरुमा भाषा कक्षाहरु सञ्चालन गरेर भाषिक चेतना र भाषा सिकाई रहेको छ।

गुरुङ्ग भाषाको बोल्ने तरिका स्थान विशेषमा फरक फरक छन् । जस्तै पूर्वी क्षेत्र गोरखा, लमजुङ पश्चिमी क्षेत्रको कास्की, पर्वत, स्याङ्जा उत्तर क्षेत्रका मनाङ, मुस्ताङ र कास्कीका उत्तरीभाग तथा दक्षिणी क्षेत्रका तनहु र स्याङ्जा दक्षिणी भेगमा वोलिने भाषाका लय र केही शब्दहरु आ-आफ्नो किसिमका छन् । (गुरुङ्ग जातिको चिनारी)

## ५.५ भेषभुषा

हरेक जातिहरुको आफ्नै मौलिक पहिरन हुन्छन् जसले गर्दा उनीहरु कुन जाति विशेषको मानिस हो भनेर खुट्टयाउन सकिन्छ । गुरुङ्गहरुको पनि आफ्नै मौलिक पहिरन छ ।

क) पुरुष : भोटो, कछाड, भांग्रा, टोपी, पश्मिनाको पगरी, औंठि, जुत्ता

ख) महिला : कालो छिटको गुन्यु, पटुकी, चौवन्दी, चोलो, घलेक, मजेत्रो, जुत्ता

आभुषणमा पोते, फुली, सिलमुन्द्री, माडुली, शिरवन्दी, कर्णफूली, नौगेडि, असर्फीको माला, औठी, रैंया वाला, काचको चुरा, टीका, सुनको बुलाकी, मुगाको माला जन्तर आदि

केही बर्षदेखि शहरहरुमा पनि विशेष पर्व तथा अन्य चाडपर्वहरुमा गुरुङ्गहरुले आफ्नो मौलिक परम्परागत भेषभुषामा सहभागी हुन थालेका छन् ।

## ५.६ थर

गुरुङ्ग जातिमा पनि वर्ग विभाजन भएको पाइन्छ । चार जात भनिने घले, घोताले, लामा, लामछानेहरु आफूलाई उच्चदर्जाका ठान्छन् भने १६ जातमा चाँहि क्हल्मै, कोनमै, ल्हम्मै, क्रेमै, लेम्मै, पच्यु, क्रोमयै, थोर्मै, चोवमै, चिव्मै, क्होमै, ताम्मै लगायत गुरुङ्गहरुका आन्तरिक धेरै थरहरु छन् (डोर बहादुर विष्ट) । पहिला पहिला केही भेदभाव थियो भने अहिले त्यस्तो भेदभाव पाइदैन ।

## ५.७ सँस्कारहरु

तमुहरुको जन्म सँस्कारमा शिशुको जन्म हुनासाथ सालनाल छुटाउने, छैठी गर्ने, नाक कान छेड्ने, र न्वारन गर्ने आदि पर्छन । बच्चा जन्मे पछि दुःख विरामी नहोस भनेर बोका, भाले काटी त्यसको रगत ले शिशुको शरिरमा छर्किदिने चलन पनि छ । यसलाई (को : फेवा) भनिन्छ । शिशु जन्मेको समय, तिथी मिति र वार ख्याल गरी त्यस शिशुको नाम जुराउने चलन छ । तर अहिले जन्म समय टिपिराखेर पछि नाम जुराउने प्रचलन पनि चलिआएको छ । शिशु जन्मदा पनि सुकेत लाग्ने भएकाले पुजापाठ गरिदैंन ।

**पास्नी (कई कोवा) :** छोरी भए जन्मेको पाँच महिनामा र छोरा भए जन्मेको छ महिनामा वालकको अन्नप्रासन सँस्कार हुन्छ। एक मानाको चामलको भात पकाई विभिन्न मिठो परिकार बनाई असर्फीले अन्न प्राशन गरिन्छ। आमाबाबुले टिका लगाई खाना खुवाइदिए पछि परिवारका सदस्यहरु लगायत शुभचिन्तकहरुले टिका लगाई शिशुलाई खाना खुलाइन्छ।

**छेवर :**

गुरुङ्ग जातिको छोराको छेवर गर्दा छोरोको बर्गबाट विजोर बर्ष, विजोर महिनामा छेवर गर्ने गरिन्छ। छेवर गर्दा सों ग्या (वर्गको आधारमा छानिएका र शुभ ठहरिएका कर्ता) वाट सुरुवात गर्ने गरिन्छ। ज्योतिषले शुभसाइत र समय जुराई छोराको छेवर गर्ने गर्छन। केही गुरुङ्गले सों ग्या हुने व्यक्तिबाट र केही गुरुङ्गले मामाबाट छेवर शुभारम्भ गराउने चलन छ। छेवर गर्दा बच्चालाई गाईको गोठमा लगि दाम्लोले बाँधेर केश काटिन्छ र पछि वाहिर ल्याएर राम्ररी टुप्पी मात्र बाँकी राखी कपाल खौरिने गरिन्छ। त्यस पछि सेतो चामलको टिका र टोपी अथवा पेटा लगाईदिने चलन छ।

**पुटपुटे :**

यो एउटा गुरुङ्ग समाजमा मात्र पाइने विशेष चलन हो। यसमा कुनै महिलाले छोराको जन्म भएमा उत्सव स्वरुप आफ्नो गक्ष अनुसार माइतितिरको समूहलाई दानदक्षिणा दिइन्छ। विशेष गरि बालक दुई बर्षको भएपछि पुटपुटे उत्सव मनाइन्छ। पुटपुटे पुलपुलेको अपभ्रंश शब्द हो। यस उत्सवको मुख्य क्रियाकलाप भनेको शुभ आर्शिवाद दिने र नाचगान नै हो।

**गुरुङ्गजातिको विवाह संस्कार**

तमुहरुको आफ्नै प्रकारको विवाह संस्कार छ। परम्परावादी तमु हरुको वैवाहिक सम्बन्ध फुपुचेला तथा मामाचेली बीचमा कायम हुने चलन थियो। आजभोलि प्राय यसप्रकारको प्रथा अपनाएको देखिन्न तापनि विवाह भएमा केही आपत्ति मानिदैंन।

सोल्टी र सोल्टीनीको वर्ग जुरेको रहेछ भने र दुवै पक्ष राजी खुशी छन् भने सानैमा एक आपसमा विवाह गर्ने वाचावन्धन स्वरुप रु फैव (धागो बाध्ने) चलन छ। यसको अर्थ पछि वाचावन्धन स्वरुप धागो बाँधिसकेका सोल्टीसोल्टीनी बीच विवाह हुन सकेन भने विवाह तोड्ने पक्षले क्षतिपूर्ति वा दण्डसजाय तिर्नुपर्ने चलन छ। जसको अर्थ यो एक किसिमको अनौपचारिक विवाह नै हो।

अर्को, केटा विदेशमा रहेको अवस्थामा केटीलाई केटाको घरधुरीसँग विवाह गरिदिने पनि तमु समाजको परम्परागत चलन छ। आज भोली यो चलन हराउँदै गएको पाइन्छ।

तमु जातिको विवाह गर्ने विधिहरुमा मागी विवाह, प्रेम विवाह, जवर्जस्ती विवाह, जारी विवाह, विधुर विधवा विवाहलाई लिन सकिन्छ ।

**तमु समाजका मृत्यु संस्कार**

यो संस्कार जीवनको अन्तिम संस्कार हो । गुरुङ्ग जातिमा परिवारको कुनै सदस्यको मृत्यु हुनसाथ आफ्ना भाइखलक, छरछिमेकी र नातागोता लाई तुरुन्तै सुचित गरिन्छ । छोरा भए न्युनतम ९ र छोरी भए ७ बर्ष पुरा भएकोलाई अन्त्येष्टि कार्यमा सहभागि बनाइन्छ । उमेर नपुगेकालाई सामान्य विधिमात्र गरिन्छ । र मृतकको दाजु, भाई, छोरा, जुन आफ्नो नातामा नजिक हुन्छ उसैले अनिवार्य काजकृया गर्नुपर्ने हुन्छ । गुरुङ्ग समाजमा मृत्यु हुनसाथ लासको हातखुट्टा खुम्चाई दिनुपर्छ किनभने लास लैजादा बसाएर लग्ने चलन छ । यस क्रियालाई “रो कुव” भनिन्छ । मृतक शरिरलाई चलाउनको लागि आफ्नो कुल अनुसारको पुरोहितहरुलाई खवर गर्नु पर्दछ । गुरुङ्गहरुको पुरोहितहरुमा लामा, पच्यु, घ्याप्री मानिदै आएको छ । अन्त्येष्टिमा ज्वाई, छोरी र मावली, आस्यो को उपस्थिति अनिवार्य हुन्छ । मृत्यु संस्कारका लागि सहयोग स्वरुप गरिने संगठित कार्य “खे भाई“ भनिन्छ । दाजुभाई छुट्टी भिन्न भएपछि मुलघरमा बस्ने बाहेकले नयाँ समितिको रुपमा समितिमा प्रवेश गर्नुपर्दछ ।

जसमा जो कोहीको मृत्यु हुँदा पूर्व निर्धारित भए अनुसार चामल जाँड रक्सी नगद आदि उठाँउछन् । यसमा नपुग भएमा कर्ताले थप्नु पर्दछ । यो पछि अर्कोको पालामा त्यही कार्य गर्नुपर्छ । अर्थात यो तिर्नू पर्ने खालको हुन्छ । यसको उद्देश्य अन्त्येष्टि संस्कार सजिलै चलोस दुखद घडीमा जो कोहीलाई पनि सजिलो होस भनि गरिने कार्य हो । लामा, पज्यु र क्ह्याप्रीले आ आफ्नो वेद अनुसार दाहसंस्कार गर्दछन भने मृत्यु संस्कारको दास्रो अध्यायमा अर्घु(पय) गरिन्छ ।

अर्घु(पय) पनि गुरुङ्गहरुको कुल अनुसार र उनीहरुको पुर्खाले गरेका परम्परा अनुसरणका आधारमा अर्घु(पय) गरिन्छ ।

अर्घुको प्रकार

१) च्याम्व ट्हुन्ड २) सि पय (अर्घु) ३) स्यो वाच्युह पय ४) ह्वि पय ५) क्हेउ पय

## ५.८ रीतिरिवाज र परम्पराहरु

**पर्म**

पर्म एक किसिमको प्राचीन श्रम विनिमय हो । जसलाई आवश्यकता पर्दछ उसले कामका लागि(विशेष गरि कृषि जन्य कार्य) अन्यलाई बोलाउछन् र उसको काम सकिएपछि फेरि अन्यले बोलाएको दिनमा

अर्कोको काम गर्न जानु पर्दछ । अथवा यसलाई वस्तु विनिमय जस्तै श्रम विनिमय पनि भन्न सकिन्छ । यो आफ्नो काम सकाए वापत उसको घरमा गएर पनि काम गरिदिनु पर्दछ । यसरी गुरुङ्ग समाजमा आलोपालो गरी मिलेर कृषि जन्य कार्य खेतिपाती गरिने प्रचलनलाई पर्म भनिन्छ ।
पर्म प्रथामा बुढाबुढीको पर्म तिर्न युवक युवती र युवक युवतीको पर्म तिर्न बुढाबुढी पनि जान सक्छन् भने एउटा काममा लाएको पर्म अर्को काममा वोलाउन पनि सक्दछन् ।

**हुरी**

हुरी भनेको सामन्यतः वयस्क युवक युवतीहरुको एउटा काम गर्ने जमात हो । जसमा न्युनतम १०।१२ जना सम्म युवक युवतीहरु हुन्छन् । हुन त बुढाबुढीहरुको पनि सहभागिता हुन्छ तर नगन्य मात्रामा । हुरी गर्ने युवक युवतीहरु पालैपालोसँग आफ्ना हुरीका सदस्यहरु मध्ये जसलाई पहिले बढी आवश्यक पर्दछ । उसैको काम गर्न जान्छन् ।

**ढिकुटी**

नेपाली समाजमा बैकिङ्ग प्रणालि विकसित वा शुरुवात नहुदै सोहि प्रकृतिको ढिकुटी प्रणालि गुरुङ्ग समुदायमा विकसित भएको पाइन्छ । यो केही व्यक्तिहरु मिलेर मासिक, त्रैमासिक, षडमासिक तथा बार्षिक रुपमा केही आन्तरिक शर्तहरु बनाई निश्चित जिन्सी वा रकम उठाई क्रमशः पालैपालो एकमुष्ठ लिने विधि हो । यसरी लिएको एक मुष्ठ रकम केही ठोस काम गर्न लगानीका रुपमा प्रयोग गर्न सकिन्छ । यो अरु सँग लिने पैसा भन्दा व्याज सस्तो पर्न जान्छ । यो प्रचलन अझ पनि गुरुङ्ग समुदायमा प्रचलित छ ।

**रुवा खेवा (स्याई स्याई गर्ने परम्परा)**

कुनै पनि व्यक्ति विरामी परेमा वा दुर्घटना भएमा वा कुनै मान्छे मरेको छ भने उससँगै अन्य नजिकका आफन्तको हंस जान्छ भनी मृतकको श्रीमान वा श्रीमती र छोराछोरीहरुलाई स्याई भनि काँचो धागो वाट बनेको माला घाँटीमा लगाई दिने प्रचलन छ । यसरी लगाइने धागोमा पुरुषलाई नौवटा गाठो बनाइएको हुन्छ भने महिलालाई सातवटा गाँठो बनाइएको हुन्छ ।

**क्याँवो लवा (बाटो छेक्ने परम्परा)**

क्याँवो लवा भनेको गाँउबाट टाढा कतै बाहिर तिर जान लाग्दा कुनै दुष्ट आत्मा पछिपछि लाग्छन अनि ति दुष्ट आत्माले दुःख दिन्छन, कुनै अप्ठ्यारो ठाँउमा पुग्दा धकेली दिन्छन वा हाम्रो पछि पछि लागेर अन्त कुनै मानिसलाई विरामी बनाइदिन्छन भन्ने जनविश्वास गुरुङ्ग समुदायमा पाइन्छ । त्यसकारण

गाँउ छाड्दा मुल दोबाटोमा पुगी पाएसम्म काडा भएको टुप्पोमा नभाँचिएको स्याउलोले आफूलाई माथि बाट तलसम्म पन्सेर ढुंगाले थिचेर राख्छन् ।

**ट्होटे**

ट्होटे वास्तवमा गाँउघरबाट भुत प्रेत धपाउनको निम्ति गरिने एक सामुहिक पुजा हो । ट्होटे हरेक बर्षको दुईपटक साउनको अन्तिम मंगलबार र चैत महिनाको अन्तिम मंगलबार मनाइन्छ । ट्हौटेमा पुरुषहरुलाई झुत्रोझात्रो परिहन लगाएर अनुहारमा मुकुण्डो लगाएर भुतको पहिरनमा सिंगारिन्छ र कुखुराको भाले सहित युवकहरुको जमात भूतको पछिपछि सुसेल्दै हो हो हो गरी कराउँदै अनिकाल लैजाउ, सहकाल ल्याउ भन्दै घरघर पसि घरका सबै सदस्यहरुलाई मन्साउछन । भुतको प्रतिक बनाइएको व्यक्ति हरेक घरबाट निस्कने बेलामा घरको मुख्य व्यक्तिले खरानी छर्ने चलन छ । यसो गर्दा भुत पुनः घर भित्र फर्कन पाउदैन भन्ने विश्वास गरिन्छ । गाँउको परिक्रमा सकिएपछि दोबाटोमा गई कुखुराको भाले वलि दिएर त्यही काटी भोज खाने चलन छ ।

## ५.९ चाडपर्वहरु

**दशैं**

२०४६ सालमा नेपालमा बहुदलिय व्यवस्थाको पर्नस्थापना भएपछि अन्य जनजाति जस्तै गरी तमु गुरुङ्गहरुमा आफ्नो पहिचान, भाषा तथा धर्म को खोजी तथा जगेर्ना गर्ने चेतना जागृत हुँदै गएको पाइन्छ । दशैं विशेष गरि हिन्दुहरुले मनाउने पर्व भएको हुँदा गुरुङ्गहरुले मनाउने वा नमनाउने भनेर समुदायभित्रै विवाद भएको देखिन्छ । अन्य जातिको जस्तो घटस्थापनाबाट जमरा राखेर शुरु गरिने यस चाडमा फुलपातिको दिन आफ्नो मरिसकेको पितृहरुलाई भाग दिने चलन छ । दिउँसो टोलटोलमा सामुहिक रुपमा राँगा, खसी, च्याङ्ग्रा, काटि मासु खाने चलन छ । दशमीका दिन विहान दुर्गा पुजा समापन गरिन्छ । दशमीमा आफूभन्दा ठूला बडा कहाँ गई टिका र आर्शिवाद थाप्ने गरिन्छ ।

**तिहार**

तिहारमा अघिल्लो दुई दिन कमशः कागपुजा र कुकुरपुजा गर्छन । लक्ष्मीपुजाका दिन सबैतिर सरसफाइ गरि झिलिमिलि बत्ति बालि धुमधाम सँग लक्ष्मीको पुजा गरिन्छ । लक्ष्मीपुजाका भोलिपल्ट विहान गाईपुजा गरी बाटो घाटो पानी पधेरो र चौतारोमा रंगी विरंगी तोरण टाँग्दछन् । सोही दिन बेलुका ढुकुटी कोठामा माना पाथी भरिभराउ गरी लक्ष्मी पुजा गर्छन । भाईटिकामा दिदीवहिनीको हातबाट

दाजुभाइहरुले टीका लगाई प्रसाद लिन्छन् र दिदी बहिनीलाई दानदक्षिणा दिन्छन् । तिहारमा देउसी भैलो खेल्ने चलन पनि छ ।

### बैशाख पूर्णिमा

बैशाख पूर्णिमा तमु गुरुङ्गहरुको पर्वभन्दा पनि नेपाली परिवेशमा भगवान गौतम बुद्धको जन्म भएको बद्धत्व प्राप्त गरेको र परिनिर्वाण भएको पर्वलाई मानेको हो । परम्परागत तमु गुरुङ्ग समुदायमा यो घाटु विसर्जन गर्ने चाडको रुपमा मानिंदै आएको छ । श्रीपञ्चमी देखि बैशाख पूर्णिमा सम्म निरन्तर रुपमा घाटु नृत्य नाच्ने गर्छन । केही गुरुङ्गहरुका लागि यो दिन बायो (पितृ) पुजा गर्ने दिनको रुपमा मानिन्छ । पितृ पुजा गर्ने धेरैले बायो पुजा गर्दछन् र त्यही बनभोज खान्छन् । आज भोली बुद्धधर्म मान्ने गुरुङ्गहरुले ब्रत बस्ने वाङथाप्ने, ग्रह काट्ने गर्दछन् ।

### साउने संक्रान्ति

तमु गुरुङ्ग असारको रोपाई पश्चात आउने साउने संक्रान्तिमा परिवारका सदस्यहरुलाई वर्षभरि नै लुतो-खटिरा नआओस भनेर लुतो फाल्ने चलन छ । साँझ रात झमक्क परेपछि प्रत्येक घरबाट लुतो फालेको प्रतिक स्वरुप अगुल्टो फाल्ने चलन छ । परिवारको प्रत्येक सदस्यको शरिरको अंगको नाम लिदै अंग प्रत्यंगमा अगुल्टो घुमाउने चलन छ ।

### नाग पञ्चमी

तमुहरुले लु थेब नामबाट परम्परागत रुपमा नागपुजा गर्ने गरेपनि हिन्दुपरम्परा अनुसारको नागपुजन गर्ने गरेको पनि पाइन्छ । साउन महिनाको शुक्लपक्षको पञ्चमीलाई नागपञ्चमी भनिन्छ । नागपुजा गर्नाले सर्पबाट भय हुदैन भन्ने जन विश्वास छ ।

### तमु ल्होछार

तमु समुदायमा नयाँ वर्ग (ल्हो) लाई स्वागत गर्ने र पुरानो वर्गलाई विदाई गर्ने चलन छ । पुष १४ गतेका राति आगो वालेर नाचगान गर्ने, धर्म गुरुहरुबाट ग्रहशान्ति गरी भोलिपल्ट १५ गते विहान विभिन्न गुम्वामा लामा, पज्यु, क्ह्याव्रीहरुबाट पुजा आजा गर्ने गरिन्छ । मानवलगायत प्राणी जगतको सुखशान्ति, समृद्धि र मंगलमय कामना गर्दै ल्होछारमा आर्शिवाद दिने र परिवार तथा समाजका मानिसहरु मिलि बनभोज खाने कार्यक्रम गरिन्छ । साथै एक आपसमा शुभकामना आदान प्रदान गरेर मनाइन्छ । त्यसै ल्हो वाट मानिसको उमेर पत्ता लगाउने र गणना गर्ने चलन छ । वर्ग (ल्हो) चक्रमा १२ वटा वर्ग हुन्छ । एउटा वर्ग फेरी दोहोरिन १२ वर्ष लाग्दछ । त्यहाँ बाट थाहा हुन्छ को व्यक्ति के

कती बर्षको भएको छ भनेर । हरेक तमुहरु जन्म अनुसार कुनै न कुनै वर्गको हुन पुग्छन र यसबाटै उनीहरुको विवाह, वा अन्य कुनै राम्रो काम शुरुवात गर्दा हेरिने चलन छ ।

**लोक नृत्य घाटु**

श्रीपञ्चमी देखि प्रारम्भ गरी चण्डीपुराणमा तथा बुद्धजयन्तीको दिनमा समापन गर्ने एक प्रकारको मौलिक नाचलाई घाटु भनिन्छ । घाटुको शुरुवात करिब १७ औ शताब्दी तिर भएको पाइन्छ । सामान्यत ९।१० बर्षका रजस्वला नभएका दुईजना कन्यालाई राजकुमारीको भेषमा सिंगारी राजा र रानीको प्रतिकका रुपमा नचाइन्छ । घाटु तत्कालिन राजा परशुराम र रानी यम्फादेवीको जीवन कथालाई नृत्य र अभिनयपूर्वक गीति कथात्मक रुपमा प्रस्तुत गरिन्छ । घाटु नाच नेपालको परिवेशमा नै नौलो किसिमको नृत्य हो र यो गुरुङ्ग समुदायमा मात्रै नाचिन्छ । गुरुङ भाषामा घा भन्नाले घाउ, वेदना, पीडा दुःख वा मर्माहत अवस्थालाई भनिन्छ भने टु भन्नाले सेलाउनु विसर्जन गर्नु वा मनमा शान्ति ल्याउनु भन्ने हुन्छ ।

घाटु तीन किसिमका हुन्छन् ।

क. सती घाटु

ख. बाह्रमासे घाटु

ग. कुसुण्डा घाटु

**रोधी**

गुरुङ्ग जातिको साँस्कृतिक परम्परा मध्ये सर्वाधिक चर्चा हुने शब्द रोधी हो । पश्चिमान्चलका गुरुङ्ग समुदायमा विशेष रुपमा प्रचलित रोधी परम्परा नेपालको लोक साँस्कृतिक फाँटको अतुलनीय सम्पदा हो । रोधीको अर्थ रोव र धीँ लाई मिलाइ रोवधि वा सुत्ने घर हुन्छ । यही रोव धी भनने शब्द अपभ्रंश भई रोधी भएको भन्ने भनाई छ ।

रोधीको संरचना र औचित्यका बारेमा भन्नुपर्दा एकै उमेरका दौतरी युवा युवतीहरु एकै ठाँउमा भेला भएर सीप, कला, ज्ञान र सामुहिक व्यवहार सिक्ने स्थानको नाम रोधी हो । रोधी प्राचिन समयमा विद्यमान सामाजिक मुल्य र मान्यतामा आधारित विश्वास तथा सिप सिक्ने पाठशाला हो ।
यो लोकसस्कृतिलाई जीवन्त तुल्याउने फुर्सद मिलाएरु गाउने बजाउने नाच्ने रमाइलो गर्ने थलो हो ।
रोधी गुरुङ्गहरुको पारस्परिक सहयोग सद्भाव र अनुशासनको व्यवहारिक ज्ञान आर्जन गर्ने विद्यालय हो ।

## ५.१० गुरुङ्ग जातिको पेशा

### पशुपालन

अन्नपूर्ण हिमशृखलाको वरपर बस्ने गुरुङ्ग जाति धेरै समय पहिले पशुपालन गरी जिवीका निर्वाह गर्दथे। पशुपालबाट दुध, दही, मही, मासु लगाएत राडी पाखी बुन्नका लागि उन पनि पशुपालनबाट नै उत्पादन गरि जिवन निर्वाह गर्थे। साह्रै उच्च लेक देखि मुनिको पहाडी गाँउहरुमा गाई भैसी पालिन्छ। २/३ वटा देखि ३०/३५ वटा सम्म भैसी र ३/४ वटा देखि ६०/७० वटा सम्म गाई भएका गोठहरु हुन्छन्। गोठ गाउँघर भन्दा पर जंगलमा हुन्थ्यो। त्यस्तै १०० देखि १००० सम्म भेडा वाखा भएको भेडी गोठहरु पाइन्छ। यस्ता भेडी गोठहरु समुहमा वा एक्लै पनि गरिन्छ। यस्ता भेडी गोठहरुमा सुरक्षाको लागि एउटा भोटे कुकुर पनि पालेको पाइन्छ। तर आजकल यस्तो प्रचलन अलिक लोप हुने कममा रहेकोले जतातते भेटिन छाडेको छ विभिन्नकारण र सहरीकरणले गर्दा मानिसहरु शहरबजारमा बसाई आउनेक्रम जारी छ। त्यसैलै ठूलौ भेडी गोठालो र पशुपालन पाउन मुस्किल छ।

### कृषि

पशुपालनसँगै कृषि पनि गुरुङ्ग हरुको जीवीकाको एउटा प्रमुख आधार हो। हरेक गुरुङ्ग गाँउको आफ्नै बेसी हुन्छ। गाँउको शिर देखि पाउको फेरी वा खोलाको किनारासम्म खेतवारीहरु फैलिएका हुन्छन्। जहाँ धान मकै कोदो तोरी आलु आदि खेती गरिन्छ। आफूलाई आवश्यकपर्ने खाद्यान्न राखी अरु बेचिन्छ।

### प्रशासनिक सेवा

प्रशासनिक सेवा, शिक्षण सेवा तथा अन्य सरकारी एवम् गैरसरकारी संघ संस्थाहरुमा पनि गुरुङ्गहरुको सहभागिता बढ्दै गएको छ। अहिले आएर आरक्षण कोटाले पनि आदिवासी समूहमा प्रशासन तिर अघि वढ्नका लागि केही हद सम्म सहयोग पुऱ्याएको छ।

### सैनिक सेवा

गुरुङ्गहरु भारतिय, विट्रिश र नेपाली सेनामा भर्ती हुन जाने चलन पहिले देखि नै चल्दै आएको छ। यो सैनिक पेशा गुरुङ्गहरुको निम्ती एउटा बलियो। भरपर्दो आयस्रोतको रुपमा रहेको छ। यसै सैनिक पेशाबाट नै विर गोर्खाली भनि विश्वमा नेपाल देशलाई चिनाउन सफल भएको छ। गुरुङ्गहरुको प्रमुख पेशा नै सैनिक पेशा हो यसका अतिरिक्त खाडि मुलुकहरुमा पनि जाने गरेको छ। भने पढाईको शिलसिलामा अष्ट्रेलिया, जापान, अमेरिका युरोपतिर पनि गएको भेटिन्छ।

# अध्याय छ

## मृत्यु सँस्कार (सिम्हि त्हैं)

जीवनमा घटने विभिन्न घटनाहरु मध्ये मृत्यु पनि एक हो । जन्मे पछि मृत्यु निश्चित छ तर कहिले र कसरी मृत्यु हुन्छ निश्चित छैन । मृत्युबाट यस जगतका कुनै पनि प्राणी मुक्त छैनन् । मृत्यु प्राकृतिक काल चक्र हो । मृत्यु द्वारा आपनो आफन्त अकस्मात विछोडिन पुग्दा मानिसहरुमा असहज र अस्वाभाविक मानसिकता र परिस्थिति सिर्जना भएको हुन्छ जसलाई सहजीकरण गर्नका लागि मृत्यु पश्चात विभिन्न कार्यहरु गर्ने गरिएको पाइन्छ । यसरी गरिने मृत्यु सँस्कार गुरुङ्ग जातिमा पनि महत्वपुर्ण संस्कारको रुपमा मनाउदै आएको पाइन्छ । यसमा निहित सामाजिक, साँस्कृतिक र आर्थिक पक्ष आदि समष्टिगत रुपमा देख्न सकिन्छ । सिम्हि त्हैं (मृत्यु सँस्कार ) दुई चरणमा उल्लेख गर्न सकिन्छ ।

१) न्हो वाबा (मृत शरीर सद्गत गर्ने)

२) पय लव (अर्घु गर्ने)

अर्घु (पय) वोन धर्म अनुसार हो । जुन परम्परा देखि चलिआएको छ । नेपालका गुरुङ्गहरुले गर्ने मृत्यु संस्कार वास्तविक रुपमा बोन धर्म अनुसार भएको भएता पनि पछिल्ला दिनहरुमा वोन धर्म र बुद्ध धर्म को मिश्रित प्रभाव परेको पाइन्छ र बोन धर्म गुरु बाट गरिने मृत्यु संस्कार र बुद्ध धर्म गुरुबाट गरिने मृत्यु संस्कारमा निकै भिन्नता हरु र विविधताहरु पाइन्छ ।

मत्यु संस्कारको लागि आवश्यक तथ्य र जानकारीहरु संकलन गर्न स्थलगत अध्ययनको क्रममा कास्की जिल्लाको लेखनाथ नगरपालिकाको मौजली टोल, स्याङ्जा जिल्ला फेदिखोला गा.वि.स. को कुविन्डे र तनँहु जिल्लाको थाप्रेक गा.वि.स.को कोत्रे बजारबाट संकलन गरिएको तथ्य र जानकारीहरुको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ । यस अध्ययनमा मैले लेखेको शिर्षक 'गुरुङ्ग जातिको मृत्युसंस्कार र अर्घु (पय)मा विविधता' रहेकोले अर्घुको विविधता प्रस्तुत गरेको छु । तमु (गुरुङ्ग) को मृत्यु संस्कार गुरुङ्ग पुरोहितहरु लामा, पज्यु, घ्याप्री र वोनलामा द्वारा गरिन्छ । पज्यु र क्ह्याप्रीले गर्ने कर्म काण्ड तमुका परम्परागत किसिमका हुन्छन् भने लामाहरुले गर्ने कर्म काण्डमा तिब्बती लामाहरुको प्रभाव देखिन्छ ।

तमु (गुरुङ्ग) को मृत्यु संस्कारमा अनिवार्य जुट्नुपर्ने नातागोताहरु १) नेव मै (परिवार), २) त्ह मै ( दाजुभाई खलक) ३) आस्यों मैं (मावली) (४) म्हो च्हमे मै (ज्वाई छोरीहरु) ५) प्हैंवो गुरु मै (पुरोहितहरु

पच्यु, क्ह्याप्री, लामा) अनिवार्य छन् । यसका अतिरिक्त ङे मै (सम्धी, सम्धीनी) रींच्हमे मै (चेली बेटी), गाँउ ठाँउका भद्र भलाद्मीहरु, अन्य आफन्तहरु, ईष्ट मित्रहरु, युवा युवतीहरु, शुभचिन्तकहरु र छरछिमेकी पनि उपस्थित हुन्छन् ।

१) **न्हो वाबा** मृतकको भौतिक शरीरलाई विसर्जन गर्ने कार्यलाई तमु भाषामा "न्हो वाबा" भनिन्छ । यसको अर्थ लाशलाई विधिपूर्वक सद्गत गर्नु हो । लाश सद्गत गर्ने गुरुङ्ग (तमु) समुदायको आफ्नै मौलिक परम्परा र विशेषता छन् । मानिसको मृत्यु हुनासाथ मृतकको भौतिक शरीर विसर्जनका लागि गुरुङ्ग (तमु) पुरोहित (पज्यु, क्ह्याप्री वा लामा) लाई खबर गरिन्छ । तथा आफ्ना दाजुभाई, मावली माइती (आस्यों), छोरी ज्वाई (म्हो च्हमी), आफ्नो आफन्त टोलछिमेकी तथा अन्य खवर भए पाएजति सम्पूर्ण उपस्थित हुन्छन् । जव गाँउमा कुनै मानिसको मृत्यु हुन्छ, शोक मनाउन गाँउभरि नै काम गर्न छाड्ने वा वार्ने (प्रिवाः) गरिन्छ । मृतकको अन्तिम संस्कार नगरे सम्म ढिकी जाँतो गर्ने, खनजोत गर्ने जस्ता केही काम गर्ने गरिदैन । "तमुहरुको भौतिक शरिर विसर्जन गर्नु अघि मृतकको मृत्यु भएको समय, मिति, तिथि, तमु पुरोहितलाई हेराई पन्चतत्वमध्येका (स) माटो, (मे) आगो, (क्यु) पानी, (खय्) हावा र (म्रो) आकाश मध्येमा केमा मृतात्मा विसर्जन गर्न जुर्छ त्यसमा गर्ने परम्परा रहेको थियो भन्ने बुझिन्छ । तर आज भोलि यस्तो चलन विस्तारै हराउँदै गएको छ र गाँउमा निर्धारित चिहानमा लगेर खाल्डो बनाई गाड्ने अथवा जलाउने गरिन्छ ।" (हेमा थकाली गुरुङ्ग)

६.१.१ क्रःतोवा (टाउको फर्काउने) मृत्युको सुचना भएपछि आफन्त र गुरु पुरोहितहरु मृतकको घरमा उपस्थित हुन्छन् । पज्यु क्ह्याप्री आईपुगेपछि मृतकको क : तोवा अर्थात शीर (टाउको) ढोकातिर फर्काउने कार्य हुन्छ । यस कार्यमा मृत्यु हुँदाको अवस्थामा रहेका मृतकको सिरान वा टाउकोलाई ढोकातिर फर्काएर राखिन्छ । यो कार्य पज्यु क्ह्याप्रीको उपस्थितिमा (म्हो )ज्वाई हरुले गर्दछन्, लाश राखिने ठाँउमा लिप/पोत गर्छन र लिप/पोत गरेको ठाँउमाथि उल्टो परेर गुन्द्री अथवा मान्द्रो ओछ्याई त्यसमाथि ओछ्यान सहित लाश राख्छन् । क्र : तोवा गरिसकेपछि मृतकको मुखमा सुन अथवा चाँदी नभए तामाको सिक्का राख्ने गरिन्छ । मृतकको सिरानीमा थाल वा टपरीमा एकमाना चामलको अक्षेता राखी त्यसमाथि दियो वत्ती र धुप बालेर राखिन्छ ।

क्रः तोवा गरिसकेपछि पज्यु क्ह्याप्रीहरु लाशको अगाडि बसेर आफ्नो त्हैं (यज्ञ) शुरु गर्छन ।

६.१.२ म्हने पढ्ने (म्ह्नेट्होव) मृतकको आत्मा पापबाट मुक्त होस भन्नाका लागि 'ऊँ मणि पद्मे हुँ' भन्ने मन्त्र जप्दै आत्मालाई शुद्ध गर्ने गरिन्छ । म्हने गर्दा एक माना चामलको अक्षता, भेटीपैसा,

फुलपाती, पुरोहितको जपमाला (म्ह्नेमाला) चोखो सुनपानीको लोहोटामा चोपेर मृतकको लाशमा छर्कदै मन्त्र पढ्दै वेलावेलामा एकोहोरो तू (ध्वनि) बजाएर मृतकको कानमा शङ्ख फुकिदिन्छन् । यसरी शङ्ख फुक्दा भुत प्रेत दोष दोषालोले मृतकको आत्मालाई नकारात्मक प्रभाव गर्ने सक्दैन भन्ने विश्वास गरिन्छ । म्ह्ने पढने चलन लामा बौद्ध धर्मबाट अनुशरण गरिएको हो ।

६.१.३) मावली कपडा (आस्यों कोँई) दिने भनेको मृतकको मावलीले मृतकको लाशमाथि कात्रो बस्त्र ओढाउने कर्मलाई जनाँउछ । तमुको मृत्यु सँस्कारमा मावलीको विशेष भुमिका हुन्छ । मृतकको आफ्नै मावली नभएमा मावली खलकका वा मामा पर्ने जो कोहीबाट भएपनि आस्यों कोँई (मावली कपडा) ल्याएर कर्म चलाउनु पर्दछ ।

"पज्यु पौ बहादुर गुरुङ्गको भनाई अनुसार आस्यों कोँई दिनुको मुख्य अर्थ मृतकको आत्मालाई मातृत्व प्रदान गर्नु हो ।" (गुरुङ्ग जातिको चिनारी) मावलीबाट प्राप्त चामल र नुन पोको पारी मृतकको सिरानीमा राखिदिन्छन् भने कपडा शवमाथि ओढाइ दुध छर्किदिन्छन् । मृतकको भाइखलकहरुले शबमा माटो चढाएर एक मुठी माटो सिरानीमा राखिदिन्छन् ।

६.१.४) क्ल्हे छ्योएवा : क्ल्हे छ्योएवा भनेको गुरु पुजा हो यसमा पुरोहितहरुले आफ्नो गुरु र पितृहरुसँग कार्य सफलताको कामना गर्दछन् र मृत आत्माले स्वर्गमा बास मिलोस भन्ने कामना गर्दछन् ।

६.१.५) सिदाँ ल्हेवा : सिदाँ ल्हेवा भन्नु सिरा छारा भन्नुको अर्थ एउटै हुन्छ । यसमा जन्मदेखि मृत्युसम्म सत्मार्ग देखाउदै आफ्नो कुल पितृसँग लिन गराउने कर्मको वर्णन गरिएको हुन्छ । यो मृत्यु संस्कारको अध्यायहरु मध्ये प्रमुख हो । यो कर्म विना गरिएको मृत्यु संस्कार कार्यहरु अधुरो मानिन्छ । यस कार्यमा थालीमा एक माना अक्षेता, भेटी पैसा प्हाफुई (एक वोतल रक्सी, चोखो पानी) रहाना (कोदोको जाँडको छोक्रा) चाहिन्छ । यस कार्यमा सहयोगीको भूमिका ज्वाई (म्हो) को हुन्छ । त्यसैले ज्वाईको उपस्थिती अनिवार्य हुन्छ । आफ्नो ज्वाई (म्हो) नभए भाइखलकको ज्वाई भएपनि चाहिन्छ । यस कार्यको उद्देश्य मौखिक र लिखित रुपमा रहेको विभिन्न शास्त्र(प्ये) वाचन गरि मृतकलाई बैकुण्ठमा वास गराउने हो ।

६.१.६) धनुषवाण हान्ने (म्हे ल्हिव)

आँगनबाट लाश उठाउनु अघि धनुषवाण हान्ने कर्महरु गरिन्छ । धनुषवाण हानिसकेपछि मृतकका छोरोले चोखो भातको डल्ला बनाई त्यसमा विभिन्न तरकारीका परिकार सिन्कामा उनेर चारै दिशामा पिण्ड (फोल वावा) अर्पण गर्छन ।

त्यसबेला पुरोहितले ढ्याङ्ग्रो, झ्युर्मा नौ तालमा बजाई नाच्छन् । धनुषवाण हानिसकेपछि स्वर्गद्धार कोर्ने (सिमा) भनी शव लाने दिशाको बाटोमा राखेका काठको सानो कप्टेरो राखेको हुन्छ । त्यसलाई कुलको जेठो छोरोले (त्हक) ले टोपी झिकी निधारमा कालो टिका लगाई भालाले हान्छन् । पालैपालो छोरा अनि दाजुभाइहरुले हान्छन् । त्यो फोरिसकेपछि स्वर्गको बाटो खुल्छ भनिन्छ । त्यस पछि शवयात्रा सुरु गर्ने गरिन्छ । छोरीले क्रस गर्छन क्रस गर्दा चरेसका बटुकामा तेल घ्युले शबमाथि राखिएको चिल्लो पात भएको रुखको हाँगामा लगाईदिन्छन् । त्यो भाँडा छोरीलाई दान गर्दछन् ।

६.१.७) शवयात्रा

बाटो देखाउने आठहात लामो सेतो कपडालाई निगालोको आठ कप्टेरोमा अड्काएर फैलाइएको हुन्छ । यदि मृतक महिला हो भने बाटो देखाउने कपडाको अगाडि भागमा महिलाले लगाउने घलेक अथवा मजेत्रो राखिन्छ । यसबाट मृतक महिला हो कि पुरुष हो भनि छुट्याउन सकिन्छ । शवयात्रामा बाटोरुपी कपडाले यात्रा सुरुवात गर्दछन् , त्यसपछि लावा छर्ने छोरीहरु हिँड्ने गर्छन त्यसपछि शव बोकेका छोराहरु हिड्छन् अनि पुरोहितहरु ढ्याङ्ग्रो बजाउँदै हिड्छन् र अन्तमा अन्य मलामीहरु हिड्छन् ।

६.१.८) दाहसँस्कार

शव चिहानमा पुऱ्याइसकेपछि गाड्ने अथवा जलाउने काम गरिन्छ । जुन पहिले नै तय गरिएको हुन्छ । जलाउने भए पुरोहितहरुले अग्नि शास्त्र पढ्छन् र त्यसपछि छोरा लगायत मलामीले मट्टीदान गर्दछन् । त्यसपछि छोराले तीनपटक चिताको परिक्रमा गरी चितामा आगो अर्पण गर्दै दागवत्ति दिन्छन् । गाड्ने हो भने खाल्डो खन्ने शास्त्र पढिन्छ । शवलाई खाल्डोमा राख्नुभन्दा पहिले छोराले तीनपटक परिक्रमा गरी त्यस खाल्डोमा पुजा गरी शव राखिन्छ र पुर्ने काम गरिन्छ । दाहसँस्कार सकिएपछि छोरा र अन्य भाईखलकहरुले कपाल दाह्री, जुँगा र आँखी भौं खौरेर सेतो कपडा टाउकामा बाँध्छन् । मलामीहरु घर फर्कदा पानी पधेरो छ भने गई नुवाई धुवाई गरेर घरको नजिक दोवाटोमा आएपछि धुपीको धुप र सुनपानीले चोखिने चलन छ ।

६.१.९ मृतकलाई खान दिने (सिमीकय्) शव सेलाएको तीन दिनमा दिइने सिमी कय् (मृतकको खाना) भनी चिहानमा गएर वा चिहानतर्फको दिशातर्फ कईफुई अर्थात चोखो भात माछा, मासु, फलफूल टपरीमा राखी मृतकलाई चढाउने चलन छ । यसमा भाई खलक देखि लिएर छरछिमेकी नाताकुटुम्ब चिनजानेको इष्टमित्रहरु सहभागी हुने गर्छन । यस दिन मलामी गएकाहरुलाई मलामी खाना खुवाउँदा

प्राय जसो महिलाको मृत्यु भएको ७ दिनमा पुरुष भए मृत्यु भएको ९ दिन पछि जुठो फाल्ने (जुठा वाबा) गरिन्छ ।

अर्घु (पय) भनेको आत्मविसर्जन कार्य हो 'सो कार्य कर्ताहरुको अनुकुल समय मिलाएर गरिन्छ । त्यसै दिन थाहा गरिन्छ । अर्घु (पय) गर्ने कि १३ दिनमा चोखाउने भनेर ।

## ६.२ अर्घु (पय)

अर्घु (पय) मृत्यु संस्कारको दोस्रो अध्याय हो । यो कार्य कर्ताले आफ्नो समय अनुकुल मृत्यु भएका दिन देखि पनि गरिन्छ । १३ दिनमा सक्ने गरेर पनि गरिन्छ भने कही दिन, महिना वा बर्ष पछि पनि गर्ने गरिन्छ । यो कार्य अर्घु (पय) व्यक्तिगत रुपमा वा सामुहिक रुपमा आफ्नो आर्थिक अवस्था हेरेर गर्न सकिन्छ । तर मृतकको नाममा ढिलो चाडो, व्यक्तिगत वा समुहमा जसरी गरेपनि अर्घु पय चाँहि गर्नु नै पर्छ ।

अर्घु कहिले र किन गरिन्छ भन्नेहरुमा विभिन्न कथनहरु पाइन्छ । हरेक अर्घु (पय) गर्ने विधिमा आ-आफ्नो कथनहरु भेटिन्छ । तर अर्घु (पय) प्रमुख उद्देश्य मृतकको आत्मालाई स्वर्गमा वास गराउ नै हो । प्रारम्भिक धर्म संस्कृतिको अवधारणा अनुसार मृतकको मृत्युपछि आफन्तजनहरुले उचित मृत्यु संस्कार गरेन भने मृतकको आत्मा असन्तुष्ट भई दुषित आत्माहरुसँग मिलेर जीवित आफन्तजनहरुलाई, खेतीपाती पशुपन्छीहरुलाई हानि पुऱ्याउँछ । त्यसैले मृतकलाई सवैजना मिलि उसलाई मनपरेको खाना, कपडाहरु, उसको छोरी ज्वाँई, चेलीवेटी, आफन्तहरुलाई दिएमा उसले आफूले पनि पाउने र स्वर्गमा वाँस पनि हुने जनविश्वास छ ।

अर्घुको (पय) विभिन्न ऐतिहासिक पृष्ठभूमि रहेको पाइन्छ । अर्घु (पय) क्होला सोथर ट्होबाट भएको हो भन्ने भनाइ छ । यस अघि क्होला सोप्रे तहोमा (क्होला सोथर) ले मकोको अर्घु (पय) गरेपछि मात्र विधिवत रुपमा अर्घु (पय) भएको थियो भन्ने एक कथन छ । यस अघि कुकुरको अर्घु (पय) गरेको आख्यानहरु भेटिन्छ । क्होला सोथर गाँउको राजा क्ह्याल्वो खम्पाको द्वारे चिमी हुड्डो थियो । राजाको आदेश अनुसार उनले जनतासँग तिरो उठाउने काम गर्दथे । तर उनले आफ्नो गरिब मामा माइजुको घरमा तिरो उठाउन जाँदा गरिब भएको कारणले तिरो दिएनन् उक्त कुरा राजामा जाँहेर हुँदा राजाले मामा माइजुको जिब्रो हात घाटी ल्याऊ भन्ने हुकुम भयो । हुकुम अनुसार थिमी हूँइडोले मामाको

कपाल खौरी जिब्रो हात काटे भने माइजुको स्तन काटिदिए । मामा माइजुलाई यसरी दुःख दिएपछि मामा माइज्युले आफ्नो भान्जालाई श्राप दिए । श्रापले गर्दा चिमी हुँइडोको मृत्यु भएछ ।

राजाले आफ्नो द्वारेको मृत्यु भएपछि निजलाई अर्घु गरिदिएछन् । तर आस्यों टालो (मावली कपडा) विना अर्घु गर्दा उनी स्वर्ग जान नसकी बाटो मै भौंतारिए बाटोमा रुदै बसेको बेलामा गाँउ घुम्दै आएको बेलामा उनी रुएको सुने पछि किन रुएर बसेको तिमी को हौ भनी प्रश्न गर्दा आफू त्यही गाँउका राजाको द्वारे भएको र आफूले पाप गरेको हुँदा मामा माइजुले आस्यो टालो नदिएर आफू स्वर्ग जान नपाएको कुरा बताए पछि मामालाई उसको धनपैसा दिएर मामाको घट्टाको कपडा ल्याएर आस्यों टालो गरेर फेरि अर्घु(पय) गरिदिए पछि उनी स्वर्गमा वास भएको कथन छ ।

अर्घु (पय) यति दिनमै गर्नुपर्छ भन्ने कही छैन तापनि मरेपछि अर्घु (पय) गर्न अनिवार्य छ । होइन भने राम्रो मानिदैन साधारणत अर्घु (पय) मृत्यु भएको विजोड दिन, महिना र बर्षमा पुरोहितसँग ङ्हिमा तिथी सिङा (नक्षेत्र) र त्हैंज्ये (लगन) जुराएर दिन तोक्दछन् । पुरोहितले त्यसबर्षको स्वगा (राम्रो वर्ग व्यक्ति) तोकी दिन्छ र उनीहरुको हातबाट सामाग्री जुटाउने शुरुवात हुन्छ । पय गर्ने परिवार र दाजु भाईसँग सर सल्लाह गरिन्छ भने मावली गुरु पुरोहितहरु (पज्यु, क्याप्री, बोनलामा, लामा) आदिलाई निमन्त्रणा गरिन्छ । उनीहरुले निमन्त्रणा पाएपछि अर्घु (पय) को दिन अनिवार्य उपस्थित र आफूले सकेको सहयोग गर्ने चलन रहेको छ ।

तमु समाजमा तिब्बती लामाहरुको प्रभावले गर्दा अर्घु (पय) आज भोली विविधता पाइने गरेको छ । पज्यु, क्हयाप्री र वोन लामाले गर्ने अर्घु (पय) र लामाहरुले गर्ने अर्घु (पय) को विचमा तुलना गर्ने हो भने सामञ्जस्य छैन ।

पज्यु, क्हयाप्रीले गर्ने संस्कारमा अर्घु (पय) को विजोर दिन, महिना र बर्षमा पारी हेरेर सौंग्य भएको व्यक्तिको हातबाट गरिन्छ । सगुनी, महिलालाई छिनोवा रहमे भनिन्छ । छी : नोवा च्हमेको वावा आमा नभएको हुनुपर्छ । सगुनी पुरुषलाई पात (ल) सिं दाउरा ल्याउने मानिस भनिन्छ । पय शुरु गर्ने दिनको विहान सगुनी पुरुषले वन देखि पात र दाउरा खोजी ल्याउँछन् । सगुनी महिलाले धान झिकेर र ढिकीमा लगरे उल्टो फर्केर वायाँ खुट्टाले ढिकी कुटछिन । त्यो चामल चोखो गरेर पकाइन्छ र त्यो भात सगुनी पुरुषले टिपेर ल्याएको पात बुनि त्यो भातमा मर्चा मिसाएर जाड राख्छन् । त्यो जाँडलाई फ्हाफुई भनिन्छ । त्यो अर्घु (पय) कार्यमा देवदेवी साथै गुरुहरुलाई अभिषेक गर्ने प्रयोग गरिन्छ ।

**१) पहिलो दिन**

पय शुरु गर्ने दिनको साइत अनुसार पच्यु र क्हयाप्री अथवा वोन लामा आफ्नो सामान लिएर अर्घु (पय) घरमा आइपुग्छ । पुरोहितहरु आएको सुचना पाएपछि रोटी रक्सी लगेर स्वागत गरी उनीहरुको डेरामा लगेर राखिन्छ । आस्योले प्रसाद नदिए सम्म अरुले ल्याउन पाउदैनन् । साझ अर्घु (पय)को (अँला) निसान खडा गरी अर्घु अवधि भरी दाजु भाईहरु मावली ज्वाईहरु छोरी चेलीहरु पुरोहितहरुलाई निश्चित ठाँउमा बस्ने स्थान बनाइ दिन्छ । किनभने यिनीहरु अर्घु (पय) भरी महत्वपूर्ण भुमिका रहेको हुन्छ ।

अर्घु (पय) युवा (पय थाल्ने) त्हिँज्ये (लगन भएपछि पज्युले थालनी गर्छन । थालनी गर्नु भन्दा पहिले टाँडमा बसी (मृतात्मा) पुकार गर्छन । यस कर्मलाई सिमी भगरीवा भनिन्छ । सिमी भारी सकेपछि विहान म्हो (ज्वाई) हरुले पुजा गरी काटेर ल्याई राखेको २ हातको हरियो वासलाई घोप्टो पारेर ओछ्याएर मान्द्रोमाथि कम्बल ओछ्याएर तकिया माथि राखिन्छ । त्यस बासलाई (अलाँ) निशान झण्डा बनाउनु भन्दा पहिले मृतात्माको हंस मानी मृतकका आफन्तहरुले विभिन्न खाद्यवस्तु तद्येलु (अर्पण) गर्छन् । त्यसपछि पुरोहितले दिएको समयमा त्होदु (ढोलक कस्तो, टाम्कीको तालमा पुरुषले फलामको छिनो वा राबोले मुङ्ग्रोलो तेर्स्याइएको बाँसमा तोकिएको ठाँउमा चिरुवा प्वालहरु पार्दछन् । त्यसमा आठहातको सेतो कपडाको विट च्यापेर झण्डा राखिन्छ । अलाँको टुप्पामा नैवेद्यहरु, मुतरा घ्युकुट, नामक बनस्पति, जुत्तामाला एउटा पिरागुमा रोटी, रक्सी, थैली, टोपी वा मजेत्रो आदि झुण्डाउछन् । अलाँको फो ट्होवा गर्दा एकैसाथ आगो वाल्ने काम पनि हुन्छ । यसरी बालेको आगोलाई पयको अन्तिम दिनसम्म बालिरहनुपर्छ । र पय घरमा चल्ने भान्साको लागि सगुनी पुरुषले विहान ल्याएको दाउराको सिठोमा आगो सल्काउछन्  र त्यो आगो पज्यु क्हयाप्री लामा आस्योंको डेरामा वितरण गरिन्छ ।

अलाँ ठड्याएपछि विधिवत अर्घु (पय) को शुरु हुन्छ । अलाँलाई पज्यु क्ह्याप्री भन्ने गर्छन । अलाँ घरको एक छेउमा झुन्डाउछन् । त्यो एउटा स्वर्ग जाने भऱ्याङ मानिन्छ । परम्परागत रुपमा पय थाल्दा थिंणु भनी बोका भोग दिइन्छ । अलाँ गाड्ने दिनमा किरिया पुत्र पुत्री (छोराछोरी) लगायत परिवारजन र आफ्नो दाजु भाईहरुले छाक छाड्छन् पय भरी छोराले कपाल फालेर, मुडुलो बनाउछन् भने छोरीरुहले कपाल छोड्छन् । सबैले कालो टिका लगाउँछन् ।

अर्घु(पय) थालेको राती क्ह्याब्रीले क्योत्हे अर्थात मृतात्मालाई मुक्तिको मार्ग देखाउने काम गर्छ । यस त्हेमा क्ह्याब्रीले तोर्मा बनाउँछन् । उनीहरुको आफ्ना गुरुहरु तडें क्ल्डें च्योडे, क्ल्हे, वहगंर, क्ल्हे, चोएडादुँ क्लहे, क्हार्मी सिङा (सुखसाती भुवन) मा लीन गराउँछन् ।

फैलु फालेको घरमा पुरोहितहरुले (कुल देवताको पुँजा) गर्छन । सिफै लुंमा पनि बोका बलि दिन्छन् । खासै वितरण गर्नु अघि मृतकका छोरोले पज्युको टङ्कीको तालमा डल्ला पारेको भात पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशामा अर्पण गर्ने गरिन्छ । पज्युले ढाँल र अर्कोले टङ्की बजाउने गर्छन । त्यसपछि थुन्सेमा भात राखी राति गाँउको छिमेकीको घर घरमा वाड्ने चलन छ ।

**दोस्रो दिन**

पयको दोस्रो दिन पज्यु र क्ह्याव्रीले गर्ने पुजामा यस दिन क्ह्याव्रीको काम बढी हुन्छ । क्हयाव्री पुरोहित छ भने आँगनमा टाडी बनाई स्याखु ओछ्याएर बस्छन् । वोन लामाले गर्ने पयमा ढुङ्गा माथि गोवरको दुईवटा यज्ञ शाला बनाइएको हुन्छ । तीनवटा नयाँ निगालाको शरको त्रिखुट्टी र धारा पातलाई (करु) भन्दछन् । त्यस करु बाट झरेको जाडको थोपा झावेमा पर्छ र त्यहाँ जम्मा हुन्छ । झावे काठको बनाएको हुन्छ । झावे तलपट्टि भुईको जस्तो डल्लो र त्यसमाथि एक वित्ताजति लामो सुरिलो चक्रपारी बनाइएको हुन्छ । झरुवा परेको जाँडबाट यज्ञशालाको अभिषेक गराइन्छ । यो दिन धेरै महत्वपूर्ण हुन्छ । धेरै जसो पाहुनाहरु दोस्रो दिनमा आइपुग्छन् । क्ह्याव्रीले घरबाहिर टाँडीमा बसी सुर्लुत्थे गर्छन् । टाँडीमा बसी झुर्मा ढ्याङग्रो बजाँउदै उत्तरतिर फर्केर सुर्लुत्हे गर्छन् । सुर्लुत्हेमा पुरोहितहरुले प्ल्ह बनाउनुको साथै प्ल्ह बनाउन जिम्मेवारी पाएका व्यक्तिहरुका बारेमा वर्णन गरिएको कथा (प्ये) पढ्छन् । ज्वाईहरुले कुकुर डाइने (नैरे) को लहरो र केराको डण्डी, सिरुको पात, क्ष्युउटा भन्ने रुखको पात, सानो हाँगा, पुवा, निगालोल प्ल्ह बनाउँछन् ।

क्ह्याप्रीले घरबाहिर टाँडीमा झुर्मा तथा ढ्याङ्ग्रो बजाउँदै गर्दा मृतकको प्रतिक लाई छोरी बुहारीले कपडा र गहना द्धारा सिंगार पटार गरी सजाउँछन् ।

महिला वा पुरुष जसको अर्घु (पय) गरेको छ सोही अनुरुप एक सरो कपडा सबै सोही अनुरुप राख्दछन् । त्यस पछि मात्र छोरी ज्वाईले लिन पाँउछन् । मृतकको फोटो प्रतिक ( प्ल्ह) मा राखिन्छ र विभिन्न गरगहना र पैसाको माला खादाले सिगारिन्छ । यदि आमावावु दुवैको एकैचोटी अर्घु गरेमा आमाको अस्तु दाहिने पट्टि र बुवाको अस्तु देव्रेपट्टि राखिन्छ । सानो मै मरेको बच्चाहरुको चाँही प्रतिक (प्ल्ह) बनाइदैन कुनै व्यक्तिको कुपोमा राख्ने गरिन्छ । जग्गेमा अस्तु राखे पछि मुलघरभित्र वाखा वा कुखुरा काटेर कुलको पुजा गरिन्छ । यसलाई गुरुङ्ग भाषामा “फैलु” भनिन्छ । यसरी काटिएको वाखाको टाउको सहित छाला काटेर निकालिन्छ । र त्यसलाई वेद मन्त्रले जपेर गुरुपुजा गरिसेकेको पज्युले टाउको समेत भएको वाखाको छालालाई दाँतले टोकेर झ्याली, ढ्याङ्ग्रो शंख घण्टी आदि बजाउँदै नाच्दछन् ।

पुरोहितहरुले आफ्नो पोशाक लगाएर वेदमा उल्लेखित सवै चीजहरु साथमा लिई घरभित्रबाट जग्गेसम्म आउँदछन् र सो वाख्राको छाला लिएर नाँच्दै अस्तुलाई ३ पटक परिक्रमा गर्दछन् । यो विधि समाप्त भएपछि त्यो छाला जग्गे भन्दा बाहिर लगेर फालिन्छ । अर्घुका सबभन्दा आकर्षक चरण ह्रिधेवालाई भनिन्छ । यो पनि दास्रो दिनमा गरिन्छ । मृतकको अन्त्येष्टिको वेलामा हात खुट्टाका नङ वा केराका टुक्राहरु राखिएको हुन्छ । मृतकको मृत्यु भएको धेरै समयवितेपछि अर्घु (पय) गरेमा अस्तुको नाममा कुखुराको चल्लाबाट अस्तु बनाउनु परम्परा छ । ह्रिधेवा कार्य चाहि क्ह्याप्रीले गरिन्छ ।

अर्घु (पय) भन्दा केही पर समथर स्थलमा जान्छन् । मृतकका सबै आफन्त र टोलछिमेकीले समेत सबै उपस्थित मानिस ह्रिधेवामा सहभागी हुन्छ । अस्तु दिन जाँदा पयघरको पूर्व दिशातिरका उपयुक्त खुल्ला स्थानमा अस्तु लिने कर्मका लागि तय गरिएको हुन्छ । अस्तु लिन जाँदा छोरीहरुले चुलु समात्छन् भने छोरोले धनुषबाण ज्वाईले एक माना चामल र चोखो पानी र गुन्द्री र कम्मल पनि लैजानु पर्दछ । ज्वाईहरुले अस्तु लिएर आएका हुन्छन् । पुरोहितहरुले उनीहरुको हातबाट अस्तु खोस्ने प्रयास गर्छन । यी ज्वाईहरुले सजिलै अस्तु क्ह्याप्रीलाई दिदैनन् ज्वाईले पुरोहितलाई गिजाएर नजिक जान्छन् पुरोहित समात्न आउँदा फेरी ज्वाई भाग्छन् । यही नै रोचक हुँदा यस धर्मको सार प्रतिकात्मक रुपमा राक्षसगणको अधीनमा रहेको मानिने मृतात्माको अस्तुलाई पुरोहितले विधिविधानद्धारा राक्षसगणलाई युद्धमा पराजित गरी अस्तु ल्याउने ज्वाईहरुका हातबाट खोस्छन् । निकैवेर पुरोहितले मन्त्र पढ्दै नाच्दै अस्तु ल्याउने व्यक्तिहरुसँग अनुरोध गरेपछि यो अस्तु प्राप्त गर्छन । अस्तु पाइसकेपछि ढ्याङ्ग्रो र झ्उर्मा बजाई नाच्दै गुन्द्रीमाथि कम्मल ओछ्याएको स्थानमा अस्तु राखेर इष्टमित्रबाट ल्याएको रोटी रक्सी र फुलमाला चढाउँछन् । मावलीले ल्याएको खाना अन्तिममा चढाईन्छ । त्यसपछि पुरोहितहरुले अस्तुलाई सम्मानपूर्वक अर्घु (पय) घरतर्फ लग्छन् । गाँउघरमा यो एउटा मनोरञ्जनात्मक तरिकाले प्रस्तुत गरिने हुँदा ठुलो सँख्यामा युवायुवतीहरु पनि भेला हुन्छन् ।

अस्तु ल्याई सकेपछि मृतकको स्मरण गर्दै उनको सम्मानमा उनको फोटोमा सबैले पालैपालो फुल चढाउने गर्छन । छ्याटुनाच्छन् । गोलाकार भई उभिएर नाच्ने नाचलाई छयाटुनाच भनिन्छ । यो नाच कम्तीमा २५ देखि ३० जना नाचिन्छ । उक्त नाचमा १० देखि १२ जना जतिले ठूल्ठूला ढोलक र झ्उर्मा बजाउने र ३/४ जना जतिले झ्याली बजाउने गर्छन । यो विधि मृतात्माको सुखशान्तिको निम्ति आराधना गरेर जीवलाई प्रेतात्माबाट मुक्त गराउने विधिबाट यो नाच सम्पन्न गर्ने गरिन्छ । सम्पन्न र प्रतिष्ठित व्यक्तिको अर्घु (पय) मा अन्य गाँउको छ्याउदु समूहहरु पनि आउने गर्छन । जति सम्पन्न र

नाम चलेको अर्घु (पय) भयो त्यती नै धेरै संख्यामा छ्याउदु टोली पनि हुन्छ । यो नाच गाँउकै गाँउलेहरुले गर्छन् । उनीहरुले नातेगार र चेलीवेटी सँग दक्षिणाको अपेक्षा गर्दछन् भने धेरै दान मुख्य कर्ताले नै गर्दछन् ।

दोस्रो दिनको राति नै सातो बोलाउने कार्य पज्युले गर्दछन् । सातो वोलाउने गर्नु अघि पुर्खालाई आह्वान गर्ने कार्य गरिन्छ । पोथी कुखुरालाई उधोमुन्टो पारी झुण्डाउछन् र पुरोहितहरुले शास्त्र पढ्न शुरु गर्छन । कुखुराले पखेटा चलाएर उड्न लागेपछि सातो आएको संकेत गरिन्छ । देवतामा लिन गराँउछन् । त्यस पछि त्यही राती ह्यो खुवा (सह बटुल्ने) काम गरिन्छ । यो कार्य पहिले घरका कर्ताहरु छोरा छोरी र आफन्त तथा अन्त्यमा मावली तथा माइतीले गर्छन । मृतक भएका पुर्खालाई पुकारिन्छ । पहिलो मुल पुर्खाबाट शुरु गरिन्थ्यो भने सातो बोलाउदा मृतक भन्दा अघि मृत्यु भएको व्यक्तिबाट सुरु गरी मुल पुर्खालाई आह्वान गरी मृतकको सातोलाई आत्मा उपस्थित गराउँछ । एकजनाको मात्र अर्घु ( पय) हो भने एकटक र धेरै जना छ भने पटक पटक गरेर सबै मृतकलाई सातो बोलाउँछन् ।

**तेस्रो दिन**

यो अर्घु (पय) को अन्तिम दिन हो यस दिन गाँउलेलाई भात खुवाउने (टहोकै पिंवा) विहान सबेरै छारीहरुले पितृको नाममा दानको रुपमा खाना बाड्छन् रातभरि जागा बसेर उज्यालो हुने बेलामा मृतकको तीन पुस्ता भित्रका जीवित परिवारको प्रत्येक घरको वालक देखि बृद्धसम्मको नाम पुकारी गाउँलेलाई भात खुवाइन्छ । तेस्रो दिनमा नै विहान सबेरै देखी सेर्गा नाच्ने गरिन्छ । यसमा पुरोहित पज्युहरुले मृतात्मालाई मार्ग बताउँदै तिब्बत पार गरी कोकोनोट तालबाट उडाएर खेनास पुर्खाहरु बसोबास गर्ने स्थानमा पुऱ्याई पुर्खा सँग लिन गराइन्छ । यो सेर्गा गाँउदा पज्युहरुको दुई समूह हुन्छ । उनीहरुले पालैपालो वेद पढेर सेर्गा गाँउछन् । गुरुङ्ग भाषा बुझेको र ध्यान दिएर सुन्ने व्यक्तिले बुझ्न सकिन्छ कि उनीहरुले के के भनेर आत्मालाई फकाएर बाटो देखाएको केही मान्छेहरु सेर्गा गाएको सुन्दा रुन्छन् । उनीहरुको त्यो गीतले मन छुन्छ । यसमा मृतकको छोरी, बुहारी, बहिनी, दिदीहरु सहभागी हुन्छन् । सेर्गा गाँउदै मृतकको प्रतिक (प्लह) घुम्छन् । सेर्गा गाँउदा करिब सात बजे देखि साझ ३/४ बजेसम्म नाच्ने गरिन्छ । सेर्गा गाँउदा मृतकको स्वजनहरु, भाइखलक, मावली, छोरी ज्वाईको सहभागिता हुदै जान्छन् यसमा दिनभरि विभिन्न कथा र मृतकको पूर्ण विवरण दिने चलन छ । जीवनमा भोगेको कुरा उसको प्रशंसा गर्ने तिमी मरिसक्यो तिम्रो यहाँ ठाँउ छैन तिमी स्वर्गमा वास गर भनि उसलाई मरेको अनुभुति गराउने आदि आदि ।

अर्को एउटा महत्वपूर्ण चलन यो पज्यु क्ह्याप्रीको मात्र हुन्छ जसलाई क्होक्यु (अङ्ग भैँडा) र थु क्यु ( साथी भैँडा) भैँडाहरुलाई सुन चाँदीको पानीले मन्साई मृतकको आफन्तले मृतकको आत्मा सम्झी उसलाई मनपर्ने परिकारहरु खुवाउँछन् । मृतक पुरुष भएमा आत्मा भैँडा र महिला भएको भैँडी बनाउँछन् । भैँडा भैँडीलाई खुवाउने कर्मलाई क्युतहोव भैँडा मन्सने पाठ वाचन गर्ने) भनिन्छ । अर्घुघरको आँगनमा आफन्तले ल्याएका विभिन्न प्रचारका खानाका परिकार फलफूल आदि मृतकको रुपमा भैँडालाई खुवाउन फिँजाएर राखिन्छ । त्यहाँ फिँजाइएका खानाको बीचमा मृतकको प्रतिक स्वरुप मन्सिएको भैँडा छोडिन्छन् । भैँडा आफूले मन परेका प्रसाद छानी छानी खान्छन् तिनीहरुले खाएको बस्तु मृतकले पाँउछ भन्ने जनविश्वास छ । अनौठो रुपले ती भैँडाभैँडी जीवित अवस्थामा मृतकले जे त्यही खाद्यवस्तु रोजी रोजी खाएको र आफूले मन परेको व्यक्तिले ल्याएको पनि खान्छन् भन्ने धेरैले विश्वास गर्छन् । यस प्रसादको रुपमा खुवाउने खाद्यवस्तुलाई “चुलु” भनिन्छ र त्यसपछि त्यो भैँडाभैँडीहरुलाई काट्छन् तर उनीहरुको पेटमा अघि खाएको केही हुदैन भनिन्छ र त्यो मृतकले खाएको विश्वास गरिन्छ ।

प्ले क्रेवा भनेका मृतकको प्रतिकको रुपमा पाएको भैँडालाई मन्त्र पढी अक्षता र चोखो पानीले छ्यापी मन्साउने कामलाई प्ले क्रेवा भनिन्छ । भैँडाभैँडी सजिलै सङ्केतको रुपमा लिइन्छ । भैँडाभैँडी मन्सिन गाह्रो भएमा मृतक परिवारबाट असन्तुष्टि भएको अनुमान गर्ने गरिन्छ । प्ले क्रेवा गर्दा ग्हो क्यु ( मृतकको प्रतिक भैँडा) र थुक्यु (साथी भैँडा) प्ल (प्रतिक) को नजिक वाँधिन्छ । भैँडा (ग्हो क्यु) चोयाले प्रतिकमा (प्ल) मा बाधिन्छ । मृतकको आत्मालाई प्रतिक (प्ल) वाट मृतकको आत्मरुची भैँडामा सार्ने यस कर्मको उद्देश्य हो । अर्को मुल उद्देश्य मृतकले तमु भाषामा घ्यो भनिने सह लगेर नजाओस भन्ने हो । क्ह्याप्रीले पालैपालो भैँडा मन्साउँछन् । भैँडाको रौ तानेर कपालमा लगाइन्छ । यस पुजामा प्रयोग गरेको चामल घरपरिवारले मात्र पकाएर खाने चलन छ ।

यी सबै विधि गरिसकेपछि अर्घु (पय) सेलाउने विधि अपनाउदा जसमा पुराना नयाँ पितृहरुलाई सम्झेर आफ्नो पितृहरुमा सामेल गराउछन् भन्ने शास्त्रमा पढिन्छ । अर्घु (पय) विसर्जन गर्दा पनि साइत हेरिन्छ साइत अनुसार छोरीहरुले नैवेद्यहरु बोकिन्छ भने छोराहरुले तारो हान्छन् । तारो लागे पछि वाटो खुलेको सन्देश पाइन्छ र अर्घु (पय) घर देखि पश्चिम खुल्ला ठाँउमा लगेर विसर्जन गरिन्छ । छोराहरुले कपाल खौरीन्छन र नयाँ टोपी लगाउछन् । छोरीहरु हातखुट्टा धोई, कपाल बाँधी, मजेत्रो ओढाई स्याई स्याइ भनी अर्घु (पय) घरतिर फर्कन्छन् ।

**चोख्याउने (स्याई स्याई गर्ने )**

अर्घु (पय) विसर्जन गर्नासाथ दोष दोषाले फाली सुन पानीले अभिषेक  गरेपछि शुद्धिकरण भएको मानिन्छ । अर्घु (पय) विसर्जन गरी घर फर्केपछि पज्युले प्रेहर्ग गर्छ । मावलीले कर्ता र कर्ताको भाइखलकलाई पछ्यौरी फेटा दिएर टिका लगाई जुठो फुकाइन्छ भने कर्ताले पनि मावलीलाई धन्यवाद स्वरुप पछ्यौरी, फेटाहरु दिएर अर्घु (पय) कार्यमा मावलीलाई खर्च गरेको दस्तुर भन्दा दोब्बर बनाएर दान गर्छन भने कोही कोहीले सुनको औंठी पनि लगाई दिने चलन छ भने छोरी ज्वाई लाई पनि कर्ताले अर्घु(पय) सफल पारेको भन्दै फेटा पछ्यौरी ओड्याएर दक्षिणा दान गर्छन र मृतकको सम्झनामा उसले प्रयोग हुने ओड्ने ओछयाउने देखि लिएर कपडा भाँडा कुँडा सबै छोरी ज्वाईलाई दान गर्दछन ।

**लामा बौद्ध धर्म अनुसारको मृत्यु सँस्कार**

लामा बौद्ध धर्मको दार्शनिक सिद्धान्त अनुसार मानिसको भौतिक शरीरको मृत्युभएतापनि उसको सुक्ष्म शरीरको भने मृत्यु भएको हुदैन । भौतिक शरीर भनेको हाडमासु र रगत वाट बनेको शरीर हो भने सुक्ष्म शरीर भनेको त्यो भौतिक शरीरभित्र रहने चेतना हो । त्यही चेतनाले आफ्ना संस्कार अनुसार विभिन्न स्थुल शरीर धारण गर्छ भनिन्छ । (हेमा थकाली गुरुङ्ग)

स्थुल शरीर मृत्यु भएतापनि तिन दिनसम्म मुर्छित अवस्थामा रहन्छन् भन्ने बौद्ध धर्ममा आस्था हुनेहरु विश्वास राख्छन् । त्यसै गरी 'फ्हर्दो' अवधारण लामा बौद्ध धर्मको मृत्यु संस्कार सम्बन्धी प्रमुख विशेषता हो ।

बुद्धधर्म अनुसार दोस्रो जन्ममा विश्वास गर्दछन् । यस जन्मबाट बिदा लिइसकेपछि ४९ दिन भित्र उसले यस जन्ममा गरेको धर्म कार्य अनुसार फल स्वरुप अर्को जन्म लिएको हुन्छ । विचमा मृतकको नाममा दान दक्षिणा पाठपुजा गरिने चलन छ । विभिन्न पुस्तक र अनुभवी व्यक्तिहरुबाट सोध्दा बुद्धधर्म आफ्नो नभएतापनि चलि आएको चलनलाई आत्मासात गरेको भेटिन्छ । भने कुने कुनै व्यक्तिहरुले चाँहि गुरुङ्गहरुको धर्म बौद्ध हो पनि भनेको छन् । यस धर्म अनुसार अर्घु (पय) मा पनि विविधता पाइन्छ । १) च्याम्बर टुन्डा २) एक राते अर्घु (पय) ३) तिन राते अर्घु (पय)

फोवा गर्ने : लामा बौद्ध धर्मको सिद्धान्त अनुसार मृतकको चेतन र अचेतन गरी दुई किसिमको आत्माको अवस्था हुन्छ । मृतकको स्थुल शरीर र चेतना शरीर गरिन्छ । फोवा भनेको मृतकको विभिन्न अंगबाट प्राण त्यागिन्छ सबभन्दा हाम्रो तालुबाट मानिन्छ । मृतकलाई वरपरका देवी देवता भुतप्रेत

आदिले स्वर्ग जाने बोटो नरोकुन भनेर कैदु (भातको तार्मा) बनाई मंगल पाठ वाचन गरिन्छ । यस कर्मलाई प्ल्हधुर भनिन्छ । जौं, उवा, गहुँको गहुँको सातुमा दुध र चिनी मिलाएर आहु मन्त्र पढी सातुलाई आगोमा अर्पण गर्ने गरिन्छ । मृतकको मुखमा सानो सुन चाँदि वा धातु छोटिएको पानी मृतकको मुखमा राखिन्छ ।

मानिसको मृत्यु भएपछि उसको चेतन मनलाई संसारबाट छुटाउने कार्यलाई थेडल/समेटल भनिन्छ । लामाले मृतकले गरेको धर्मको फल मृत्यु पश्चात पाँउछ भन्ने विश्वास गरिन्छ । शुन्यताबाट नै जगतको सृष्टि भएको हुन्छ र अन्य अवस्थामा शुन्यमा गएर सबै लीन हुन्छन् भन्ने धारणाबाट अभिप्रेरित भएर शुन्यताको अटल ज्ञान दिएपछि त्हुन्डा वा सातौ दिनमा वा तेह्रो दिनमा दिवङ्गत् व्यक्तिको उक्त ज्याङपारलाई नष्ट गर्ने गरिन्छ । मृतकको मृत्यु भएको ४९ दिनसम्म त्हुन्डा वा सात, सात दिनमा सात पटक सम्म पुजा लगाएपछि दिवङगत् व्यक्तिको आत्मा भाव चक्रमा आवश्यकता पर्दैन । उसको जन्म र मृत्यु हुने क्रमको अन्त हुन्छ ।

स्याक्सुम मृतकको मृत्यु भएको तीन दिनपछि गरिने संस्कार हो । जसलाई (स्याक्सुम) भनिन्छ । यो तिब्बती भाषा हो जसको अर्थ स्याफको अर्थ दिन र सुमको अर्थ तीन हो । मानिसको मृत्यु भएपछि लामाहरुले फ्दीं थोडल भन्ने पुस्तकबाचन गर्ने गरिन्छ । यो पुस्तक वाचन गरेर मृतकको स्वर्ग जाने यात्रामा परिआएको अवरोध हटाउन सहयोग गर्ने दुःख त्रासदीय भावनाबाट मुक्त हुन सहयोग गरिन्छ ।

**ज्याङपर गर्ने** : ज्याङ भनेको पवित्र र पर भनेको प्रतिक वा चित्र हो । मानिसको मृत्यु दिन जुनसंस्कार गरिन्छ । त्यो केबल स्थूल शरिर मृत्यु भएको तीन दिनमा मुर्छिन अवस्थामा रहेको सुक्ष्म शरीर जाग्छ । त्यसैले चौथोदिनमा ज्याङपर खडा गर्ने गरिन्छ । ज्याङपर भन्नाले दिवङ्गत व्यक्तिको पवित्र चित्र भन्ने बुझिन्छ । ज्याङपर ज्ञान दिएको सातौ वा तेह्रौ दिनमा दिवङ्गत् व्यक्तिको उक्त ज्याङ्पटलाई नष्ट गर्ने गरिन्छ ।

**फ्हुनटा सप्ताह** : फ्हुन भनेको साल र फ्हुन्टा भनेको सप्ताह वा सातदिने पुजा गर्ने गरिन्छ । यी फुपाहरुमा मृतकका मात्र नभई उनको परिवारको मंगल होस भन्ने कामना गर्ने विप्च्यु सिर्कु गर्ने तिब्बती भाषामा सिप्च्यु सिर्कू भनेको ४९ दिन हो । लामा बौद्ध धर्मको फ्दों अवधारणाले मानिसको मृत्यु भएको ४९ दिनको अवधि भित्र उनले यस जन्ममा गरेको धर्मको पाप पुण्यको फलको आधारमा अर्को जन्म लिन्छ भन्ने विश्वास गर्ने उसको आत्माको शान्तिको लागि १०८ देखि १००० बत्ति बाल्ने

गरिन्छ । ४९ दिनमा आत्माको चिरशान्तिको कामना गरेर बत्ति बालेर सो दिन मृत्यु संस्कार समापन गर्दछन् ।

**मृत्यु भएको सन्देश**

मानिसको मृत्यु हुनासाथ भौतिक शरिर विसर्जनका लागि आफ्नो दाजुभाई छोरीज्वाई लगायत आफन्त माइती वा मावली टोलछिमेकी सम्पूर्ण लाई खवर गरिन्छ । मृतकलाई उत्तर दिशा तिर टाउको फर्काएर सेतो कपडाले छोपेर राखिन्छ । मृतकको कपडाहरु फेरिदिने र गहनाहरु छ भने झिकी दिने गरिन्छ । एक माना चामल र धुपवत्ति बालेर सिरानीमा राखिन्छ ।

**शवयात्रा**

शवयात्राको अगाडि भाईखलकले आएर शव राखेर लाने सातवटा हरियो बाँसले खट बनाउँछ । शवलाई त्यसमा बाधेर लैजान्छन् भने छोरीहरुले शबको अगाडि लावा, पैसा, छर्दै हिड्छन् ।

**दाहसँस्कार :**

शव चिहानमा पुऱ्याई चितामा आगो दिइन्छ भने छोराहरुले कपाल खौरेर आउँछन् ।

**नुहाई धुवाई गर्ने** : छोराहरुले नुहाएर धोती रुमाल मात्र लगाउँछन् दागवत्ती दिने व्यक्तिहरु उत्तर पट्टि फर्केर नुहाँउछन् । दागबत्ती दिने र किरिया बस्ने व्यक्तिहरु कसैले नछुने गरी बस्छन् । उनीहरु सिलाएको लुगा पनि लगाउदैनन् । मलामीलाई चोखो पानीले अभिशेष गरेर चोखिने गर्छन ।

**किरिया वस्ने**

घरमा पुगेपछि किरिया बस्नेहरु कसैले नछुने गरी चोखो भएर बस्छन् यस दिन देखि तेह्र दिनसम्म किरिया पुत्रीले आफ्नो खाना आफै पकाएर खाने गर्छन । यसलाई ठाडो किरिया पनि भनिन्छ । किरिया बस्नेहरु सेतो धोती रुमाल र पछौरी मात्र लगाएर चोखो बस्छन् ।

दसौ देखि तेह्रौ दिनमा गरिने कार्यहरु दशौ, एघारौ, तेह्रौ दिनमा शुद्धिकरणका लागि मृतकको मोक्ष मिलोस भनेर विभिन्न किसिमका कर्महरु गरिन्छ । तेह्रौ दिनमा किरिया बस्ने व्यक्तिहरुमा साथै परिवारका अन्य सदस्यहरुका साथै दाजुभाइको परिवारलाई समेत अभिषेक गरी चोख्याउने गरिन्छ ।

लामा विधि अनुसरा पनि अर्घु (पय) गरिन्छ । तर लामाहरुले यसलाई अर्घु (पय) भनिदैन उनीहरुले मृत्यु कार्य वा मृत्यु संस्कारलाई पितृ कार्य मात्र भन्ने गर्छन् भने गुरुङ्गहरुको बोली चालीको भाषामा अर्घु ( पय) नै भनिन्छ ।

अर्घु (पय) गर्दा लामाहरु र लामा + पज्यु पनि राख्ने चलन छ । यसमा वोनधर्मको तिनराते अर्घु जस्तै आस्यों, छोरीज्वाई इष्टमित्र सबै आमन्त्रित हुन्छ । पहिले पहिले लामाले गर्ने अर्घु (पय) मा पनि काटमार गरिन्थ्यो भने अहिले त्यो छोडिसकेको पाइन्छ भने केहीले (पाउना भात) भनेर अन्तिम दिनमा मासु खुवाउने चलन यद्दपी छ ।

लामा विधि अनुसार पनि तिन राते अर्घु गरिन्छ । यसमा उनीहरुले विभिन्न वेदहरु पढ्छन् जसले गर्दा मृत आत्मालाई शान्ति र स्वर्गजाने वाटो खुलाइ दिने विश्वास गरिन्छ । लामा र पज्यु भएको अर्घु (पय) मा र केही लामाले मात्र गर्ने अर्घुमा ह्विदेवा पनि गर्ने गरिएकोमा भोलि लामाहरुले ह्विदेवा गर्दैनन् । केही लामाहरुको अर्घुमा मृतकको प्रतिमा (प्ल्ह) पनि बनाउँदैनन् र मृतकको फोटोमा खादा र ठाडो बत्ति मात्र बालेको देखिन्छ । कुल अनुसार गुरुङ्गको लामा गुरु, स्थान अनुसार लामाको अर्घु (पय)गर्ने तरिका भिन्दा भिन्दै हुन्छन । लामा लामा पनि अर्घु (पय) गर्ने विधिमा र शास्त्रमा विवाद पाइन्छ । लामाले गर्ने अर्घुमा पनि अन्तिम दिनमा आस्यों, छोरी ज्वाँई उम्काउने, टिकाटालो गर्ने कार्यहरु हुन्छन् । त्यसैले लामा अर्घु(पय) मा एकरुपता र मौलिकता छैन ।

प्रकृतिको नियम र सार्वजनिक धर्म सत्यमा आधारित हुन्छ भने धार्मिक विश्वास र लोक संस्कृतिका मान्यताहरु भिन्न भिन्दै हुन्छन् । समय, काल, परिस्थिति, भूराजनीतिक, सामाजिक, धार्मिक कारणले गर्दा अन्य समुदायका मानिसहरु जस्तै ठाँउ ठाँउका गुरुङ्गहरुको संस्कारहरु पनि फरक फरक हुँदै गएको देखिन्छ । अन्य जातिलाई झै यस जातिमा छिमेकीहरुले मान्ने गरेको धर्म संस्कृतिको प्रभाव पनि परेको छ । मिश्रित संस्कार हुदै गएको तमुहरुको मृत्यु संस्कार सम्पन्न गर्ने विधि विधान सामान्य फरक भएतापनि संस्कारको मुल उद्देश्यहरु एकै देखिन्छ ।

**च्याम्वर टुन्डा**

लामाहरुबाट मात्र सम्पन्न गरिने अर्घु(पय)लाई च्याम्वर टुन्डा भनिन्छ । च्याम्वर टुन्डा पनि एक राते र तीन राते दुवै किसिमको हुन्छ । लामा पुरोहितले मात्र अर्घु (पय) गर्ने गुरुङहरुलाई आफ्नो परम्परागत मौलिक वोन संस्कृति छाड्यो भन्ने आरोप लगाइन्छ । तर काटमार नहुने छिटो छरितो साथै खर्च पनि ज्यादै कम हुने हुनाले च्याम्बर टुन्डा ज्यादै लोकप्रिय हुँदै आएको छ । लामाले गरेका यी अर्घु (पय) हरुमा के विधि अपनाइएको छ थाहा हुँदैन त्यति खर्च पनि हुदैन ।

# अध्याय सात

## निष्कर्ष र सुझाव

### ७.१ सुझाव

प्रस्तुत शोधपत्र "गुरुङ्ग जातिको मृत्यु संस्कार र अर्घु (पय) मा भएको विविधता" को अवस्था सम्बन्धि गण्डकी अञ्चलको विभिन्न तिन जिल्ला स्याङ्जा फेदीखोला कुविन्डे, कास्की जिल्ला लेखनाथ नगरपालिका सैनिकवस्ती मौजलीटोल र तनँहु जिल्ला शुक्ल गण्डकी नगरपालिका, कोत्रेवजार बसोबास गर्ने गुरुङ्गहरुको मृत्यु संस्कार सम्बन्धि विविधताको अध्ययन गरिएको हो । किन भने यस गुरुङ्ग जातिमा गरिने पितृकार्यमा गुरुङ्ग थर स्थान अनुसार अर्घु (पय) फरक फरक तरिकाले गरिने हुँदा यस कार्यमा विविधता पाइयो ।

यस अध्ययन क्षेत्रमा बसोवास गर्ने गुरुङ्ग जातिहरु र गुरुङ्गहरुको पितृकार्यमा गरिने अर्घु (पय) संस्कारको विविधताको बारेमा हालसम्म कुनै पनि अध्ययन र अनुसन्धान नगरिएको कारणले र म आफै गुरुङ्ग भएको र मलाई पनि यो अर्घु (पय) मा पनि विविधता छ अर्थात बाबाको घरतिरजुन विधि र तरिकाले अर्घु (पय) गर्छन, आमाको माइत तिर फेरि अर्को किसिमले गर्दा रहेछन् । त्यसैकारणले मलाई पनि चासोको विषय भएका कारणले गर्दा गुरुङ्गहरुको अर्घु (पय) को बारेमा जान्न र बुझ्न सजिलो होस भन्नुका साथै यी जातिहरुको बारेमा भविष्यमा थप अध्यनन अनुसन्धान र खोज गर्नुपरेमा केही मद्दत पुगोस् भन्ने हेतुले यो शोधपत्र तयार पारेको छु ।

यस अध्ययनबाट गुरुङ्ग तमु हरुको वास्तविक उद्गम स्थल कहाँ हो भन्ने कुरा प्रष्ट पारिएको छ । जसमा उनीहरु त्यहाँका रैथाने अथवा सबभन्दा पुराना वासिन्दा हुन् । यस अध्ययन क्षेत्रको गुरुङ्ग जातिहरुको सामाजिक संस्कार, उदगम्स्थल, नामाकरण, सामान्य परिचय र अर्घु (पय) मा भएको विविधताको बारेमा अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रको गुरुङ्ग जातिहरुको उल्लेखित अवस्थाहरु थाहा पाउनको लागि तल उल्लेखित तथ्याङ्क संकलन विधि अवलम्बन गरिएको छ । अध्ययन क्षेत्रको जातिहरुका सामाजिक सांस्कृतिक विविधता अवस्था थाहा पाउनको लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । नमुना छनोट विधि प्रयोग भएको छ । गुरुङ्ग जातिहरुको बारेमा स्वदेशी तथा विदेशी अनुसन्धान कर्ताहरुले अध्ययन अनुसन्धान गरेको पाइयो तर गुरुङ्गहरुको समाजशास्त्रीय दृष्टिकोण्बाट अर्घु (पय) मा भएको विविधताको अध्ययन र किताबहरु पनि त्यति लेखिएको भेटिएन र

यस अध्ययन क्षेत्रको सामाजिक र सांस्कृतिक पक्षमा विभिन्न तत्वले गर्दा विस्तारै अन्य धर्म, बसाईसराई आदिको प्रभाव पर्दै गएको यस अध्ययनले देखियो ।

नेपालले अवलम्बन गरेको खुला बैदेशिक नीतिको साथसाथै भित्रिएको आधुनिकीकरण र पश्चिमीकरणको साथसाथै विश्वव्यापीकरणको कारणबाट नेपालमा पनि आफ्नो मौलिक संस्कृति, भाषा, रहनसहन, रितिरीवाज र परम्पराहरु लोप हुँदै जाने अवस्थामा पुगेको देखिन्छ । यसको संरक्षणको लागि आ-आफ्नो पक्षहरुलाई संरक्षण र सम्बर्द्धन गर्न आवश्यक देखिन्छ ।

यस अध्ययन क्षेत्रको छनोटको लागि तिन जिल्लाको २०/२० वटा गरी ६० जना गुरुङ्ग घरधुरी र परिवारका एकजना मुख्य सदस्यहरुलाई अध्ययन संलग्नता गरेको छु ।

गुरुङ्ग जातिहरुको मुख्य धर्म वोनधर्म भएता पनि धेरै गुरुङ्गहरुले बुद्ध धर्म नै प्रमुख मान्दै आएको देखिन्छ । साथै गुरुङ्ग जातिहरुको मुख्य धर्म हिन्दु हो भन्ने केहि गुरुङ्गहरु पनि भेटियो । यस क्षेत्रहरुमा बसोबास गर्ने गुरुङ्ग जातिहरुलाई धेरै कुराले प्रभाव पारेको पाइन्छ विशेष गरि बुद्धधर्म र हिन्दुधर्म हरुबाट प्रभावित भएको पाइयो । यस क्षेत्रका गुरुङ्गहरु तिब्बतबाट अन्नपूर्ण हिमशृङ्खलाको विभिन्न स्थानबाट नेपाल भित्रिएको भनाई र किताबमा प्रा.डा. जगमान गुरुङ्ग, नारायण लम्मे गुरुङ्ग, हेमा थकाली (गुरुङ्ग) बाट पनि पाइयो । कसैले दशैमा टिका लगाउँछन् भने कसैले लगाउँदैनन् । हरेक चिज परिवर्तनशील छ । समयको गतिसँगै विश्वव्यापीकरण र अन्य कारणले परिवर्तन हुन्छ । गुरुङ्ग जातिको रहनसहन रितिरिवाज धर्म संस्कृति परम्परा सामाजिक मुल्यमान्यतामा पनि केही हदसम्म परिवर्तन आएको भेटियो ।

कुविन्डे भञ्ज्याङ, मौजीटोल, र कोत्रेवजारको गुरुङ्गहरुका अध्ययन अनुसार केहि हिन्दु धर्म र केही बुद्ध धर्म हुन भनिन्छ । भने वोनधर्म भन्ने कसैलाई थाहा पनि छैन यो सबै हिन्दु धर्म र बुद्धधर्मको प्रभाव हो ।

गुरुङ्गहरु बोन धर्म मान्थे उनीहरु प्रकृति पुजारी हो भनि यसको प्रमाण अझै पनि देख्न सकिन्छ । जस्तै सिलद्रो नालदो, देवी देउराली पुजा, भएँर पुजा, गौडु पुजा, जीववाट गर्ने आदि । पे ताँ ल्हु ताँको अनुसार गुरुङ्गहरुको परम्परागत पुरोहित पज्यु क्ह्रयाप्री र बोन लामा मात्र हो भन्ने पाइयो ।

अर्घुको विकासक्रम विभिन्न किसिमले भएको पाइयो ।

यो (पय) करगली क्ह्याला सँग सम्बन्धीत रहेका ।

पला पय ड्हि पला सँग सम्बन्धीत

ह्रि पय (पानउरी क्हला) सम्बन्धीत

खि पय (कुकर सँग सम्बन्धीत )

क्याँ पय (बाटो सँग सम्बन्धीत)

यिनीहरु मिलेर तिनराते अर्घु (पय) र एक राते अर्घु (पय) को विकास भएको पाइयो ।

छ्याटु र सेर्गा नाच गुरुङ्गहरुको पितृकार्य अर्घु (पय) मा मात्र नाचिने नाच हो ।

स्याई स्याई दुई तरिकाबाट गरिन्छ । स्याई स्याई पैसा र जिन्सी दुई किसिमबाट गरिन्छ जसले कर्तालाई आर्थिक रुपमा धेरै थोरै सहयोग पुग्दछ ।

शहरीकरण  र आधुनिकीकरण कारणले गर्दा पनि मृत्यु संस्कार र अर्घु (पय) मा परिवर्तन आएको पाइन्छ ।

अर्घु (पय) द्वारा मृतात्मा शान्ति र स्वर्गमा वास हुन्छ भनि विश्वास गरेको पाइन्छ ।

ठाँउ अनुसार अर्घु (पय) एकराते तिन राते र चेम्वर टुन्डा गरिदौं रहेछ ।

कुविन्डेका ९०% गुरुङ्गहरु लामा प्रयोग गर्दा रहेछन् भने २% मात्र पज्यु क्ह्यापीले अर्घु (पय) गर्दा रहेछन् भने मैजलीटोलमा ८०% लामा र ४०% पज्यु क्ह्यापी पुरोहित प्रयोग गर्दा रहेछन् भने कोत्रे बजारमा पज्यु क्ह्यापी र लामा ७५% र २५% प्रयोग गर्दा रहेछन् ।

गुरुङ्ग जातिको अर्घु (पय) मा सबै ज्वाईछोरी, आस्यों, छोरा, भाइखलक सबैको भूमिका हुँदा सबै नातेदारहरुमा अपनत्वपनको आभाष भएको पाइयो ।

अर्घु (पय) मा देखावटी र महंगाईको मारमा परेको ५०% को भनाइ छ । यसमा दानदक्षिणा, खानपिन, सरसामान आदि पर्दछन् ।

गुरुङ्ग समुदायमा पनि सामान्य परिवारका मानिसहरु अर्घु(पय) गर्न नसक्ने बताउछन् । उनीहरु त्यसकारणले वासी अर्घु(पय) गर्दा रहेछन् भने धेरै जसो लामा विधि पछ्याएको कारण पनि यहि रहेको पाइयो ।

**निष्कर्ष**

परम्परागत संस्कृति अनुसार गुरुङ्गहरुको संस्कृति वोन संस्कृति भएको पाइयो । जुन पे ताँ ल्हु ताँ मा पनि भेट्न सकिन्छ । विभिन्न कारणले गर्दा गुरुङ्गहरुको संस्कृतिमा परिवर्तन भए पनि वर्तमान परिवेशमा आदिवासी जनजातिको जातिय भाषा, संस्कृति, भेषभुषा संरक्षणको लागि विभिन्न संघ संस्थाहरु स्थापना भएको पाइन्छ । जस्तै : तमु धिँ पोखरा, तमु बौद्ध सेवा सदन, अनामनगर, काठमाण्डौ, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, ललितपुर, तमु ह्युल छोंज धिँ गोंगबु, काठमाडौँ ।

गण्डकी अञ्चलका विभिन्न तीन जिल्लामा गरिएका अध्ययन अनुसार हरेक ठाँउमा बसाईसराई आधुनिकीकरणका तत्वहरुले असर पारिरहेको देखिन्छ । मृत्युसँस्कार अर्घु(पय) मा सकारात्मक र नकारात्मक दुवै पक्षहरु देखियो ।

सामुहिकरुपमा र व्यक्तिगत रुपमा गरिने यो अर्घु(पय) मा भाइखलक, छरछिमेकी, नातेदार, इष्टमित्र सबैको सहभागिता पाइयो । यस्तो कार्यमा नवोलाए पनि चिनेजानेको व्यक्तिहरु पनि उपस्थित हुने गरेको पाइयो ।

यो अध्ययनमा गुरुङ्गहरुको मृत्युसंस्कार र अर्घु(पय) को वारेमा गुरुङ्ग समुदायको पछिल्लो पिंढीहरुलाई प्रसस्त जानकारी नभएको पाइयो । गुरुङ्गहरुको पुरानो परम्परागत धर्म बोनधर्म भएता पनि हाल आएर बुद्धधर्म मिसिएको पाइन्छ । केही मात्रामा हिन्दुधर्मको प्रभाव पनि परेको भेटियो ।

गुरुङ्गहरुको मृत्यु सँस्कारमा विगतको अर्घु(पय) र अहिलेको अर्घु(पय) मा धेरै फरक पाइयो तर यस्तो परिवर्तन वा फरक पुरोहितहरुले गर्ने विधिमा भन्दा पनि कर्ताहरुका कृयाकलापहरुमा धेरै परिवर्तन आएको भेटियो ।

सामाजिक संस्कृतिहरुलाई आधुनिकीकरण, शहरीकरण, बसाईसराई, रोजगारी, पश्चिमीकरण जस्ता तत्वले धेरै परिवर्तन ल्याएको पाइयो ।

मैले गरेका अध्ययनको शिर्षक अनुसार विविधता किन भएको होला भन्दा केही कुरा शास्त्र अनुसार नै रहेछ । पछिल्लो समयमा पज्यु क्ह्याप्री को सट्टामा लामा प्रयोग बढ्दो क्रममा रहेको पाइयो भने पुरानो बोन धर्म अनुसार गरिने अर्घु(पय) मा खासै परिवर्तन नभएको र बोन धर्म अनुसार अर्घु(पय)गर्ने गरेका गुरुङ्ग समुदायहरुले पछिल्लो समय तिब्बतियन लामा प्रयोग गरि चेम्बर ट्हुन्डा, एकराते अर्घु(पय) र तिन राते अर्घु(पय) गर्ने गरेको भेटियो । परम्परागत बोनधर्म अनुसार गरिने अर्घु(पय) हरुमा हिजोआज सम्म पनि पशुपंक्षी बली दिने या चढाउने प्रथा अद्यापी रहेको पाइन्छ भने लामा पुरोहितहरुले पनि पहिले काटमार गर्ने गरेको भएता पनि बुद्ध धर्मको प्रभाव विस्तार हुदै जादा काटमार गर्न छाडेको पाइयो ।

यसरी साराशंमा भन्नुपर्दा गुरुङ्गहरुको परम्परागत मृत्यु संस्कारमा समयक्रम अनुसार अझै विविधता र भिन्नता बढिरहेको पाइयो ।